ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक



किरण पुस्तकालय

तम्घास, गुल्मी

# धुर्कोट गाउँपालिकामा रहेका केही दर्शनीय स्थलहरू



धुर्कोट कोट



धुर्कोट कोटको पूर्वी भाग



विचित्र गुफाको बाहिरी भाग



धुर्कोट गाउँपालिकामा अवस्थित ढुङ्गे बगैंचा



धुर्कोट गाउँपालिकाको एक विद्यालय

# हाम्रो पुरुषार्थ
(त्रैमासिक)

❑ वर्ष : ४९ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : ९२ ❑ कातिक-पुस, २०७८

**सम्पादक**
शशि पन्थी

**सह–सम्पादक**
दीन पन्थी

**सहायक सम्पादक**
भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**
गोपाल पन्थी
राधा पन्थी
हिमकला राना
ईश्वर वि.क.

**किरण पुस्तकालय**
तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९७४७००२०७९
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

मूल्य : रु.१००/-

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

ऐतिहासिक धुर्कोट कोट र दरबार परिसर

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ०१-४८२०२२१

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्गलोङ्ग, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

**हरिनारायण सापकोटा**
७१९-सेमेका एभेन्यू, १ आर, रिजबुड, क्वीन्स, जिप्कोड-११३८५, न्यूयोर्क, अमेरिका
फोन नं. १-३४७-५१०-२७७१

सम्पादकीय

# भवतु सब्ब मंगलम्

- यी आकाश, सूर्य, चन्द्र, पृथ्वी, वायु, जल जो हामीले बनाएनौं । यी पर्वत, मैदान, सागर, जीव, वनस्पति जो हामीले बनाएनौं । मान्छेका मनहरू, सहजात वासनाहरू जो हामीले बनाएनौं । कसले बनायो यिनलाई ? हामी भन्छौं प्रकृतिले । यी उपहार हुन्-प्रकृतिका हामीलाई । यी वरदान हुन्–विधाताका हामीलाई ।

- प्रकृति स्वयंभू छन् । मान्छेले प्रकृतिलाई गिजोल्छ र भन्छ–म स्रष्टा हुँ । मान्छेले प्रकृतिलाई संस्कृति र विकृतिमा बदल्छ । प्रकृतिलाई सुधार्दा संस्कृति बन्छ, प्रकृतिलाई बिगार्दा विकृति बन्छ । संस्कृति समाजका शुभसंस्कारहरूको सार हो । जौबाट पवित्र प्रसाद पनि बन्छ, अपवित्र जाँड पनि बन्छ । संस्कृतिको नाममा चलेका कतिपय विकृति पनि हुन्छन् समाजमा । प्रकृतिलाई संस्कृति बनाऊँ, विकृति नबनाऊँ ।

- प्रकृतिका उपहारहरू देवता हुन् लोकका । अग्नि, वायु, चन्द्रमा, सूर्य, पृथ्वी, जल आकाश सबै पूज्य छन् हाम्रा । यी छन् र त हामी छौं । विकास भनेको विनाश होइन । प्रकृतिलाई गिजोल्नुमात्र विकास होइन । विकासको नाममा अहिले आकाश, पृथ्वी, वायु, जल सबै दूषित भएका छन् । धुवाँले व्याप्त छ वायुमण्डल । क्षतविक्षत छन् पृथ्वी । दूषित छन् नदीहरू । दूषित छन् मान्छेका मनहरू पनि ।

- हिजो मजाले चलेको थियो सृष्टि । आज पृथ्वी दुहेर मान्छेले चमत्कार देखाइरहेछ । भोलि के हुन्छ ? कसले भन्न सक्छ ? 'सत्यम्' लाई कसले रोक्छ ? यस सृष्टिको 'शिवम्' र 'सुन्दरम्' लाई हामीले जोगाउनु पर्छ । प्रकृतिको यो उपहारलाई यो कल्पवृक्षलाई मास्नु हुन्न । पृथ्वी मान्छेको मात्र बिर्ता होइन । यहाँ पशुपक्षी छन् कीट– पतंग छन्, मान्छे छन् । हामी प्रकृति बनाउन सक्दैनौं तर जोगाउन सक्छौं, नबिगार्न सक्छौं । प्रकृति जोगाऊँ, संस्कृति जोगाऊँ, वातावरण जोगाऊँ । भवतु सब्ब मंगलम् ।

–ooo–

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| १. | साहित्य सिर्जनाको कारकतत्त्व ... | रमेश खकुरेल | १ |
| २. | नेपाल गाथा | मुकुन्द शर्मा चालिसे | ५ |
| ३. | विविधताको पक्षमा | दीन पन्थी | ७ |
| ४. | चरो र म | रुद्र ज्ञवाली | ९ |
| ५. | ब्रह्मपूजा वा आत्मपूजा के हो ? | डा. लक्ष्मीकान्त पन्थी | १० |
| ६. | सद्गुणी गर्व गर्दैन | प्रीति आत्रेय ज्ञवाली | १४ |
| ७. | छान्दोग्य उपनिषद्को परिषद् | डा. बाबुराम ज्ञवाली | १६ |
| ८. | नेगेटिभ | डा. श्यामप्रसाद न्यौपाने | २७ |
| ९. | दशैंको लुगा | गोपालचन्द्र भट्टराई | २८ |
| १०. | आयुर्वेद र नेपाली वनसम्पदा | नारद गौतम | ३९ |
| ११. | समवेदना प्रकट गर्दा लेखिने केही... | ओमप्रकाश अधिकारी | ४० |
| १२. | के काम भो ? | मोहन ज्ञवाली | ४६ |
| १३. | भगवान्लाई प्रश्न | मित्र 'उराठी' गौतम | ४७ |
| १४. | शाकुन्तल महाकाव्यमा आख्यानविधान | भुवनप्रसाद अर्याल | ४८ |
| १५. | सत्य आवाज | गणेशपुण्य श्रेष्ठ | ५९ |
| १६. | कोरोना सङ्क्रमण र बालबालिकाको... | सुदीक्षा ज्ञवाली | ५९ |
| १७. | हामी नेपाली | रोहितप्रसाद ज्ञवाली | ६१ |
| १८. | राष्ट्रभक्ति गीत | प्रदीप प्रखर पोखरेल | ६३ |
| १९. | विपद् जिम्मेवारी : पुस्तकालयको ... | मुरारिविनोद पोखरेल | ६४ |
| २०. | चाँडै यहाँ पाल्नुहोस् | कृष्णशरण उपाध्याय पौडेल | ७० |
| २१. | सम्मानको आरती | सीता सुवेदी पन्थी | ७१ |
| २२. | मेरो स्वतन्त्र चिन्तन | शीला पन्त | ७३ |
| २३. | संस्कृत विद्याको संरक्षण र सम्वर्धन | प्रा.डा. माधवशरण उपाध्याय | ७५ |
| २४. | सत्तरी सालको गीत | स्व. भेषबहादुर कुँवर 'प्रयासी' | ८५ |
| २६. | शारदा शुभ्रवर्णा | गायत्रीदेवी तिमिल्सिना | ८७ |



**स्थायी स्तम्भहरू**


| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | डा. लक्ष्मीकान्त पन्थी | १ |
| ३. | अनुभव/अनुभूति | रुद्रबहादुर भुजेल | ८८ |
| ४. | धुर्कोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय | ९३ |
| ५. | पुस्तकालय परिचय | सन्तोष रावल | ९९ |
| ६. | किरण पुस्तकालयको पातो | सचिव | १०३ |
| ७. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | १०५ |
| ८. | यताउताबाट | पुस्तकालय आवाज | ११० |
| ९. | पाठक-प्रतिक्रिया | कृष्णकान्त पन्थी | ११९ |
| १०. | किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यहरूको परिचय | | १२१ |
| ११. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू | | १२३ |


ooo

भेटघाट-९३

# साहित्य सिर्जनाको कारकतत्त्व "सर्वे भवन्तु सुखिनः" को अवधारणा हो ।



✍ **रमेश खकुरेल**

*(वर्तमान समयमा नेपाली कविताका आशुकवि, प्रखर वक्ता, पौरस्त्य दर्शन एवं संस्कृत साहित्यका अध्येता, ज्ञाता, आधुनिक विज्ञान एवं समाजशास्त्रका चिन्तक, अनेक कविता, काव्य, महाकाव्यका लेखक, छन्दसारथि श्री रमेश खकुरेलज्यूसँग हाम्रो पुरुषार्थ (त्रैमासिक) पत्रिकामा प्रकाशनार्थ काठमाडौंमा उहाँको निवासमा पुगेर डा. दुर्गाप्रसाद अर्ज्याल एवं डा. लक्ष्मीकान्त पन्थीले लिनुभएको लिखित अन्तर्वार्ता प्रस्तुत छ : **-सम्पादक**)*

**१. जन्म, बाल्यकाल एवं साहित्य सिर्जनामा लाग्ने प्रेरणाका बारेमा बताइदिनुहोस् न ।**

◆ दुईतीन वर्षको सानै उमेरदेखि पिता कविराज हरिप्रसाद खकुरेलका काखमा बसेर संस्कृतका स्तोत्रहरू पाठ गर्ने र चार वर्षकै उमेरमा अक्षरारम्भ गरेर पाँच लाग्नासाथ उपनयन गरेर संस्कृत पढ्न थालेको हुनाले स्वतः कवितातर्फ रूझान भएको हो । पिताजीलाई र परिवेशलाई यसको श्रेय दिन्छु।

**२. साहित्य-सिर्जनाको कारकतत्त्व केलाई ठान्नुहुन्छ ?**

◆ सृजनाको कारकतत्त्व "सर्वे भवन्तु सुखिनः" को अवधारणा नै हो।

**३. अध्ययनकाल, प्रमुख पाठ्य कुराहरू र गुरुवर्गको भूमिकाबारे बताइदिनुहोस् न ।**

◆ ५ वर्षको उमेरमा पिताजीकै संरक्षकत्वमा स्थापित नेपाल ब्रह्मचर्याश्रम मृगस्थली पशुपतिमा साँझबिहान हवनकुण्डमा यज्ञ समिधाहवन, चरूहवन

आदि गरेर दिनमा नयराज पन्तका शिष्य भोलानाथ पौडेल, ज्ञानमणि नेपाल र देवराज पौडेलबाट रघुवंशमा आधारित शब्दावलीका साथ संस्कृत ज्ञान र अन्य ग्रन्थको पनि अध्ययन गरियो । त्यहाँबाट निस्किएपछि अङग्रेजीमा बी.एस्सी.सम्म र संस्कृतमा अर्थशास्त्र, भूगोल लिएर आधुनिक शास्त्रीसम्म उत्तीर्ण गरी पुनः अङ्ग्रेजीमा अर्थशास्त्र, नेपाली लिएर बी.ए. पास गरियो । त्यस कालमा गुरुहरू पैसामुखी नभएर विद्यामुखी भएकाले आदर्शको पनि पाठ सिकियो।

**४. आजीविका के रह्यो ? त्यसबाट प्राप्त सफलता वा कटुताका सन्दर्भमा केही मन्तव्य छन् कि ?**

◆ पढिसकेपछि शाखा अधिकृतमा जागिर खाई दुई वर्ष टकसारमा र दुई वर्ष विराटनगर कर कार्यालयमा कर अधिकृत (शाखाप्रमुख) भएर काम गरेपछि सगरमाथा अञ्चल कर कार्यालयमा हाकिम भएर चार वर्ष काम गरियो । त्यहाँ अञ्चलाधीश भएर आउनुभएका जिया उल हकले मसित मासिक २००० माग गरेका र मैले असमर्थता व्यक्त गरेपछि राजाको सवारीमा खोस्नु पर्ने भनेर रिपोर्ट गरेर खोसुवा भएको थिएँ।

त्यसपछि नेपाल बैंकबाट ऋणमा ट्रक लिएर चलाउँदै धनगढीमा पुगेर पोटर पार्टको पसल र लेथ वेल्डिङ आदिको कारखाना खोलेर दुई वर्ष त्यहाँ बसी पछि काठमाडौँ कालीमाटीमा ल्याएर दश वर्ष बहालमा बसेर ढुङ्गाअड्डामा जग्गा किनी घर बनाएर अर्को दश वर्ष त्यहाँ काम गरेँ। हाल सबै बेचेर कमलपोखरीको पैत्रिक थलोमा बनेको घरमा बहाल खाएर वृद्धावस्था व्यतीत गर्दैछु।

**५. जीवनानुभवका शिक्षाप्रद दृष्टिकोण उल्लेख गर्नुहुन्छ कि ?**

◆ जीवनानुभवमा काम गर्दाको प्राप्त शिक्षा मेहनत र इमानदारी लिएर गर्ने हो भने जे पनि गरेर जीवन सफलतापूर्वक चलाउन सकिन्छ ।

**६. बहुभाषिक, श्रुतधर, भौतिक, आध्यात्मिक र समाजदर्शनका विज्ञ स्रष्टाका नाताले अहिलेको नेपाली साहित्य र स्रष्टाका सम्बन्धमा के विमर्श छ ? प्रस्तुतिका लागि अनुरोध छ ।**

◆ अहिलेको नेपाली साहित्य समग्रमा अध्ययन गर्न पाएको छैन । मध्यकालीन र केही आधुनिक साहित्य विशेषतया पद्यसाहित्यलाई हेर्दा नेपाली साहित्य संसारको कुनै पनि भाषाको साहित्यभन्दा कम छैन । खासगरी लयबद्ध रचनामा नेपाली भाषा विश्वकै सर्वश्रेष्ठ पाएको छु । संस्कृतमा रहेका हरेक छन्दलाई आत्मसात् गरेर रचना गर्ने क्षमता नेपाली भाषामा मात्र छ।

**७. साहित्य सिर्जनाको प्रयोजन स्वान्त सुख, लोकहित या लोक ख्याति के मान्नुहुन्छ ?**

- साहित्य सिर्जना स्रष्टाको नियन्त्रणभन्दा बाहिरको कुरा ठानेको छु । कसले किन कसरी लेखाउँछ स्रष्टाले नै थाहा पाउँदैन । कुनै अदृश्य शक्तिले प्रस्फुरण दिन्छ र लेखेर विरेचन नगरून्जेल स्रष्टा चूप बस्नै सक्तैन। लेखेपछि पाइने ख्याति वा सन्तुष्टि आदि तपसिलका कुरा हुन् ।

**८. विश्वव्यापी विज्ञान, प्रविधि र आङ्गल भाषासाहित्यको चापमा नेपाली भाषा साहित्यको भविष्यका बारेमा के-कस्तो अनुभव र अनुमान गर्नुहुन्छ ?**

- विश्वव्यापी विज्ञान र चिन्तनको चापले नेपाली स्रष्टा अझ तिखारिएका छन् । संसारभर छरिएर रहेका नेपालीले निकै गहकिला सृजना र अनुसन्धान पनि गरिरहेका छन् ।

**९. अन्य विधाका लघु, मझौला र महाकाव्यमा निर्वाध गति भएका यहाँको कुन विधामा के-कस्तो अनुराग छ ?**

- फुटकर कवितामै आजको समाजमा भन्न सक्नु कविको सामर्थ्य हो । अहिले मानिसलाई लामा रचना पढ्ने फुर्सद छैन तर केही कुरा लामै रचनामा नै व्याख्या गर्न सकिने हुँदा खण्डकाव्य वा महाकाव्यको पनि आवश्यकता पर्दो रहेछ। मेरै महाकाव्य "अघोरी" पहिले खण्डकाव्यको रूपमा प्रेसमा जान ठिक्क परेका बेला बालकृष्ण पोखरेलले यत्तिले मात्र भनाइलाई स्पष्ट पार्न सक्तैन तसर्थ यसलाई महाकाव्य नै बनाउनू भनेर सल्लाह दिनुभएकाले महाकाव्य बनाएको पनि हुँ ।

  मेरो पनि अनुभव यही छ। तर कविले सकेसम्म कम शब्द खर्च गरेर बढी वैचारिक प्रक्षेपण गर्नु आवश्यक ठान्दछु।

**१०. नेपाली भाषामा विश्वको ज्ञानविज्ञान र संस्कृत वाङ्मयको भाव र शिल्प विधिलाई रूपान्तरण गर्न सकिन्छ ?**

- स्रष्टाहरूलाई पुरस्कृत गर्ने त धेरै भए तर स्रष्टाका वजनदार रचनालाई चिनेर प्रकाशन गर्ने कोही भएनन् । मैले यस दिशामा केही काम गरेर १६ वटा किताब प्रकाशित गरिदिएको पनि थिएँ । अब त व्यापार व्यवसाय छोडेर निवृत्त जीवन बिताइरहेकाले त्यस क्षेत्रमा कामलाई निरन्तरता दिन असमर्थ भएको छु । कोही गुणज्ञ सक्षम व्यक्तिले यस क्षेत्रमा काम गर्नु आवश्यक देख्छु । नेपाली भाषा विश्वकै संस्कृतपछिको सबल र सटीक

भाषा हो । यसमा अत्याधुनिक विज्ञान र प्राचीनतम ज्ञान दुबैलई सजिलै प्रस्तुत गर्न सकिन्छ । मैले नै भौतिकशास्त्रलाई गणितसहित सरल अनुष्टुप् छन्दमा "संक्षिप्त भौतिकी" किताब लेखेको छु ।

**११. छन्दसारथिका नाताले नेपाली लोकछन्द र संस्कृत शास्त्रीय छन्दको प्रयोगमा नेपाली भाषा कुन अगाडि भएको ठान्नुहुन्छ ? लोकछन्द र शास्त्रीय छन्दको भविष्य कस्तो छ ?**

◆ नेपालमा अहिलेसम्म त लोकछन्द नै अगाडि देखिन्छ । शास्त्रीय छन्दको भविष्य पनि विश्वकै अरू भाषाको तुलनामा नेपालीमै राम्रो देख्दछु ।

**१२. आफ्नो गुरुकुलीय पद्धति र आधुनिक शिक्षा पद्धतिको तुलनात्मक रूपमा दुर्बलता र सबलता के-कस्ता छन् ?**

◆ गुरुकुलीय पद्धति विधाका लागि समर्पित भएर पढाइ हुने र यसमा गुरु पनि त्यस्तै सक्षम हुनु आवश्यक छ । अचेलको ज्ञानको विविध शाखाको विस्तार भएको समयमा आधुनिक पद्धति नै उचित देख्तछु ।

**१३. भ्रमणप्रिय र अधिक यात्रा गरेका नाताले -'तस्मात् चरैव चरैव यात्रेति जीवनं प्राहुः' Life is Journey का कथनलाई कसरी लिनुहुन्छ ?**

◆ यात्राले ज्ञानलाई प्रायोगिक रूपमा स्पष्ट्याउन मद्दत गरेको ठान्दछु ।

**१४. अन्त्यमा प्रश्न र पृच्छकले नसमेटेका भन्नै पर्ने यहाँका विचार, विमर्श र चिन्तनहरू भए व्यक्त गरिदिनुहुन समेत अनुरोध गर्दछौं ।**

◆ मैले जानेसम्म सबै भनिसकें जस्तो लाग्छ ।

ooo

**पुस्तकालयमा जाने र पुस्तक, पत्र-पत्रिका पढ्ने बानी बसालौं ।**

# नेपाल गाथा

✍ **मुकुन्द शर्मा चालिसे**
**काठमाडौं**

जे लेखे पनि लाग्छ यो कलमले नेपाल लेख्दैछ झैं
जे देखे पनि लाग्छ यो नजरले सौन्दर्य देख्दैछ झैं
मेरा यी अनुभूतिले हृदयमा जम्मा गरैं जे जति
जो कैल्यै पनि नाशिँदैन सब हो नेपालको सम्पति

खाएँ अन्न सपासपी कलकली पीयूष पानी पिएँ
मेलापात गरें मिठा धुन छरैं धक्का नमानी जिएँ
साथीभाइ र इष्टमित्र सबमा विश्वास राख्दै रहैं
नेपाली हुनुको विशेष महिमा पाएर ढाक्तै रहैं

मीठा शब्द र अर्थका चमकमा नेपाल झल्काउँछु
ऐना सुन्दर पार्छु यो हृदयको नेपाल टल्काउँछु
आमाको महिमा बुझेन जसले त्यो मूर्खलाई पनि
केही श्लोक दिऊँ कि लाग्दछ, बुझोस् नेपाल आमा भनी

मेरो उत्तर, पूर्व, दक्षिण दिशा साथै यता पश्चिम
आशीर्वाद समानको पवनले माग्दैछ मेरो श्रम
मायाप्रीति, कथाव्यथा जति हुनन् भोगाइका लक्षण
मैले देखिरहेछु केवल यिनै नेपाल आमाकन

नाता छन्, कुलमूल छन् र यिनका सम्पर्क संवाद छन्
बेलामा कति आउजाउ सँगमा आनन्द आह्लाद छन्
तिर्खा, भोक, थकाइ, नीद, सपना, आराम सुस्वाद छन्
मेरा यी अनमोल वस्तु, यिनमा नेपालका याद छन्

भोगूँ सात्विक भाव, देहभरि यो नाडीनसामा घना
होस् सञ्चारित फैलिँदै मगजमा मीठो बनोस् सम्झना
त्यो संस्कार बनोस्, त्यही मनन होस्, वाणी त्यही पावनी
त्यो ओर्लीकन लेखनीतिर बगोस् नेपाल आमा भनी

गौरा, तीज दशैं, तिहार, जितिया शार्दूलविक्रीडित
माघी, फागु, छठादि संस्कृति सबै हुन् स्रग्धरा शाश्वत

यो आत्मीयपना वसन्ततिलका यो सभ्यता स्वागता
हाम्री काव्यमयी सुरम्य धरणी छोडेर जाऊँ कता ?

लेखूँ हार्दिक भाव सर्र लिपिमा आमा त्यहीँ छाइने
देखूँ मञ्जुल भावना हृदयमा माटो त्यहीँ पाइने
जे छोए पनि प्रेमको पुलकमा बग्दै गएको छु कि
लाखौँ जन्म यहीँ समर्पित बनूँ –भन्दैछ यो ढुक्ढुकी

नेपाली हुनुमा हिमालय बनेँ, भन्ज्याङ, ब्यासी बनेँ
थुम्का, थूम बनेँ र आखिर उही नेपालवासी बनेँ
यो नैसर्गिक माधुरीसित कुनै अज्ञात नाता थियो
मानौँ त्यो अब सङ्लिई कलममा आई यहाँ पोखियो

निद्रामा पनि याद आउँछ भने नेपालको आउँछ
ऐले जाग्रत कालमा कलमले क्यै स्वप्न सम्झाउँछ
अग्लो होस् जयगानको धरहरा भूकम्प आए पनि
त्यो धौलागिरि तुल्य सुस्थिर रहोस् झल्काउँदै रोशनी

पृथ्वी एक भए उनैसित अरू थापा र पाँडे भए
कैयौँ वीर सपूत शत्रुतिरका किल्ला उखाडे, गए
सम्झी सुन्दर ऐतिहासिक कथा हामी महान् हौँ भनी
पुर्खाको अवदानमा अलिकता थप्तै रहूँ मै पनि

लुट्तैनन् रिपुले कुनै पनि कुरा हामी फुटेनौँ भने
हाम्रै आँगन खोसिनेछ सजिल्यै हामी जुटेनौँ भने
यौटै अर्थ समेत फेरि भनियो, जान्नू यही अर्थ छन्
आमाको यदि आर्तनाद नबुझे यी शब्द नै व्यर्थ छन् ।

ooo

काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप नजिकै बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# विविधताको पक्षमा

✍ **दीन पन्थी**
**तम्घास, गुल्मी**

वर्तमानसँग होमा हो मिलाउन नजानेपछि मरिचझैं चाउरिन पर्छ । समयको लय र हावाको गतिसँगै कावा खान नजानेपछि जीवनको धावामा हावा खानुपर्छ । भेंडो बन्न सके हरियो चौरमा चर्न पाइन्छ । म चाहिं अलिकति उल्टोपाल्टो छु । समय नदी झैं उँधो बग्छ, म उभो बग्ने सकस झेलिरहेछु । म सिसिफसको निरर्थक उद्योगमा लागिरहेछु । दुनियाँ समानताको पक्षमा नारा लगाइरहेछ, म भने एक्लै छु विपक्षमा । अरू संस्कारी बन्दा म छु जंगली प्रकृतिको पक्षमा । समानताका नाराहरू घन्किरहेछन् अझै किनभने यहाँ असमानता छ जतातत्तै । उज्यालोमा कसले उज्यालो माग्छ समानता भने दीनहीन, जीर्ण, रूग्ण र खिन्न छ । असमानता हराभरा प्रष्ट र प्रसन्न छ त्यहीं । त्यसैले त म असमानताको पक्षमा छु, विभेदको पक्षमा छु, भिन्नताको पक्षमा छु । समानता र भिन्नताको रमाइलोमा रमाइरहेछ संसार । विविधतामा हुर्किरहेछ यो सृष्टिउद्यान । विज्ञान भन्छ जो उत्कृष्ट हुन्छ, त्यही बाँच्छ । नित्से र डार्विन असमानताको पक्षमा छन् । प्रकृति असमानतामै रोचक लाग्छ । अनन्त सौन्दर्य, स्वाद, रस, गन्ध छन् प्रकृतिमा । म पहाड र हिमालमा रमाउँछु । भिन्न छन् हिमाल र पहाडका अनुहारहरू । भिन्दाभिन्दै छन् सल्ला र सालका पातहरू । समानता छैन सयपत्री र सुनाखरीका फूलमा । भिन्न छन् स्याउ र आँपका स्वादहरू । भिन्न छन् - रजनीगन्धा र पारिजातका फूलका गन्धहरू । भिन्न छन् मान्छेका अनुहार र हातका रेखाहरू । समानता छैन नर र नारीका अङ्गप्रत्यङ्गमा । कति विभेदकारी र निष्ठुरी छ प्रकृति ?

अनेक भाषा छन्, भेष छन्, देश छन्, संस्कृति छन् ती सबै समान छैनन् । हात्ती, गैंडा, बाघ, भालु, जिराफ, जेब्रा सबैका रूप, रंग, बल समान छैनन् । नेता र कार्यकर्तामा विभेद छ । समानता किताब र कल्पनामा छ । निष्ठूर छ प्रकृति । के प्रकृतिविरूद्ध नारा घन्काऊँ ? अमृत र विष समान भए के हुन्छ ? नर र नारी एकै भए के हुन्छ ? आगो र पानी एकै भए के हुन्छ ? संसारमा एक मात्र वस्तु भए के हुन्छ ? क र ख एकै भए के हुन्छ ? असमानता पहिचान बन्छ सबैको । क र ख भिन्न छन् तर ती ऊचनीच छैनन् नि ! छोरा र छोरी भिन्न छन् तर ती प्रिय अप्रिय छैनन् नि ! शरीरमा शिर र पैतला दुबै छन् तर ती प्रेय र हेय होइन् नि ! धेरै पल्ट शिर पैतलामा झुकेको देखेका छौं हामीले । समानताभित्र असमानता छ, असमानताभित्र समानता छ ।

साम्य-वैषम्यमा चल्छ सृष्टि । अन्वय र व्यतिरेकमा चल्छ संसार । भिन्नताकै कारण टिकेको छ सृष्टि । आकारमा विविधता छ, वर्णमा विविधता छ, लिङ्गमा विविधता छ, स्वाद वा रसमा विविधता छ, गन्धमा विविधता छ। यत्रतत्र विविधता

छ । म त विविधतामा सौन्दर्य छ भन्ने बुझ्छु, आनन्द देख्छु । समानतामा एकरसता छ दिक्क लाग्दो । उराठलाग्दो छ समानता । समानताले मिच्छाउँछ हामीलाई छिटैं । हाँस देखेको मान्छेलाई मयूर देख्न मन लाग्छ । पहाड देखेको मान्छे मैदान देख्दा दंग पर्छ । गर्मीमा बादल खोज्छ मान्छेले । जाडोमा न्यानो घाम खोज्छ मान्छेले । मिष्ठान्न खाएको मान्छेलाई पिरो र पर्पराउने चटनी स्वादिलो लाग्छ । हाम्रा आँखाले विविधता खोज्छ, कानले विविधता खोज्छ, जिभ्राले विविधता खोज्छ, नाकले विविधता खोज्छ, छालाले विविधता खोज्छ, मनले विविधता खोज्छ, छालाले विविधता खोज्छ, मनले विविधता खोज्छ । रूचिमा भिन्नता छ । मतिमा भिन्नता छ । गतिमा भिन्नता छ । मेरो रूचि र मतिमा संसार चल्छ भन्ने बालहठमा जगत् हाँस्छ । कसैलाई रातो कपडा मन पर्छ तर सबैलाई पर्दैन । समानता कुरामा हुन्छ, भाषणमा हुन्छ, विचारमा हुन्छ, तर व्यवहारमा हुँदैन, आचारमा हुँदैन । ढोंगमा छ समानता, ढोलक र नाममा बुलन्द बन्छ समानता । समानताभित्र त सधै असमानता छ । समताका सपना देखाएर आफू बढ्ता समान बन्न खोज्नेहरू देख्दा यो कथा पनि स्वैरकल्पनाझै लाग्छ मलाई । मृगतृष्णा बन्छ जब समानताको चाह, तब म स्वप्नलोकबाट झरेर झल्याँस्स हुन्छु, छामछुम गर्छु अँह भेट्टाउन्न कतै छामेर, हेरेर, सुँघेर, सुनेर, चाखेर पञ्च इन्द्रियले त्यसलाई । अनि म रोमान्टिक भ्रमबाट मुक्त भै भन्छु म असमानताको पक्षमा छु । म यथार्थ र निर्मम प्रकृतिको पक्षमा छु । त्यस नमिठो सत्यको पक्षमा छु म । अझपनि यसले मोहनी लगाउँछ धेरैलाई परी लोकका कथाले झैं । यो संसार, यो प्रकृति, यो सृष्टि सदा असमानतामा चलिरहने छ । हामी पनि समानताको सपना देखिरहने छौं ।

०००


# रेसुङ्गा नगरपालिकाको सूचना

**नगरको ट्राफिक व्यवस्थापन चुस्तदुरूस्त बनाउन र नगरको सौन्दर्यलाई प्रभावकारी बनाउन देहायको कार्य गर्नु/गराउनुहुन अनुरोध छ :**

- ❑ सडकपेटीमा व्यापारका सामग्री नराख्ने ।
- ❑ सार्वजनिक सडकमा निर्माण सामग्री नराख्ने ।
- ❑ सडकमा पानी तथा अन्य फोहोर नफ्याक्ने ।
- ❑ आफ्नो वरिपरि सरसफाइ अनिवार्य गर्ने ।
- ❑ फोहोरजन्य वस्तुहरू भरसक आफैले नै विस्थापन गर्ने । विस्थापन गर्न नसक्ने फोहोरलाई फोहोर उठाउने गाडीमा सुरक्षित लोड गरिदिने ।
- ❑ सडकपेटीमा सवारी साधन (बस, ट्रक, जीप, कार, मोटरसाइकल) पार्किङ्ग नगर्ने ।
- ❑ मुख्य बजारक्षेत्रभित्र सामग्री अनलोड गर्दा बिहान ९:३० बजेसम्म र बेलुका ४:०० बजेपछि गर्ने ।
- ❑ हाम्रो शहर, सुन्दर शहर बनाउन नागरिक दायित्व पूरा गरौं ।

# चरो र म

✍ **रुद्र ज्ञवाली**
**सिद्धार्थनगर, भैरहवा, रूपन्देही**

छैनन् टुना मोहनी तन्त्र - मन्त्र
तेरो छ आफ्नै दुनियाँ स्वतन्त्र
फैलाउँदै प्वाँख तँ वेग हान्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

पर्दा समस्या न त दिक्क हुन्छस्
आफ्ना लडेमा न त 'ठिक्क' भन्छस्
तेरो र मेरो न विवाद गर्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

लागोस् कि त्यो कोभिड या अरू क्यै
वास्ता कुनै छैन सखे ! तँलाई
उठ्छस् बिहानै अनि फुर्फुरिन्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

ईर्ष्या गुनासो न कुनै तँसङ्ग
भिन्दै छ तेरो दुनियाँ अचम्म
खोली पखेटा जग यो चहार्छस्
मान्छे मभन्दा तँ चरो सुखी छस् ।

माग्छस् न तैंले अनुदान चन्दा
गर्छस् ठगी या न अवैध धन्दा
जे जे मिल्यो प्राप्त भयो खुसी छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

औलो न खोकी न छ रक्तचाप
व्याधी कुनै या मधुमेह वात
आरोग्यले झन् परिपूर्ण तैं छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

चिन्ता न टन्टा न त शोक सुर्ता
मौजा बिघा या न छ राज्य बिर्ता
क्यै छैन तेरो तर मोजमा छस्
मान्छे मभन्दा तँ चरो सुखी छस्

हिंसा न कुण्ठा न छ हीनग्रन्थी
जान्छस् मलामी अथवा न जन्ती
जैलेसुकै देख्दछु प्रेममा छस्
मान्छे मभन्दा तँ चरो सुखी छस् ।

ooo

***किरण पुस्तकालय, तम्घास, गुल्मीबाट डेढ दर्जनभन्दा बढी पुस्तकहरू प्रकाशित भइसकेका छन् । यी पुस्तकहरू एकपटक पढ्न नबिर्सनुहोला ।***

# ब्रह्मपूजा वा आत्मपूजा के हो ?

✍ **डा. लक्ष्मीकान्त पन्थी**
**काठमाडौं**

हाम्रो हिन्दू सनातन संस्कृतिभित्र अनेक प्रकारका भिन्नभिन्न सामाजिक एवं सांस्कृतिक परम्परा तथा धार्मिक प्रचलनहरू चलिआएका छन्, देखिन्छन् । जस्तै गुल्मी अर्घाखाँचीतिर विशेषरूपमा बडादशैँपछि पाँच दिनसम्म लगातार स.रा.या. (सर्व राशि यात्रा) खेल्ने प्रचलन छ । सुदूर पश्चिमको डोटी, बैतडी, डडेलधुरातिर गौरापूजा (भाद्रशुक्ल पक्षमा महालक्ष्मी पूजा) गर्ने प्रचलन छ । त्यस्तै विशेष गरी पूर्वी तराई मधेशतिर षष्ठी पूजा/छठ पूजा (कार्तिकशुक्ल पक्षमा सूर्य पूजा) गर्ने प्रचलन छ । पूर्वीपहाडतिर धाननाच एवं उँधौली उँभौली नाच विशेष रूपमा मनाउने गरिन्छ । त्यसै गरी नेवारी समाजमा विशेष गरी कार्तिक शुक्ल पक्षको प्रतिपदा तिथिमा ब्रह्मपूजा वा आत्मपूजा भनेर आफूले आफ्नै पूजा गर्ने प्रचलन रहेको देखिन्छ ।

अहिले यो छोटो लेखमा 'ब्रह्मपूजा वा आत्मपूजा' के हो ? यस्तो पूजा गर्नु के उचित हो ? भन्ने प्रश्नको उत्तर सकेसम्म खोज्ने प्रयास गरिएको छ ।

यो 'ब्रह्म' भनेको चराचर जगत्को सञ्चालक परब्रह्म परमात्मा नै हो । जसको विशेष चर्चा, अनुसन्धान एवं निरूपण वेदान्तदर्शनअन्तर्गत उपनिषद्, गीता एवं ब्रह्मसूत्रहरूमा गरिएको पाइन्छ । अरू पनि यसका सहायक ग्रन्थहरूमा विशेष चर्चा एवं छलफल गरिएको छ ।

अब परब्रह्म परमात्मा भनौँ या ईश्वर कहाँ बस्छ ? यसलाई खोज्न कहाँ जानुपर्छ वा कहाँ भेटाउन सकिन्छ ? भन्ने प्रश्न महत्त्वपूर्ण छ । मानिसहरू ईश्वरलाई खोज्न वा दर्शन गर्न मन्दिरहरूमा धाउने गर्दछन् । परन्तु ईश्वर भने सबै प्राणीहरूका हृदयमा निवास गर्दछन् ।

श्रीमद्भागवत महापुराण एकादशस्कन्धको निमिजायन्तेय संवादमा ईश्वरको निवास जड चेतन सम्पूर्ण पदार्थहरूमा रहन्छ भन्ने स्पष्टसँग बताइएको देखिन्छ :

**'खं वायुमग्निं सलिलं महीं च**
**ज्योतींषि सत्त्वानि दिशो द्रुमादीन् ।**
**सरित् समुद्रांश्च हरेः शरीरं**
**यत् किञ्च भूतं प्रणमेदनन्यः ॥**

*(एकादशस्कन्ध २/४१)*

(अर्थ : हे राजन् ! यो आकाश, वायु, अग्नि, जल, पृथ्वी, ग्रह नक्षत्र, ताराहरू, सम्पूर्ण प्राणीवर्ग, दशै दिशाहरू, लता, वृक्ष, वनस्पति, नदी, समुद्र यी सबै हरि

भगवान्‌कै शरीर हुन् भन्ने सम्झिनुपर्दछ । त्यसैले जुनसुकै र जस्तो सुकै प्राणी होस् या अप्राणी त्यसप्रति भगवद्‌भावले प्रणाम गर्नुपर्दछ ।

महाकवि रामभक्त तुलसीदासजीले पनि आफ्नो प्रसिद्ध कृति रामचरितमानसको प्रारम्भमा नै श्रीरामको सर्वव्यापकतालाई यसरी प्रस्तुत गरेका छन् :

**'जड चेतन जग जीव जत सकल राममय जानि ।**
**बन्दौं सबके पद कमल सदा जोरि जुग पानि ॥**
**देव दनुज नर नाग खग प्रेत पितर गन्धर्व ।**
**बन्दौ किन्नर रजनिचर कृपा करहु अब सर्ब' ॥**

(अर्थ यस जगत्‌मा जड चेतन जति जीव छन् ती सबै राममय (रामस्वरूप) हुन् भन्ने जानेर दुबै हात जोडीकन सबैका चरणकमलमा नमस्कार गर्दछु । यो रामायण लेख्न आरम्भ गर्ने बेलामा सबैले कृपा गरून् । देवता, दानव, मानिस, नाग, पक्षी, प्रेत, पितृ, गन्धर्व, किन्नर, राक्षस सबैलाई वन्दना गर्दछु । अब मलाई यिनी सबैले कृपा गरून् । अर्थात् मेरो रामायण लेख्ने काम निर्विघ्नतापूर्वक पूर्ण होओस्)

भगवद्‌गीतामा भगवान् कृष्णले अर्जुनलाई बताएका छन् -

१. ममैवांशो जीवलोके जीवभूतः सनातनः । (अ. १५ श्लोक ७)
यो जीवलोकमा रहेको संपूर्ण प्राणीवर्ग मेरै अंश हो ।

"ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन ! तिष्ठति ।
भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया ॥

***(अध्याय १८ श्लोक ६१)***

हे अर्जुन ! सबै प्राणीहरूका हृदयाकाशमा ईश्वर बस्दछन् र काठेपिङ्‌मा चढाएको जस्तै गरी मायाको सहायताले घुमाउने गर्दछन् । उपनिषद्‌मा पनि यस्तै कुरा स्पष्टसँग बताएको देखिन्छ "देहं शिवालयं प्रोक्तं सिद्धिदं सर्वदेहिनाम् । ... शिवस्य जीवरूपस्य स्थानं तद्धि प्रचक्षते ॥ (योगशिखोपनिषद् श्लोक १६८/१६९) सबै प्रकारका देहधारीहरूका लागि देह नै सिद्धिदायक शिवमन्दिर हो । त्यो देह नै जीवरूपी शिवको बस्ने ठाउँ हो । (यद्यपि जीवात्माकै पछाडि फर्केर साक्षीरूपमा परमात्मा पनि बसेको हुन्छ परन्तु ती दुबैका बीचमा मायाको बाक्लो पर्दा लागेको हुँदा उसले परमात्मालाई चिन्दैन । त्यो पर्दा नहटेसम्म चिन्न मुश्किल हुन्छ ।) यस्तो कुरा भनिएको हुँदा हाम्रो हृदयाकाश निवासी जीवात्मा नै परमात्मा परब्रह्मको अंशरूप हो । अतएव प्रत्येक देहधारीहरूले विशेष गरेर बुद्धिविवेक हुने मनुष्यहरूले कार्तिक शुक्ल प्रतिपदातिथिमा ब्रह्मपूजा वा जीवात्माको पूजा (संक्षेपमा भन्दा आफैँले आफ्नै पूजा) गर्नाले कर्ताको कल्याण हुन्छ । किनभने ब्रह्मज्ञान गर्न सरल सहज एवं सुलभ हुन्छ । किनभने ब्रह्मज्ञान गर्नु भनेको मनुष्यमात्रको परम उद्देश्य हो, परम कर्तव्य हो र यो चार पुरुषार्थमध्येको परम

पुरुषार्थ भन्नाले ठूलो पुरुषार्थ पनि हो । फेरि यस्तो आत्मपूजा केवल आफ्नो मात्रै पूजा पनि होइन, यो त हाम्रा ज्ञानेन्द्रिय र ती ज्ञानेन्द्रियका विषयहरू पनि सबैलाई 'आत्मा' हो भन्ने संझेर गर्नुपर्ने पूजा हो । तिनबाट हाम्रो जीवन सञ्चालनमा सहजता एवं सुख प्राप्त भएको छ । अतएव तिनको पनि पूजा विशेषरूपमा गर्नुपर्दछ, किनकि ती पाँचै ज्ञानेन्द्रियका विषयहरू पनि आत्मा हुन् । तिनको उल्लेख (योगतत्त्वोपनिषद्को ६९-७२ श्लोकमा) यसरी गरिएको देखिन्छ :

**१. यद्यत्पश्यति चक्षुर्भ्यां तत्तदात्मेति भावयेत् ।**

**२. यद्यच्छृणोति कर्णाभ्यां तत्तदात्मेति भावयेत् ॥**

**३. लभते नासया यद्यत्तत्तदात्मेति भावयेत् ।**

**४. जिह्वया यद्रसं ह्यत्ति तत्तदात्मेति भावयेत् ॥**

**५. त्वचा यद्यत् स्पृशेद् योगी तत्तदात्मेति भावयेत् ।**

**६. एवं ज्ञानेन्द्रियाणां तु तत्तत् सौख्यं सुसाधयेत् ॥**

अर्थात् हामीले यो पृथ्वीतलमा रहेर जीवन धारण गर्दासम्म हाम्रो जीवात्मालाई सुख दिने हाम्रा पाँच ज्ञानेन्द्रियहरू र ती ज्ञानेन्द्रियहरूका पाँचै विषयहरू भन्नाले आँखाको विषय रूप, कानको विषय शब्द, नाकको विषय गन्ध, जिभ्रोको विषय रस, छालाको विषय स्पर्शबाट हामीलाई भन्नाले जीवात्मालाई जो सुख वा आनन्द प्राप्त हुन्छ । ती सबै विषयलाई र तिनका ग्राहक पाँचै ज्ञानेन्द्रियहरूलाई पनि पूजा गर्नुपर्दछ । ती विषयहरूप्रति पनि आदर सम्मान भाव व्यक्त गर्नुपर्दछ ।

यसरी आत्मपूजा भनौँ या हृदय निवासी ब्रह्मको पूजा कार्तिक शुक्लपक्षको प्रतिपदा तिथिमा (हामीले गोवर्द्धन पूजा गर्ने तिथिमा) गर्नुपर्दछ भन्ने प्रमाण मैले पद्मपुराण पढ्दा त्यसमा भेट्टाएँ । जो यहाँ प्रस्तुत छः

**"गन्धपुष्पैर्नवैर्वस्त्रैरात्मानं पूजयेत्तु यः ।**
**तस्यां प्रतिपदायां तु स गच्छेद् ब्रह्मणः पदम् ॥**

**महापुण्या तिथिरियं बलिराज्य प्रवर्तिनी ।**
**ब्रह्मणः सुप्रिया नित्यं बालेयी परिकीर्तिता ॥**

**ब्रह्माणं पूजयेद् योऽस्यामात्मानं च विशेषतः ।**
**स याति परमं स्थानं विष्णोरमिततेजसः ॥**
***(- पद्मपुराण, सृष्टिखण्ड अ. १७ श्लोक २४४ २४७)***

(अर्थ कार्तिक शुक्ल प्रतिपदा तिथिमा जसले नवीन वस्त्रहरू पहिरेर जल, चन्दन, अक्षता, पुष्पहरूद्वारा आफ्नो हृदयाकाश निवासी जीवात्मारूपी परब्रह्म परमात्माको पूजा गर्छ त्यो ब्रह्म पदमा पुग्न सक्छ । किनभने यो बलिराजले राज्य प्राप्त गरेको महापुण्य तिथि हो र यो तिथि परब्रह्म परमात्माको प्रिय तिथि

हो । बलिराजले राज्यप्राप्त गरेको तिथि हुनाले यसलाई 'बालेयी' पनि भनिएको छ । जसले यस तिथिमा परब्रह्म परमात्मालाई भनौँ विशेष गरी आफैँभित्रको जीवात्मालाई पूजा गर्दछ भने त्यो कर्ता अमिततेजस्वी भगवान् विष्णुको परमपदमा सहजै पुग्दछ ।

अब नेवार समाजमा यसलाई 'ह्म पूजा' किन भनियो होला भन्ने पनि थोरै विचार गरौँ । ब्रह्म भनेको सामान्य अर्थमा आत्मा हो भन्ने कुरा माथि बताइयो । आत्मा अर्थात् आफूलाई बुझाउन 'अहम्' शब्दको प्रयोग पनि विशेष रूपमा गरिन्छ । अहम् = आत्मा (आफू) यो अर्थमा अहम्को पहिलो वर्णको लोप भएको स्थितिमा 'हम्' यो बाँकी रहन्छ । हिन्दुस्थानी भाषामा त हम् शब्दले अहम्को बोध गराएकै छ । यसरी अ को उच्चारण नगरिएको रूप 'हम्' हुन जाने र 'ब्रह्म' शब्दको पनि आद्यवर्ण (ब्र) को उच्चारण नगर्दा 'ह्म' आधा रूप बाँकी रहन्छ । नेवारी भाषाको उच्चारणगत सारल्यमा अथवा भनौँ अपभ्रंश हुँदै गर्दा त्यो ब्रह्म पूजा वा अहम् पूजालाई अहिले 'ह्म' पूजा शब्दले बुझाउँदै आएको हो भन्ने वस्तुगत अर्थलाई बुझ्नु आवश्यक छ ।

नेवार समुदायमा त यस्तो आत्मपूजा गर्दा आफूले त्यसदिन मीठा मीठा मेवा मिष्ठान्नहरू नैवेद्यका रूपमा खाने तथा रथारोहण गराएर आफूलाई चारैतिर घुमाउने गर्नाले त्यो जीवात्मालाई वर्षैभरि सुख, आनन्द, हर्ष एवं राम्रो, मीठो खान मिलिरहन्छ भन्ने र भरसक त्यस्तो गर्ने पनि चलन रहेको छ ।

यहाँ ब्रह्मपूजा वा आत्माको पूजा गर्दा फूलहरू चढाएर पूजा गर्नुपर्छ भनिएको भए पनि ती फूलहरू कस्ता छन् र कतिवटा छन् भन्ने प्रमाण पनि हामी अग्निपुराणको पुष्पाध्यायमा भेट्टाउँछौँ । ती फूलहरू आठ प्रकारका छन् र सबै प्रतीकात्मक छन् । जो यिनै हुन् :

**'अहिंसा प्रथमं पुष्पं पुष्पमिन्द्रियनिग्रहः ।**
**सर्वपुष्पं दया भूते पुष्पं शान्तिर्विशिष्यते ॥**

**शमःपुष्पं तपःपुष्पं ध्यानं पुष्पं च सप्तमम् ।**
**सत्यं चैवाष्टमं पुष्पमेतैस्तुष्यति केशवः ॥**

**एतैरेवाष्टभिःपुष्पैस्तुष्यत्येवाचिर्तो हरिः ।**
**पुष्पान्तराणि सन्त्यत्र बाह्यानि मनुजोत्तम ! ॥**
***(अग्निपुराण पुष्पाध्याय अ.२०२, श्लोक १७ १९)***

(अहिंसारूपी प्रथम पुष्प, इन्द्रियनिग्रहरूपी द्वितीय पुष्प, प्राणीहरूमा दयारूपी सबैमा उत्तम तृतीय पुष्प, शान्तिरूपी विशेष खालको चतुर्थ पुष्प, शमरूप अर्थात् वासनामाथि विजय गराउने पञ्चम पुष्प, तपस्या अर्थात् धार्मिक चिन्तनरूपी षष्ठ पुष्प, ध्यान अर्थात् भगवच्चिन्तमा चित्त एकतान भैरहनुरूप सातौँ पुष्प र सत्यरूपी

आठौँ पुष्प यी आठ प्रकारका फूलहरूबाट पूजा गरिएमा हरि भगवान् प्रशन्न हुन्छन् । भगवान् विष्णुलाई चढाउनका लागि यिनै उत्तम पुष्पहरू हुन् ।)

यस्तो भनिएको हुँदा ब्रह्मपूजा वा आत्मपूजामा प्रयोग गरिने सबै फूलहरू प्रतीकात्मक हुन् भनेर बुझ्नुपर्दछ ।

पुराणहरू पनि हाम्रा धर्मशास्त्रस्थानीय धर्मग्रन्थहरू हुन् । पद्मपुराणले बताए अनुसार यसरी कार्तिक शुक्ल पक्षको प्रतिपदा तिथिमा आत्मपूजा गर्नाले पनि हरि भगवान्कै पूजा भएको र हरिभक्ति भएको ठहर्छ । यस्तो हरिभक्तिबाट पनि कर्ता अर्थात् पूजकलाई सन्तान, धन, धान्य, दुलही, घर, हात्ती, घोडा हात लाग्छन् । कल्याण हुन्छ, सुख हुन्छ, आनन्द हुन्छ र उसलाई स्वर्ग र मोक्ष दुबै मिल्दछन् भन्ने पनि पद्मपुराण पातालखण्डमा उल्लेख गरिएको देखिन्छ :

**अपत्यं द्रविणं दारा धरा हर्म्यं हया गजाः ।**
**सुखानि स्वर्गमोक्षौ च न दूरे हरिभक्तितः ॥**

*(पद्मपुराण, पातालखण्ड ९२/२६)।*

ooo

# सद्गुणी गर्व गर्दैन

**✍ प्रीति आत्रेय ज्ञवाली**

जसमा जे गुणै हुन्छ प्रभाव उसकै हुने ।
नीम ता तिक्त नै हुन्छ उखु ता मिष्ट भैदिने ॥१॥

कसी लाउनु पर्दैन नम्बरी सुनमा कतै ।
सद्गुणी गर्व गर्दैन गुणी मै छु भनी कतै ॥२॥

आत्तिएर कुनै काम कसरी बन्छ खै त्यसै ?
शिशिरैमा कहाँ घाम ग्रीष्म जस्तै हुने यसै ॥३॥

अगाडि जे कुरा हुन्न महत्त्व उसको हुने ।
गर्मीमा पोलने घाम जाडोमा पारिलो हुने ॥४॥

होच्याउनु हुँदै हुन्न कसैलाई कतै पनि ।
खरायो हुन्छ लज्जित कछुवाले जितेपछि ॥५॥

ooo

# छान्दोग्य उपनिषद्को परिषद्

✍ **डा. बाबुराम ज्ञवाली**
**मणिग्राम, रूपन्देही**

उप-नि-षद् को अर्थ हुन्छ नजीक (उप)- विशिष्ट वा सम्पूर्ण (नि)- ज्ञान वा बोध (सद्) अर्थात् गुरुको चरणनजीक व्यवधानरहित भएर आसनमा बस्नु अनि सम्पूर्ण ज्ञानको रहस्यलाई प्राप्त गर्नु । वेदको अन्त मानिएकोले वेदान्त पनि भनिन्छ । जंगलको एकान्तमा शिष्यको जिज्ञासा मेटाउन रचना गरिएका ग्रन्थ भएकोले यिनीहरूलाई आरण्यक पनि भनिन्छ । उपनिषद्मा जीवनको सबभन्दा गूढ विषय छलफल गरिएकोले उपनिषद्लाई रहस्यविद्या पनि भनिन्छ । उपनिषद्हरू हिन्दू र बौद्ध अध्यात्मदर्शनका आधार भएकोले अध्यात्मविद्या पनि भनिन्छ । उपनिषद् कहिले, कहाँ र कसले रचना गरेको हो यो पूर्णतया अज्ञात छ । विद्वान्हरूले यसको रचनाकाल ५००० ई.पू. देखि ४००० ई.पू. अनुमान गरेका छन् । कसैले भने उपनिषद्काल २००० ई.पू. देखि १४०० ई.पू. भएको मान्दछन् । वेदका मन्त्रद्रष्टा ऋषिको नाम पाइन्छ । पुराण र स्मृतिहरूमा ग्रन्थकारको नाम उपलब्ध छ तर उपनिषद्का रचनाकारले कहीं कतै त्यसमा आफ्नो नाम उल्लेख गरेको पाईंदैन । यी पूर्णतया निर्वैयक्तिक (इम्परसनल) आधारमा रचना गरिएका छन् । उपनिषद्हरूमा ज्ञान प्राप्तिका लागि जुन संवाद विधि प्रयोग गरिएको छ त्यसलाई पछि ग्रीक दार्शनिक प्लेटोले आफ्ना व्याख्यानहरूमा प्रयोग गरेका छन् ।

उपनिषद् ग्रन्थहरूको गूढ विषय अन्य भाषामा व्यक्त गर्न गाह्रो भएको कुरा म्याक्स मुलरले यसरी व्यक्त गरेका छन्- आधुनिक भाषा भनेको गोलो प्वाल जस्तो छ त्यसमा उपनिषद्का विषयवस्तुको चारकुने कीलो छिराउन ज्यादै गाह्रो पर्छ । जतिसुकै प्रयास गरे पनि केही कुरा बाँकी रहन जान्छ । त्यसैले उपनिषद्लाई संस्कृतमा जति स्पष्ट, वास्तविक र राम्ररी बुझ्न सकिन्छ अन्य भाषामा त्यसको अनुवादमा त्यो स्पष्टता हुन सक्दैन ।

### छान्दोग्य शान्ति मन्त्र

ॐ आप्यायन्तु ममांगानि वाक् प्राणश्चक्षुः श्रोत्रमथो बलमिन्द्रियाणां च सर्वाणि सर्वं ब्रह्मौपनिषदमाहं ब्रह्म निराकुर्यां मामा ब्रह्म निराकारोदनिराकरणमस्त्वनिराकरणं मे अस्तु तदात्मनि निरते य उपनिषत्सु धर्मास्ते मयि सन्तु ते मयि सन्तु ॥

ॐ शान्तिः शान्तिः शान्तिः॥

## सार

सामवेदको तलवकार शाखा कौथुम संहिताका अन्तिम दश अध्यायलाई छान्दोग्य ब्राह्मण भनिन्छ । त्यसका अन्तिम आठ अध्यायलाई नै छान्दोग्य उपनिषद् भनिन्छ । यो पुरानो उपनिषद्मध्ये एक हो । साथै यो दुईवटा ठूला उपनिषद्मध्ये एक हो । प्रस्तुत उपनिषद्मा अनेक विद्या, ओंकार, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, आदिका साथै गायत्री उपासना, अध्यात्म शिक्षा, सृष्टि, ब्रह्मोपासनाजस्ता विषयहरूको विषद् वर्णन पाइन्छ ।

छन्दको अर्थ हो ढाक्नु । सत्य जुन अक्षर, पद, र स्वरले ढाकिएको छ, त्यो साहित्यिक छन्दका अंग नै हुन् । जस्तै उद्गीथ ॐ एउटा छन्द हो ।

छान्दोग्य उपनिषद्को संरचना यस प्रकार छ -

| अध्याय | खण्ड | विषय |
|---|---|---|
| पहिलो | १३ | उद्गीथ महिमा ॐकार उपासनाले प्राण सिद्ध गर्ने ऋषिहरूको नाम |
| दोस्रो | १३ | सामको महत्त्व व्याख्या । संसारमा जेजति श्रेष्ठ छ त्यो संगीतमय |
| तेस्रो | १८ | शाण्डिल्य विद्या, भगवान् कृष्णले आंगिरसबाट पाएको उपदेश |
| चौथो | १७ | महाज्ञानी रैक्व, सत्यकाम, जबाला र गौतमको कथा |
| पाँचौं | २४ | सत्यकामले शिष्यलाई सुनाएको कथा, अश्वपतिले आरुणि श्वेतकेतुलाई उपदेश |
| छैठौं | १६ | आरुणिले श्वेतकेतुको परीक्षा र तत्त्वमसि उपदेश |
| सातौं | २६ | नारदले सनत्कुमारबाट ज्ञान/उपदेश ग्रहण |
| आठौ | १५ | इन्द्रले १०१ वर्षको ब्रहमचर्य पालन गरेको कथा |

## अध्याय एक

प्रथम अध्यायमा उद्गीथको साररूप ॐ कारको व्याख्या गरिएको छ । ॐ लाई सासमा मात्र सीमित नराखेर मुख्य प्राणको स्पन्दनबाट जोड्ने रहस्य बताइएको छ । यसमा १३ खण्डहरू छन् ।

ॐको उद्गाताले यज्ञमा उच्चारण गर्छ । यस ॐ बाट नै सामगान सुरू हुन्छ । सोही उद्गीथको यहाँ व्याख्या गरिएको छ । उद्गाताको अर्थ हो यज्ञमा उच्च स्वरले मन्त्र गाउने अथवा सामवेदको ज्ञाता ।

पहिलो अध्यायको सुरूमा भनिएको छ -

एषां भूतानां पृथिवी रसः पृथिव्या आपो रसो पामोषधयो रस ओषधीनां पुरुषो रसः पुरुषस्य वाग्रसो वाच ऋग्रस ऋचः साम रसः । उद्गीथो रसः ।।२।।

सम्पूर्ण प्राणी (पदार्थ) को रस पृथ्वी हो । पृथ्वीको रस जल हो । जलको रस औषधि (अन्न), अन्नको रस मानिस र मानिसको रस वाणी, वाणीको रस साम (संगीत), सामको रस उद्गीथ हो ।

उद्गीथ शब्दका अक्षरहरूबाट विस्तृत रूपमा ॐकार व्युत्पन्न गरिएको छ–

१. उद्गीथमा उत् प्राणको प्रतीक हो किनभने प्राणको शक्तिले नै मानिस उठ्छन् । 'गी' भनेको गिरा अर्थात् वाणी हो । थ भनेको अन्न हो । प्राण धान्ने मुख्य कुरा अन्न हो ।

२. द्यौ भनेको उत् (अग्लो भएकाले), गी भनेको अन्तरिक्ष, थ भनेको पृथ्वी ।

३. आदित्य उत्, वायु भनेको गी, अग्नि भनेको थ ।

४. सामवेद् उत्, यजुर्वेद गी, सामवेद थ हो ।

ॐकार सबै रसहरूमा सर्वोत्तम रस हो । यो परमात्माको प्रतीक हो ।

अंगिरा ऋषिले प्राणको रूपमा ॐ कारको उपासना गरेका थिए । त्यसैले प्राणलाई आंगिरस पनि भनिन्छ किनभने यो सबै अंगहरूको रस वा शक्ति हो ।

बृहस्पतिले पनि प्राणको रूपमा ॐ कार उपासना गरे । वाणीलाई बृहती भनिन्छ । त्यसको स्वामी भएकोले प्राणलाई बृहस्पति पनि भनिन्छ ।

आयस्य ऋषि, दल्भ ऋषिले पनि प्राणको रूपमा उद्गीथको उपासना गरेका थिए । यो प्रणव नै उद्गीथ हो । कौषीतिकी ऋषिले आदित्यलाई लक्ष्य गरेर ॐ कारको गायन गरे र आफ्ना पुत्रलाई पनि सोही गायन गर्न भने ।

**शिलक शालावत्यको प्रश्न–साम (संगीत) को आधार के हो ?**

दाल्भ्य : स्वर

प्रश्न : स्वरको गतिको आधार के हो ?

उत्तर : प्राण

प्रश्न : प्राणको गतिको आधार के हो ?

उत्तर : अन्न

प्रश्न : अन्नको गतिको आधार के हो ?

उत्तर : जल ।

प्रश्न : जलको गति के हो ?

उत्तर : स्वर्ग

प्रश्न : त्यसको आश्रय के हो ?

उत्तर : सामलाई स्वर्गबाट अतिक्रमण गरेर अन्यत्र राख्न सकिन्न । साम नै स्वर्ग हो ।

## अध्याय दुई

अध्याय दुईमा पनि उच्चारण गरिने, यज्ञ गरिने, स्वीकृति दिने मन्त्रको स्वरूपमा ॐकार महिमा वर्णन गरिएको छ । दुई स्वरलाई आपसमा युग्म गराएपछि साम बन्छ भन्दै साम (संगीत) लाई साधुता र श्रेष्ठताको रूपमा व्याख्या गर्दै विभिन्न प्रकारका उपासनाहरूको वर्णन छ ।

संसारमा जे जति श्रेष्ठ छ त्यो साम संगीतमय हो । त्यो साम भनेको उद्‌गीथ नै हो भनिएको छ । जसरी ॐ कारमा तीनवटा ध्वनि आपसमा नछुट्टिने गरी जोडिएका हुन्छन् संगीतमय ध्वनि साम पनि त्यसैको रूपमा छ भनी बताइएको छ ।

पृथ्वीलाई सा र अग्निलाई अम भनिन्छ । यी दुवैलाई मिसाउँदा साम भनिन्छ ।

अन्तरिक्षलाई सा तथा वायुलाई अम भनिन्छ । यी दुवैलाई मिसाउँदा साम बन्छ । आकाश सा र आदित्य अम हो दुवैलाई मिसाउँदा साम बन्छ ।

## अध्याय तीन

अध्याय ३ खण्ड १४ मा सर्वं खल्वमिदं ब्रह्मको सूत्र प्रतिपादन गरिएको छ । जसलाई शाण्डिल्य विद्या पनि भनिन्छ । यससँग मिल्ने श्लोक गीतामा पाइन्छन्-

**मत्तः परतरं नास्ति किञ्चिदस्ति धनञ्जय ।**
**मयि सर्वमिदं प्रोतं सूत्रै मणिगणा इव ।।७.७।।**

अध्याय ३ खण्ड १७ मा आंगिरसले भगवान् कृष्णले उपदेश दिएको वर्णन छ । जुन सुनेर कृष्ण उपाना मुक्त भए भनिएको छ । भगवान् कृष्णलाई दिएको उपदेश यस प्रकार छ

मृत्युको समयमा तीन कुरा ध्यानमा राख्नु पर्छ- १.तिमी अक्षय अनश्वर स्वरूप छौ । २. अच्युत छौ । ३. सूक्ष्म प्राणरूप छौ ।

यो सुनेपछि भगवान् कृष्णलाई सबै कुराको ज्ञान भयो ।

## अध्याय चार

### रैक्व

जनश्रुत राजाको नाति बडो दानी थिए । गरिबका लागि अन्न पकाउने, धर्मशाला बनाउने, दान गर्ने ।

एक राति दुई हाँस उड्दै थिए ।

पहिलो हाँस- अलि विस्तारै उड् । राजामाथि तिम्रो छायाँ पर्‍यो भने तिमी भस्म हुने छौ । राजाको तेज तीन लोकमा फैलिएको छ ।

दोस्रो- हो र ? तर महत्त्वाकांक्षी छन् । गाडा छेउको रैक्व जस्ता भए पो ।

राजाले कुरा सुने । भोलि आफ्ना सेवकलाई त्यस गाडा वाला रैक्वकहाँ लैजान भने ।

टाढा टाढा खोजियो तर उनी राजाको दरबार नजिकै शरीर कन्याउँदै बसेका भेटिए । धन, राज्य, पुत्री दिंदा पनि उनले अस्वीकार गरे । राजाले जिज्ञासा प्रकट गरे । राजालाई आत्मज्ञान दिए ।

यस कथाले के स्पष्ट गर्छ भने वास्तविक ब्रह्मज्ञानीको पहिचान अत्यन्त कठिन छ ।

### सत्यकाम जाबाला

जाबाला नाम गरेकी एक निर्धन दासी थिइन् । दासी अर्थात् सेविका । जाबाला निर्धन र सेविका भए पनि अत्यन्त कर्तव्यपरायण थिई । उसको छोरो थियो सत्यकाम । आमाको चरित्रबाट उसले सत्यको कामना मात्र गर्थ्यो । त्यसैले उसको नाम भयो सत्यकाम ।

किशोर भएपछि उसले भन्यो- आमा म ब्रह्मचारी भएर गुरुकुलमा पढ्न जान्छु । त्यहाँ मेरो नाम गोत्र सोधिने छ । भन्नुस् मेरो गोत्र के हो ? गोत्र अर्थात् पिताको नाम ।

जाबाला : म दासी हूँ । अनेक घरमा कमलरीको काम गरें । यस्तै बेलामा तिम्रो जन्म भयो । कुन गोत्र हो ? भन्न सक्दिनँ । गुरुले सोध्नुभयो भने भन्नु मेरो नाम सत्यकाम जाबाला हो ।

जाबाला भनेको के हो भनेर सोध्यो भने मेरी आमाको नाम नै मेरो गोत्र हो भन्नू र यो सबै सत्य कुरा सुनाइदिनू ।

सत्यकाम हारित द्रुम गौतमकहाँ पुगे- आचार्य, मैले ब्रह्मचर्यपूर्वक गुरुकुलमा बसेर शिक्षा ग्रहण गर्न चाहन्छु ।

गौतम : तिम्रो नाम र गोत्र के हो ?

सत्यकाम जाबाला । जाबाला मेरी आमाको नाम हो । मेरी आमाले भन्नुहुन्थ्यो दासीको रूपमा काम गर्दा मेरो जन्म भयो । मेरा पिता मरे । आमाले उनको नाम गोत्र सोध्न छुट्यो । आमाले भन्नु भएको थियो यही कुरा भनिदिनू ।

गौतमले सत्य बोलेकोमा सत्यकामको प्रशंसा गरे । उपनयन संस्कार गर्दै उसलाई ४०० गाई दिएर गोठमा बस्न भने । एक हजार गाई पुगेपछि आश्रममा आउनू ।

गाईको संख्या एक हजार पुगे पछि एउटा गोरूले भन्यो- सत्यकाम हामी एक हजार भयौं । आश्रम फर्कने बेला भयो । के मैले तिमीलाई ब्रह्मका एक पाउको उपदेश दिऊँ ।

सत्यकाम : हस् ।

गोरूले उसलाई ब्रह्मको प्रकाशमान स्वरूपका बारेमा बतायो र भन्यो- जसले यस स्वरूपको उपासना गर्छ ऊ प्रकाशमान स्वरूप हुनेछ । अब अर्को पाउको उपदेश अग्निले दिनेछन् ।

सत्यकाम गाई लिएर आचार्यका आश्रमतिर हिंड्यो । जहाँ साँझ पर्‍यो गाईहरू बसालेर उसले आगो बालेर अग्निको पश्चिममा पूर्वतर्फ मुख गरेर बस्यो ।

अग्निदेव प्रकट भए- सत्यकाम के मैले तिमीलाई ब्रह्मको दोस्रो पाउको उपदेश गरूँ ?

सत्यकाम : हस् देव ।

अग्नि : ब्रह्मको एक कला पृथ्वी, अर्को कला अन्तरिक्ष र तेस्रो कला समुद्र हो । जसले यो बुझ्यो उसले तीन लोक जित्यो । अब तेस्रो पाउ हाँसले बताउनेछ ।

भोलि सत्यकाम गाई लिएर हिंड्यो । साँझ पर्नासाथ गाई बसालेर आगो बालेर अग्निको पश्चिम र आफ्नो मुख पूर्व गरेर बस्यो ।

हाँस अग्निको नजिक आएर भन्यो - सत्यकाम तिमीलाई ब्रह्मको अर्को पाउको उपदेश गरूँ ।

सत्यकाम : हस् ।

हाँस : जसले ब्रह्मका ज्योतिस्वरूपको उपासना गर्छ उसले ज्योतिष्मान् लोकलाई विजय गर्छ । अब यस पछिको उपदेश मद्गुले गर्नेछ ।

भोलिपल्ट साँझ समिधाधान गरेपछि एउटा मद्गु आयो- सत्यकाम तिमीलाई ब्रह्मको चौथो पाउका बारेमा बताऊँ ?

सत्यकाम : हस् भगवन् ।

मद्गु : प्राण, चक्षु, श्रोत्र ब्रह्मको चौथो पाउ हो । यसको सांकेतिक अर्थ हो तिमी आफू ब्रह्मस्वरूप हौ ।

सत्यकाम : गुरुकुल पुग्दा आचार्यले स्वागत गरे- सत्यकाम तिम्रो अनुहारमा ब्रह्मको तेज देखिएको छ । ब्रह्मज्ञानबिना यो तेज प्राप्त हुन सक्दैन ।

सत्यकाम : मलाई कुनै मानिसले अहिलेसम्म उपदेश दिएको छैन । आचार्य हजुरले नै उपदेश दिनुहोस् ।

गौतम : आचार्यको मुखबाट निस्केको विद्या नै उपयुक्त र सार्थक हुन्छ । यति भनेर उनले ब्रह्मको सम्पूर्ण उपदेश दिए ।

उनीपछि सत्यकाम गुरुकुलको प्रमुख आचार्य बने । उनले उपकोसल आदि प्रमुख शिष्यहरूलाई ब्रह्मको उपदेश दिए ।

यस कथाको एक सांकेतिक अर्थ के हो भने ब्रह्मको पूर्ण उपदेश दिनु असम्भव छ ।

## अध्याय पाँच

एक पटक इन्द्रियहरूभित्र रहेका प्राणहरूले आआफ्नो श्रेष्ठता प्रमाणित गर्नका लागि झगडा गर्न थाले ।

उनीहरू प्रजापिताकहाँ पुगे । तिमीहरूमध्ये जुन तत्त्व निस्केपछि इन्द्रिय जीवित रहँदा पनि शरीर प्राणहीन र निकृष्ट हुन पुग्छ त्यो नै श्रेष्ठ हो ।

यो सुनेर वाक् इन्द्रिय शरीर बाहिर निस्क्यो । एक वर्षसम्म शरीरभन्दा बाहिर बस्यो ।

एक वर्षपछि आएर सोध्यो- म नहुँदा तिमी कसरी बाँच्यौ ?

इन्द्रियहरूले भने– जसरी लाटो मानिस नबोले पनि सास फेर्छ, आँखाले हेर्छ, कानले सुन्छ, मनले चिन्तन गर्दै जीवनयापन गर्छ ।

यो सुनेर निराश वागीन्द्रियले शरीरमा फेरि प्रवेश गर्‍यो ।

यसै गरी चक्षुले शरीरबाहिर प्रवास गर्‍यो । फर्केर सोध्यो– म नभए पनि शरीर कसरी बाँच्यो ?

अन्य इन्द्रियले भने– जसरी नेत्रहीनले नदेख्दा पनि साँस फेर्छन्, वाणीले बोल्छन्, कानले सुन्छन्, मनले चिन्तन गर्छन् । त्यसै गरी हामी जीवित रह्यौं ।

अन्तमा मनले प्रवेश गर्‍यो ।

सोध्यो – कसरी बाँच्यौ ?

इन्द्रिय– जसरी साना बालक अविकसित मन भईकन पनि बाँच्छन् सोही तरिकाले बाँच्यौं ।

अन्तमा प्राण बाहिर निस्कन उद्यत भयो । घोडाले किलो उखेल्दा जस्तै गरी शरीर तडपडाएपछि सबै इन्द्रियले निवेदन गरे– हे प्राण, तपाईं आफ्नै स्थानमा रहनुहोस् । तपाईं नै श्रेष्ठ हुनुहुन्छ ।

## अध्याय पाँच

उपमन्यु आदि ऋषिले आत्मा र ब्रह्मको ज्ञान प्राप्त गर्न आरुणिले उनीहरूलाई लिएर केकयदेशका राजा अश्वपतिकहाँ त्यो विद्या सिक्न लैजान्छन् ।

दरबारमा अनेक ऋषिगण उपस्थित हुन्छन् । अनि अश्वपतिले घोषणा गर्छन्–

न मे स्तेनो जनपदे । न कदर्यो न मद्यपः । नानाहिताग्निर्नाविद्वान् न स्वैरी स्वैरिणी कुतः। छान्दोग्योपनिषद्, ५.११.५

मेरो राज्यमा हत्या–हिंसा छैन, चोर डाकु कोही छैन, कृपण छैन, रक्सीबाज छैन, अग्निहोत्र नगर्ने छैन, अज्ञानी छैन, व्यभिचारी छैन, वेश्या नारी छैन ।

यस घोषणाले यजुर्वेदको योगक्षेम मन्त्रको सम्झना गराउँछ ।

## अध्याय छ

### तत्त्वमसि

उद्दालकले ब्रह्मचर्याश्रमको महत्त्व प्रतिपादन गर्दै १२ वर्षका पुत्रलाई गुरुकहाँ शिक्षा लिन पठाए । श्वेतकेतुले गुरु आश्रममा वेद वेदांग सबैको अध्ययन गरेर घर फर्किए । उनमा ज्ञानको अहंकार पनि आएको थियो ।

उद्दालकले सोधे- श्वेतकेतु, के तिम्रो अध्ययन पूरा भयो ।

श्वेतकेतुले आफूले पढेका सबै विषयको विस्तार लगाए ।

उद्दालकले सोधे- त्यो कुन ज्ञान हो जसलाई जानेपछि नसुनेको कुरा सुने जस्तो हुन्छ । तर्क गर्न नजान्ने पनि तर्क गर्न सिपालु हुन्छ । रहस्यका कुरा जानकारीमा आउँछन् । के यस्तो उपदेश आचार्यले तिमीलाई दिनुभयो ?

श्वेतकेतुले अनभिज्ञता जाहेर गर्‍यो- भगवन्, त्यो कस्तो उपदेश हो ?

यसपछि उद्दालकले श्वेतकेतुलाई अनेक उदाहरण दिएर ब्रह्मको बारेमा बुझाउने प्रयास गर्छन् । जसरी माटाका अनेक भाँडा हुन्छन् तर सबै माटोले बनेका हुन् भन्ने बोध हुनासाथ अनेक नाम वाणीको विकार हो भन्ने बुझिन्छ । जसरी सुनका अनेक गहनाभित्र सुन छ भन्नेले गहनाको अनेकता देख्दैन । फलामका अनेक उपकरणभित्र फलाम जान्नेले अनेक कुरा जान्नु पर्दैन । त्यही त्यो ज्ञान ।

श्वेतकेतु- त्यो ज्ञान त मैले जानिन ।

उद्दालक- सुरूमा केवल सत् मात्र थियो ? असत् थिएन, त्यसैले यसलाई केवल असत् थियो पनि भन्छन् । त्यस सत्‌ले के संकल्प गर्‍यो मेरा अनेक रूप भइ जाऊन् । यो संकल्प गर्नासाथ तेजको उत्पत्ति भयो । तेजले पनि त्यस्तै संकल्प गर्‍यो अनि जलको उत्पत्ति भयो । जलले पनि संकल्प गर्‍यो अनि पृथ्वी उत्पत्ति भयो । यस पछि अण्डज, जरायुज, र उद्‌भिज प्राणीको उत्पत्ति भयो ।

पृथ्वी तत्त्वबाट अन्न मनको रूपमा, प्राण जलको रूपमा, र वाणी तेजको रूपमा स्थित छ ।

श्वेतकेतुले अझै पनि बुझ्दैनन् । अनि उद्दालकले भन्छन्- मानिस १६ कलायुक्त हुन्छ । तिमी १५ दिन केवल जल खाएर बिताऊ । प्राण जल रूप भएकाले प्राणको नाश हुने छैन ।

पन्ध्र दिन अन्न नखाई श्वेतकेतु बस्यो र १६ औं दिनमा सोध्यो- अब के गरूँ ?

उद्दालक- ऋक्, यजु र सामका मन्त्र उच्चारण गर ।

श्वेतकेतु- सकिनँ ।

उद्दालक- सोह्र कलामा तिमीसँग एउटै कला मात्र बाँकी छ । जाऊ पहिला खाना खाऊ ।

श्वेतकेतु खाना खाएर फेरि पिताको नजिक गयो । पिताले जे जे प्रश्न गरे। सबैको उत्तर दियो ।

उद्दालक– जसरी अन्न, जल र तेज जीवनको आधार हो । मृत्युको समयमा पुरुषको वाणी मनमा लीन हुन्छ, मन प्राणमा विलीन हुन्छ । प्राण तेजमा र तेज सर्वोच्च देवतामा मिसिन्छ ।

श्वेतकेतु– अझै बुझिन ?

उद्दालक– जसरी पूर्व पश्चिममा बग्ने नदीहरू आआफ्नै बाटोमा हिंड्छन् । उनीहरू समुद्रबाटै निस्कन्छन् र समुद्रमा मिसिन्छन् । समुद्रमा मिसिएपछि उनीहरूले बिर्सन्छन् म कुन नदी हूँ । त्यसै गरी प्राणीहरू पनि सत्‌बाट उत्पन्न हुन्छन् तर बाघ, भालु, सुंगुर, किरा फट्याङ्ग्रा, लामखुट्टे हुन्छन् र अन्तमा पुनः आफ्नो मूलरूपमा नै विलीन हुन्छन् । त्यसैको ज्ञान जानेपछि अरू जान्नु पर्दैन ।

श्वेतकेतुलाई फेरि बुझाउँदै भने– त्यो ब्रह्म (सत्य) तिमी नै हौ– तत्त्वमसि । … जसरी नुनिलो पानीमा नुन सर्वत्र छ त्यसै गरी त्यो सत्य सर्वत्र छ । आँखामा पट्टी बाँधेर कसैलाई गान्धार देशबाट कुनै निर्जन वनमा लगेर छोड्ने हो भने त्यसले जंगलमा चारैतिर भौतारिएर मूल स्थानका लागि रून्छ । यस्तोमा कुनै जान्ने बुद्धिमान् मान्छेले आँखाको पट्टी खोलिदिएर अमुक दिशामा गान्धार छ जाऊ भन्यो भने मूल स्थान अर्थात् गान्धार प्राप्त गर्न सकिन्छ ।

यसरी उद्दालकले १५ भन्दा बढी उदाहरण दिएर उसलाई आत्माको स्वरूप बुझाउने प्रयास गर्छन् । अन्तमा भन्छन्– सत्‌लाई प्राप्त गर्नेले पुनर्जन्म प्राप्त गर्दैन । यो समस्त विश्व सत्‌स्वरूप छ । हे श्वेतकेतु, यो तिमी नै हो ।

अन्तमा श्वेतकेतुले भन्छ– भगवन्, मैले बुझें ।

## अध्याय सात : नारद सनत्कुमार संवाद

नारदले सनत्कुमारलाई उपदेशका लागि अनुरोध गर्छन् ।

सनत्कुमारले उनले जानेका विषयबारे सोध्छन् । नारदले अनेक विषयको ज्ञान रहेको बताउँछन् जस्तै ऋग्वेद, सामवेद, यजुर्वेद, अथर्ववेद, इतिहास, पुराण, व्याकरण, श्राद्धकल्प, गणित, उत्पात विज्ञान, नीतिशास्त्र, निधिज्ञान, तर्कशास्त्र, निरूक्त, वेदविज्ञान, भूतविद्या, धनुर्वेद, ज्योतिष, सर्पविद्या, संगीत शिल्प ।

सनत्कुमार, सबै विषयको ज्ञानभन्दा वाणी श्रेष्ठ छ । वाणीभन्दा मन, मनभन्दा संकल्प, संकल्पभन्दा चित्त श्रेष्ठ छ । सबैभन्दा श्रेष्ठ ध्यान हो ।

ध्यानभन्दा श्रेष्ठ विज्ञान, विज्ञानभन्दा श्रेष्ठ बल, बलभन्दा श्रेष्ठ अन्न, अन्नभन्दा श्रेष्ठ जल, जलभन्दा श्रेष्ठ तेज, तेजभन्दा श्रेष्ठ आकाश, आकाशभन्दा स्मृति, स्मृतिभन्दा श्रेष्ठ आशा, आशाभन्दा प्राण श्रेष्ठ हुन्छ ।

## अध्याय आठ

ज्ञानका लागि १०१ वर्षको ब्रह्मचर्य

जो आत्मा पापशून्य, जजरारहित, मृत्युरहित, शोकरहित, क्षुधापिपासारहित, सत्यकाम र सत्यसंकल्प छ, त्यसको खोजी गरिनुपर्छ, त्यसलाई विशेषरूपले जान्ने इच्छा राख्नुपर्छ । जो त्यस आत्मालाई शास्त्र र गुरुको उपदेशानुसार जान्दछ, त्यो सम्पूर्ण लोक र समस्त कामनाहरूलाई प्राप्त गर्दछ, यस्तो प्रजापतिले भन्छन् । (छान्दोग्य ८.७.१)

प्रजापतिको यो वक्तव्य इन्द्र र विरोचन दुबैले सुनेपछि हामी आत्मालाई जान्न चाहन्छौं, उनीहरू त्यहां ३२ वर्षसम्म ब्रह्मचर्यमा बसेपछि प्रसन्न भै प्रजापतिले प्रश्न गर्छन्, तिमीहरू कुन इच्छाले आयौ ?

उनीहरूले भने- पापरहित, शोकरहित, मृत्युहीन आत्मालाई जान्ने व्यक्तिले समस्त लोक एवं समस्त भोगहरू प्राप्त गर्छन् भन्ने तपाईको वचन सुनेर त्यही आत्मालाई जान्न आएका हौं ।

प्रजापति- यो जो पुरुष नेत्रमा देखिन्छ, यो आत्मा हो, जो अमृत हो, अभय छ, यो ब्रह्म हो ।

उनीहरूले प्रश्न गरे- प्रभु, यो जो जलमा प्रतीत हुन्छ र जो दर्पणमा देखिन्छ, तिनमध्ये आत्मा कुनचाहिं हो ? प्रजापतिले भन्छ, जुन नेत्रअन्तर्गत पुरुषको मैले वर्णन गरें, त्यही यी सबैतिर प्रतीत हुन्छ ।

तिमीहरूले जलको प्रतिबिम्बमा आफूलाई देखेर आत्माको विषयमा जे जान्न सकेनौ त्यो मलाई भन, प्रजापतिले भन्छन् र सोध्छन्, तिमीहरूले त्यहाँ के देख्यौ ? तब तिनीहरूले भन्छन्- हामीले समस्त आत्मालाई रौंदेखि नङसम्म जस्ताको त्यस्तै देख्यौं अर्थात् उनीहरूले शरीरलाई नै आत्मा भनी जाने भन्ने दोष यहाँ देखाइन्छ ।

प्रजापति- तिमीहरू राम्रो वस्त्र र अलंकारले विभूषित भएर आऊ र फेरि जलमा हेर के देख्छौ भन ? उनीहरूले सुन्दर वस्त्र अलंकारले विभूषित भै जलमा हेरेर भन्छन्, हामी दुबैले सुन्दर वस्त्र र अलंकार धारण गरेर जलमा हेर्दा त्यस्तै सुन्दर देख्यौं । प्रजापतिले भन्छन्, त्यो आत्मा हो, यो अमृत हो, यो अभय छ र यो ब्रह्म हो । त्यति सुनेर दुबैजना शान्त चित्त लिएर फर्कन्छन् । उनीहरू टाढा

गएको देखेर प्रजापतिले भन्छन्, देव र असुर दुबै आत्मालाई उपलब्ध नगरीकनै जाँदैछन् । उता विरोचन असुरहरूको माझ पुग्छ र भन्छ – मैले आत्मालाई देखें । त्यही पूजनीय छ र त्यसलाई जान्नेले इहलोक र परलोक दुबै भोग प्राप्त गर्छ ।

त्यसैले लोकमा जो दान आदि दिंदैन, श्रध्दा राख्दैन र यजन गर्दैन त्यस्तालाई असुर भनिन्छ । तिनीहरू नै मृत शरीरमा गन्ध, पुष्प, अन्न आदि, वस्त्र र अलंकारद्वारा सुसज्जित गरेर हामी परलोक प्राप्त गर्छौं भन्ने ठान्छन् ।

तर उता इन्द्र देवताहरूकहाँ नपुगीकनै बीचैबाट प्रजापतिकहाँ फर्कन्छ । उसलाई शंका हुन्छ कि यदि सुन्दर वस्त्र र अलंकारले विभूषित भएर आत्मा पनि सुन्दर र अलंकृत हुने भए पुरुष अन्धो भएमा वा देह थकित भएमा वा नाश भएमा आत्मा पनि त्यसैगरी खण्डित र नष्ट हुनेभयो । उसले प्रजापतिसामू आफ्नो शंका राख्दै भन्छन्, तब त आत्मा पनि नाशवान् भयो नि, म यसमा कुनै उपलब्धि देख्दिन । प्रजापतिले भन्छन्, यो त्यस्तै हो, तिमीलाई म यसको पुनः व्याख्या गर्छु । अब तिमी ३२ वर्ष यहीं निवास गर्नू । इन्द्रले त्यसै गर्छन् । जो स्वप्नमा पूजित भएर विचरण गर्छ, त्यो आत्मा हो, यो अमृत हो, अभय छ र यही ब्रह्म हो, प्रजापतिले पुनः भन्छन् । त्यो सुनेर इन्द्र पुनः शान्त चित्त भै त्यहाँबाट फर्कन्छन् तर उनलाई पुनः आफ्नो ज्ञान पूर्ण नभए झैं शंका लाग्छ र देवताहरूकहाँ नपुग्दै उनी फेरि फर्कन्छन् र ३२ वर्ष ब्रह्मचर्यमा बसी ज्ञान लिन्छन् । मनको शंका मेटाउन उनी तेस्रो पल्ट फर्केर थप ५ वर्ष त्यहाँ बिताउँछन् अर्थात् उनले कुल १०१ वर्ष प्रजापतिकहाँ ब्रह्मचर्यमा बिताउँछन् ।

यसरी सम्पूर्ण ज्ञान हासिल नभएसम्म इन्द्र सन्तुष्ट हुँदैनन् । अन्त्यमा प्रजापतिले उसलाई ज्ञान दिंदै सम्झाउँछन् । यो शरीर मरणशील छ मृत्युले ग्रस्त छ, जो यस अमृत अशरीरी आत्माको अधिष्ठानमात्र हो । जो त्यस आत्मालाई शास्त्र र गुरु उपदेशद्वारा साक्षात् अनुभव गर्छ, त्यसले समस्त लोक र समस्त भोगहरू प्राप्त गर्दछ, प्रजापतिले भन्छन् ।

यहाँ प्रजापतिले आफैले आत्मज्ञान दिनुको सट्टा इन्द्र र विरोचनलाई आफै अनुसन्धान गर्न अभिप्रेरित गर्छन् ।

ooo

**पुस्तकालय ज्ञानको भण्डार हो । तपाईं भण्डारमा जानुहोस् र आफूलाई चाहिएको कुरा लिनुहोस् ।**

# नेगेटिभ

✍ **डा. श्यामप्रसाद न्यौपाने**
**सुनवल-१२, नवलपरासी**

घरमा आएपछि शान्तसँग थपक्क बसिरहने रघुले आज आउने बित्तिकै साबुनपानीले मिचिमिची हात धोयो । केही क्षण आँगनको वल्लो छेउ र पल्लो छेउ गरिरह्यो । उसको निधारमा चिटचिट पसिना आइरहेका थिए । छिन छिनमा साबुनपानीले हात धोइरहेको थियो । कहिल्यै यसरी छटपटाएको नदेखेकी उसकी आमाले सोधिन्-"बाबु ! के भयो ? किन छटपटाएको ?" उसले सुनेको नसुन्यै गर्‍यो । ऊ कतिखेर आँगनको यो छेउ पुग्थ्यो, कतिखेर ऊ छेउ । कतिखेर उसको निधारमा आएका पसिना दाहिने हातको चोर औंलाले पुछ्थ्यो । उसको मन समुद्री आँधीझैं निकै अशान्त देखिन्थ्यो ।

कहिल्यै यस्तो अशान्त बेहोरा नदेखाएको रघुलाई देखेर छिमेकी पनि दङ्ग परेका थिए । केही समयपछि रघुको साथी विक्रम उसको घर आयो । उसले तगारो खोल्दै "रघु हामीसँग एक हप्ता सँगै बिताएको मानवीरको कोरोना नेगेटिभ देखियो" भन्यो ।

मानवीरका कुरातिर त्यति ध्यान नदिएको रघुले नेगेटिभ सुन्ने बित्तिकै "हँ साँच्चिकै हो" भनी सोध्यो ।

"नपत्याए ल हेर" भन्दै विक्रमले कोरोना चेक गरेको अस्पतालको रिपोर्ट उसलाई दिँदै भन्यो । रघुले कागज हेर्‍यो । "हो त नेगेटिभ नै त रहेछ । म त्यसै आत्तिएर !" उसले मनमनै भन्यो । नेगेटिभ देख्ने बित्तिकै रघुको मन अघाएको गाईझैं शान्त भयो । निधारका पसिना अकस्मात् कता हराए कता ? रघुको मुहार खुलेको कमल झैं उज्यालो देखिएको थियो ।

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा
सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**सम्पादक**

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# दशैंको लुगा

✍ **गोपालचन्द्र भट्टराई**
**टोखा-६, काठमाडौं**

घर नजिकै नभए पनि आलोक र रमेश दुबै घरको मध्यबिन्दुतिर कतै भेटेर जमेरै खेल्थे । यदाकदा यस्तै बेलामा विपरीत दुई दिशाहरूबाट दुईटी आमाहरू अचानक प्रकट हुन्थे र गाली गर्न थाल्थे । आलोक र रमेशकी आमाको आ-आफ्ना छोराहरूलाई गाली गर्ने तरिका फरक-फरक शैलीको थियो । आलोककी आमा भन्थिन्, "ए के लुगा लगाएको त्यो ? त्यो मैलो धुस्रो फुस्रो लुगा लगाएपछि भर्खर नुहाएर सफा भएको के अर्थ भो ? तुरून्त गएर लुगा फेर ।" रमेशकी आमा भन्थिन्, "हैन जिउ कस्तो मैलो बनाएको त्यो ? त्यस्तो ध्वाँसे शरीरमा भर्खर धोएर सफा बनाएको लुगा लगाएर के अर्थ भो, जा तुरुन्त गएर नुहा ।"

यो गालीमा फरक आउनुको कारण यो थियो कि आलोक हुने खाने र गाउँको प्रतिष्ठित परिवारको छोरो थियो भने रमेश अँधियामा खेती कमाई र मजदुरीले जीविका चलाउने निम्न स्तरीय परिवारको छोरो थियो । आलोकका लागि वर्षमा पाँच छ जोर लुगा किनिन्थ्यो, सबै राम्रा, महंगा र फरक प्रयोजनका लागि फरक फरक प्रकारका । त्यसबाहेक हरेक वर्ष उसको घरमा विशेष पूजाआजा, विवाह व्रतबन्धजस्ता केही न केही कार्यक्रमहरू अवश्य नै हुन्थे र त्यस्ता अवसरमा उसले थप नयाँ जोर कपडा पाउँथ्यो, अझ मावली घर वा अन्य आफन्तहरूबाट उपहारस्वरूप प्राप्त हुने कपडाहरू त अलग्गै हुन्थे । त्यसैले फेरी-फेरी लुगा लगाउन पुग्नेले धुस्रो फुस्रो र फोहोर लुगा लगाएर गोरो चिल्लो र सुकुमार शरीर मैलो बनाएपछि उसकी आमाले किन त्यसरी गाली नगरून् ।

रमेशले भने एकपटकमा एकजोर मात्र लुगा पाउँथ्यो, कामचलाउ र सबै प्रयोजनका लागि त्यही एकजोर । एकपटक किनिएका लुगाहरू केही समयपछि उध्रिन्थे, तिनीहरू सिइन्थे, लगाइन्थे, केही समयपछि तिनमा प्वाल पर्थ्यो (ती प्वालहरू अन्य पुराना कपडाको टुक्राले टालिन्थ्यो र फेरि लगाइन्थ्यो । एवम् रूपले एक दुई पटक टालटुल पारेपछि कपडा पातलिंदै र मक्किंदै जान्थ्यो र एकदिन आमा चाहिंले धुँदाधुँदै कामै नलाग्ने गरी ध्यार्र च्यातिन्थ्यो र बल्ल त्यसको केही दिनपछि रमेशको लागि नयाँ जोर कपडा आउँथ्यो । त्यस्तो महत्त्वपूर्ण र मूल्यवान् लुगा ध्वाँसे र धसिंगरे जिउमा लगाएर खपत अवधि घटाउन खोजेपछि उसकी आमाले किन त्यसरी गाली नगरून् ।

निकट भविष्यमा नै ठूलो मुख बाएर बेगवान् गतिमा देशैभरि आइरहेको दशैँले हाम्रा आलोक र रमेशको गाउँमा पनि दस्तक दियो । अन्य सबै कुरालाई थाती राखेर अहिलेलाई भने हामी रमेशको घरमा दशैंले पार्दै ल्याएको प्रभावका बारेमा एक छिन् हाम्रो चासोलाई केन्द्रित गरौं - रमेशको घर बिस्तारै सधैं भन्दा अलि बढी चलायमान हुँदै गयो ।

रमेशका बाबुको ध्यान अब दुईचार दिनभित्रमा जसरी हुन्छ अलिकति पैसाको बन्दोबस्त गर्ने वा कमाउने विषयमा केन्द्रित भयो । अँधिया कमाएको खेतमा अगुवा धान लगाएकाले चाडवाडमा के खाने भन्ने समस्या नरहेको भए पनि दशैँका अनेकौं शीर्षकमा हुने सामान्य खर्चको लागि हजार पन्ध्र सय रूपैयाँ त चाहिन्थ्यो नै । यही रकमको जोहो गर्नका लागि उनी कहिले वर्षौदेखि कागज, ढुङ्गा, माटो वा अन्य फोहोर हालेर लगभग पुरिन लागेको सरकारी स्कुलको इनार सफा गर्थे त कहिले कसैको घर छाउन पुग्थे, कहिले हलगोरु नभएको घरको करेसाबारी खनजोत गर्न खटिन्थे भने कहिले दशैँको बखत वनका कर्मचारीको चियोचर्चो कम हुने मौका छोपी कसैको खेतमा गाडेका ठूला ठूला टुना र मुढाहरू चिरिदिन कम्मर कस्थे । तर यी सबै कामहरूभन्दा उनलाई व्यस्त राख्ने अर्को कामचाहिं आफ्नो राँगागाडी चलाउनु थियो । उनीसँग एक हल राँगा र एउटा राँगागाडी भएकोले गाउँका व्यापारीहरू आफूले काँटा राखेर गाउँलेहरूबाट खरिद गरेका धान, चामल, जुटलगायतका कृषि उपजहरू बजारसम्म पुर्‍याउन र बजारबाट गाउँका लागि आवश्यक किराना समानहरू लिएर आउनका लागि रमेशका बाबुसँग सम्पर्क गर्थे । दशैँको बेला यस प्रकारको सामान ढुवानी कार्य अलि बढी हुने भएकाले अधिकांशतः उनी त्यसै कार्यमा खटिन्थे । एकाबिहानै उठेर सामान लोड गरी हिँडेका उनी कहिलेकाहीं आधा रातमा मात्र घर आइपुग्थे । रमेशकी आमाका लोग्ने, केटाकेटी, घर, चौपाया छिमेकीसम्बन्धी थुप्रै कामहरू हुन्थे । उनी रमेशका बाबुको व्यस्तता र थकान प्रति चिन्ता, सहानुभूति र सद्भाव राख्थिन्, घरको आर्थिक व्यवस्थापन सम्बन्धी चिन्तनमा सहभागी हुन्थिन् । केटाकेटीहरू स्कुल जान्थे, खेल्थे, कुटाकुट र झगडा गर्थे, रून्थे, कराउँथे र राती जे छ खाएर हिजोकै दिनचर्या दोहोर्‍याउन भोलि बिहान उठ्थे ।

दशैँको बिदा सुरू हुने अघिल्लो दिन जब रमेश स्कूल गयो, उसले थाहा पायो कि दशैँको सर्वाधिक महत्त्वपूर्ण एउटा पहलुबारे त उसले अहिलेसम्म सोचेकै रहेनछ । अहिलेसम्म न घर परिवारमा कसैले त्यसको चर्चा गरे, न साथी संगतीहरूले नै कुराकानी वा अन्य माध्यमहरूबाट त्यससम्बन्धी प्रसङ्ग उठाए । अहिले अचानक साथीहरूको झुण्डमा दशैँको लुगाका बारेमा थरीथरीका रंगीन सवाल-जवाफ र वार्तालाप सुन्दा पो ऊ झसंग भयो - ऊ त अहिलेसम्म चिल्लै रहेछ भन्ने सम्झेर । अधिकांश साथीहरूको दशैँको लुगा किनिसकिएको र

अशोक, टंके र बेलेलगायतका एकदुई जना साथीहरूको भोलि नै बाबुआमाको साथमा बजार गएर किन्ने योजना रहेको कुरा सुन्दा रमेशलाई लाग्यो ऊबाट ठूलो गल्ती भइसकेको रहेछ । बेलैमा बाबुआमालाई यो कुरा सम्झाएर, कर गरेर, रोएर, कराएर जसरी हुन्छ लुगा किनाइसक्नुपर्नेमा उसको लापरवाहीपन र असतर्कताको कारण यस्तो अनिष्ट भइसकेको सम्झेर उसलाई ठूलो पछुतो लाग्यो ।

झुण्डमा साथीहरू बडो उत्साहका साथ ठूलो-ठूलो स्वरमा आ-आफ्नो लुगाको बयान गरिरहेका थिए । उनीहरूको अनुहारमा चमक र ओठमा प्रफुल्ल हाँसो विद्यमान थियो । यो सब देखेर रमेशलाई भित्रैबाट रोऊँ रोऊँ लागेर आयो । उसले चुपचाप साइडमा उभिएर साथीहरूको क्रियाकलाप हेरिरह्यो र एकछिनपछि आँखामा पिलपिल आँसु टल्काउँदै कक्षाकोठाभित्र पस्यो । बिदाको अघिल्लो दिन भएकाले शिक्षक वर्गसमेत दशैँकै रौनकले तातिएको थियो-त्यसैले त्यस्तो पढाइ खासै केही भएन । जो-जो शिक्षक क्लासमा आए बस जसरी तसरी समय कटाएर गए । तर जो क्लासमा आए पनि र जे जे भनेर गए पनि रमेशले केही सुनेन, केही बुझेन । ऊ लगातार एउटै पिरलोमा रुमल्लिएको थियो । आफैप्रतिको गुनासो र पश्चात्ताप भावले विरक्तिएको थियो । ऊ सम्झिरहेको थियो-उसका केही साथीहरू जस्तै ऊ पनि भोलि नै बजार गएर कपडा किनिदिनका लागि उसका बुबालाई कर गर्न सक्दैन-त्यसका लागि उसले केही अगाडि नै बुबालाई सम्झाउनुपर्थ्यो । अहिले आएर भन्दा त उसका बाबुले सजिलै भन्नेछन् 'आजको आजै कहाँबाट पैसा ल्याउनु र बजार जानु, पैसा रुखमा फल्छ र ? एक दुई दिन पर्खी अनि विचार गरौँला ।' त्यसपछि उसको केही जोर चल्नेवाला छैन, रोए पनि हुँदैन, झगडा गरे पनि हुँदैन । बरू थाकेको बेलामा धेरै कचकच गर्‍यो भनेर उल्टै बाबुले थप्पड लाउन पनि बेर छैन । रमेशले एकदम हताश भएर निष्कर्ष निकाल्यो कि यसपालि उसको मौका त्यसै खेर गयो - हुनसम्मको गल्ती भयो ।

युद्धमा हारेको सिपाही झैं लखरयाक लखरयाक गर्दै स्कूलबाट घर आइपुग्यो रमेश । उसको भन्दा पहिल्यै भाइहरूको छुट्टी भइसकेकाले उनीहरू अघि नै घर आइपुगेर खेल्न निस्किसकेका थिए । बाबुआमा आ-आफ्ना काममा कतै बाहिरै थिए । उसलाई भने आज खेल्न जान मन लागेन । ऊ धुम्धुम्ती एक्लै घरमा बसिरह्यो । तर मनको छटपटी र पीडाले उसलाई स्थिर रहन पनि दिएन-कहिले सुत्ने खाटमा थचक्क बस्दै, कहिले डङ्ग पल्टँदै, कहिले घरको सिकुवा र आँगनसम्म आएर बाहिर हेर्दै र पुनः घरभित्र पस्दै छट्पटाइरह्यो । उसले मनमनमा एउटा दृढ अठोट चाहिं के गर्‍यो भने आज रोई कराई जसरी हुन्छ बुबालाई भोलि नै बजार जानका लागि ठूलो दबाब जरूर दिनेछ ऊ । आफ्नै मनको अठोटले उसलाई हल्का राहत मिलेजस्तो पनि भयो ।

साँझ पर्ने बेलामा घरको आँगनमा उभिएर त्यसै टोलाइरहेको बेला उसले भाइहरूले चिच्याई चिच्याई उसैलाई बोलाइरहेको सुन्यो । आवाज आएतिर फर्केर हेर्दा देख्यो उसका बाबु राँगागाडी लिएर घरतिर आइरहेका थिए र भाइहरू गाडीमा चढेर कराइरहेका थिए, "दाजु, हे, हामी त ऊ पर हरिको घरदेखि नै चढेर आको, बुझिस् ?" अघि अघि भए ऊ पनि फाल्तोडेर गाडीमा चढ्न दौडिसकेको हुन्थ्यो र आफ्नो हाउभाउ र क्रियाकलापद्वारा भाइहरूउपर आफ्नो प्रभाव बिस्तार गरिसकेको हुन्थ्यो । तर आज उसले त्यसो गरेन-चुपचाप खडा रहेर बाबुलाई पर्खिरह्यो । घरछेउ आइपुगेपछि भाइहरू हाम्फाल्दै गाडीबाट उत्रिए, बाबु भने गाडीको बन्धनबाट राँगाहरू खोलेर थलोमा बाँध्ने कार्यमा जुटे । त्यतिखेरै घरको अर्कोतिरबाट परालको ठूलो भारी बोकेर पसिनै पसिना भएकी आमा पनि आइपुगिन् । एउटा कुनामा भारी बिसाएर खुइय्य सुस्केरा हाल्दै बाबुलाई सोधिन्, "कतिखेर आइपुग्नुभो ?"

"ई, भर्खर आइपुग्दैछु ।" बाबुले राँगाको थलोबाट निस्कँदै छोटो जवाफ दिए र गाडामा राखेको एउटा झोला निकाल्न थाले । रमेश भने अधीरताका साथ आफ्नो दुखेसो पोख्न उपयुक्त अवसरको प्रतीक्षा गरिरहेको थियो । तर उसले तुरुन्तै केही बोल्ने मौका पाएन । सबैजना एक एक गरेर घरभित्र पसे । ऊ पनि ठुस्स परेको गन्दे अनुहार लाएर भित्र पस्यो । अनि अन्तमा काँधमा झोला भिरेका बाबु पसे । उनी सरासर भित्रपट्टिको कोठामा गए र खाटमा झोला बिसाए । रमेशको मनको पेटारो खोल्ने उपयुक्त अवसर यही थियो । ऊ एकाएक रुन्चे अनुहार लाएर मुख बाउन मात्र के लागेको थियो, भित्रबाट बाबु चैँ बोले, "आओ है केटाकेटी हो तिमेर्का दशैँको लुगा हेर्न ।"

रमेशले त मानौँ आफैँले सुनेको कुरा विश्वास गरेन । भाइहरू र आमा एकदम उत्साहका साथ हतार हतार बाबु भएतर्फ लम्किए । ऊ भने अचानक आइलागेको अपार खुशी सम्हाल्न नसकेर एकछिन् त्यसै अकमक्क भएर उभिरह्यो । एकैछिन पछि भने के के न बिते जस्तो गरेर अतालिदै बाबुलाई घेरा हाल्न पुग्यो ।

सबैले उज्यालो अनुहार लगाएर उत्सुकतापुर्वक बाबुले झोलाको जिपर खोलेको हेरे । झोलाबाट छुट्टाछुट्टै पोलिथिन् ब्यागमा राखिएका कपडाका मुठाहरू निकाल्दै उनले भने, "यो चैँ माइला र कान्छाको, यो चै रमेशको र यो चै आमाको ..." भाइहरू आफ्नो भागको पोलिथिन् पक्रेर खुशीले उफ्रिए, रमेशले पनि अत्यन्त आल्हादित मुद्रामा आफ्नो पोको आफूतिर तान्यो तर आमा चै अलि खिन्न अनुहार लाएर बोलिन्, "यत्ति हो ? अनि आफूलाई चै खोइ त ?" सबैले एकपटक बाबुको अनुहार हेरे, उनी एकछिन केही बोलेनन् र केही बेरपछि भने, "ठिकै छ अइले पैसाले यत्ति मात्रै पुगो, मलाई अइले चाइएको पनि छैन ।" आमाले मायालु नजरले बाबुलाई हेरिन्, रमेश र उसका भाइहरूलाई बाबुको

जवाफले कुनै प्रभाव पारेन, उनीहरू खपिनसक्नु जोशका साथ उफ्रिरहे, नाचिरहे । बाबुले मुसुमुसु हाँस्दै उनीहरूको यो कृत्य हेरिरहे, आमाले भने कराइन् 'हेर इनेरू भुँइमा न भाँडामा भका, धेरै नउम्ल है, पोखिन्छौ नि !"

"अनि झोलाभित्र कस्तो लुगा छ भनेर चैं नहेर्ने तिमेरू ?" बाबुले हाँस्दै सोधे । अनि तीनै जना आएर बाबुसँग ढेस्सिए र आ-आफ्नो पोको बाबुतर्फ तेर्स्याए । बाबुले भाइहरूको पोको खोले र भने, 'यो कालो चैं तिमेर्को हाप्पिन, अनि यो निलो चैं सट । अस्तिको पालि ल्याको हाप्पिन खुकुलो भएर खुस्केको खुस्केइ गरो भनेर यसपालि चैं काँधमा भिर्ने फिता पनि पुग्नेगरी कपडा ल्याइदेको छु ।"

आमाले आफ्नो पोको आफैँ खोलिन्, रातो रंगको चोलोको कपडा र रातै बुट्टा भएको एउटा धोती थियो उनको भागमा । उनले धोती चाहिँ अलिकति खोलेर हेरिन् र भनिन्, "मेरा धोतीहरू छँदैथे, यसको साटो आफैंलाई केही ल्याउनुपर्छ नि" बाबु केही नबोली रमेशको पोको खोल्न थाले र ऊतिर फर्केर भने, "भाइहेर्कै जस्तो रंग छ तेरो पनि, इस्कुलको ड्रेससँग मिल्ने गरी ल्याको, यो निलो चैं सट् अनि यो कालो चैं प्यान् । अब ठूलो पनि भइस्, पाँच कक्षा पुगिस्, जिल्ला इस्तरको जाँच दिने मान्छे, राम्रो पढ्लास् भनेर तँलाई चैं यसपालि हाप्पिनको साटो प्यान् नै ल्याइदेको ।" सबैले उत्सुकतापूर्वक उसको 'प्यान' हेरे, विशेष गरेर भाइहरूले 'प्यान" समेत लाउने स्तरमा पुगेको, ठूलो भइसकेको मान्छे, आफ्नो दाजुलाई उच्च मूल्याङ्कन गर्दै दंग परेको नजरले हेरे । रमेशको खुशीको कुनै सीमा रहेन-हर्षविभोर भएर ऊ हीं हीं हीं हीं गरेर हाँसिरह्यो मात्र, केही बोल्नलाई शब्दको तारतम्य मिलाउनै सकेन ।

भोलिपल्ट बिहानै आमाको साथमा लागेर तीनै जना केटाहरू नाँच्दै र उफ्रिदै डढे दर्जी बुढाकहाँ पुगे । उनले आमाको र भाइहरूको शरीरमा फिता तन्काउँदै र घुमाउँदै नापको अङ्क एउटा थोत्रो कापीमा टिपे र रमेशलाई पनि नापका लागि बोलाए । यसरी कपडा सिलाउन लाग्दा एउटा अनौठो खुशीको तरंग शरीरमा दौडिएर उसलाई सिरिङ्ग भएजस्तो भयो । दर्जी बुढाले उसको कम्मर र खुट्टाहरू नाप्दै सोधे "क्रिज राख्ने कि नराख्ने, अनि राख्ने भए एउटा कि दुईटा राख्ने, भित्री पाकेट पनि राखिदिऊँ ?" कहिल्यै नसुनेको शब्दहरू सुनेर ऊ अकमक्क पर्‍यो र आमातिर हेर्‍यो । आमाले भनिन्, "जे गर्दा राम्रो हुन्छ, तेस्तै सिलाइदिनु न, तपाँईलाई के भनिराख्नुपर्छ र ?" सबैको शरीर र कपडासमेत नापेर दर्जी बुढाले औँला गन्दै भने, "आज मंगलबार भैगो, बिबार, सुकबार, ल, तीन दिनपछि शनिबार बेलुका आउनू ..."

माऊसँग कहिले ढेस्सिँदै, कहिले अगाडि, कहिले पछाडि, बुर्कुसी मार्दै छुनुमुनु गरिरहेका बाख्राका चञ्चले पाठाहरू जस्तै आमाको अघिपछि नाँच्दै र उफ्रिदै धानबारीको बीचैबीच भएर उनीहरू घर फर्के । स्कुल जानु नपर्ने भएकाले

केटाहरू साङ्लीबाट फुस्केको भोटे कुकुर जत्तिकै भएका थिए । त्यसमाथि दशैंको लुगा सिलाउन दिएर आएका उनीहरूका भुइँमा खुट्टा नै थिएनन् ।

उनीहरूले छरछिमेकमा देखेजति र भेटेजति सबैलाई आफ्नो लुगाको बारेमा सुनाए । कपडा कस्तो छ, कुन रंगको छ, कहिले ल्याएको, बुबाले के भन्नुभो, कहिले सिलाउन दिएको, सिलाइ कहिले सकिन्छ, दर्जी बुढाले नाप्दा के भने आदि सम्पूर्ण फेहरिस्त एउटै नबिराई बताए । तर रमेश आफैँले होस् वा भाइहरूले होस् लुगाको वृतान्त बताउँदा रमेशको प्यानको प्रसंगलाई भने महत्त्वका साथ एउटा महान् प्राप्ति र उपलब्धिका रूपमा प्रस्तुत गर्न भुलेनन् । उत्साहको उच्च डिलमा उभिएर उनीहरूले साथीहरूको झुण्डमा घोषणा गरे, "बुझ्यो, हाप्पिनको जस्तो बाक्लो र खस्रो कपडा होइन, 'प्यान' त चिप्लो, चिल्लो र हलुङ छ ... ।"

यी तीन भाइहरूलाई तीन दिन बिताएर शनिबारको पनि बेलुका भने वर्षौंको प्रतीक्षा गरे जत्तिकै भयो । अधीरता र छटपटीमा रातदिन पिल्सिएर मरिहत्ते गर्दा पनि शनिबार छिटो आएन । बल्ल बल्ल शुक्रबार आयो । आफ्नो प्यान सम्झेर रमेशको खुशी र उत्साह यति अटाइ नअटाइ भयो छातीभित्र कि त्यसको बयान वरपर नजिकका साथी संगीहरूसँग मात्र गरेर उसको चित्त बुझेन । उसले ठान्यो आफ्नोभन्दा केही पर घर भएको आलोकलाई समेत यस बारेमा नबताई उसको मनको उकुसमुकुस शान्त हुने वाला छैन । आखिर उसको प्यानको महत्त्व बुझ्ने, पहिलेदेखि नै 'प्यान' नै लगाउँदै आएको आलोक बाहेक वरपर उसको साथी नै को छ र ? ऊ एक प्रकारको रनाहामा हान्निएर आलोककहाँ पुग्यो ।

अरूअरूसँग जस्तो आलोकसँग अनियन्त्रित उत्साहका साथ हतार हतार गरेर आफ्नो 'प्यान' को बखान गर्न थालिहाल्न पनि उचित हुँदैन्थ्यो, ऊ त यस्ता कयौं प्यानहरू फटाइसकेको मान्छे । उसको अगाडि के के न ठूलो कुरा पाए जस्तो गरेर प्रस्तुत हुँदा आफूलाई निम्नस्तरको मूल्याङ्कन गरेर ऊ हाँस्न सक्ने भएकाले विषय र प्रसंग मिलाएर मात्र आफ्नो कुरा राख्नुपर्ने सम्बन्धमा ऊ सतर्क भयो । तर जतिसुकै सतर्क भए पनि एकैछिनको कुराकानी पछि उसले आफूलाई नियन्त्रण गरिरहन सकेन र बकिहाल्यो, "अस्ति बजारबाट बुबाले सप्पैलाई लुगा ल्याइदिनुभो, मलाई चैं यसपालि प्यान् र सर्ट ल्याइदिनु भएछ ।" रमेशले सोचेजस्तो आलोकले यो कुरालाई उत्साह र उत्सुकताका साथ ग्रहण गरेन, सामान्य प्रतिक्रिया दर्शायो, "ए हो ? राम्रो छ ?" छातीभित्र उकुसमुकुस भएर ओकलिन हतार गरिरहेको शब्द प्रवाहलाई रमेशले चाहेर पनि रोक्न सकेन, ऊ स्वचालित रूपमा बोल्यो, "अँ, एकदम राम्रो छ, बाक्लो र चम्किलो छ, छाम्दा चिप्लो पनि छ, दर्जीले भोलि बेलुका सिएर दिन्छु भनेको छ ....... ।"

आलोकले उसको कुरा सुनिरह्यो र उसलाई हेरिरह्यो, ऊ केही बोलेन ।

एकछिनपछि रमेशले नै सोध्यो,"अनि तिम्रो लुगा ल्याको ?"

"अँ, एउटा जिन्स र टि सर्ट ल्याइदिनु भको छ ।" उसले सामान्य तरिकाले भन्यो र तुरून्तै कुराको प्रसंग अर्कैतिर लग्यो । आलोकको लुगाको नाम र प्रकार सुनेर ऊ एकछिन जिल्ल पर्‍यो । एकछिनसम्म आलोकसँग खेलेर रमेश आफ्नै घरतिर लम्क्यो, जे भए पनि आफ्नो लुगाको बारेमा आलोकलाई बताउन पाएकोमा एक प्रकारको राहत र सन्तुष्टि महसुस गर्‍यो ।

बल्ल बल्ल शनिबार आयो । बेलुका लुगा लिन जानु पर्ने, उनीहरू बिहानको खाना खाइसक्ने बित्तिकै दर्जी बुढाकहाँ हान्निए । तर बुढाले उनीहरूको कपडा सिलाउनु त कता हो कता कपडाको मुठो खोलेको पनि थिएन । उनीहरू त्यसै निराश भएर फर्के । भोलिपल्ट पनि उनीहरू त्यसैगरी दर्जीकहाँ पुगे, बैठकमा फोका उठ्नेगरी बेञ्चमा थच्चिए, छट्पटाए । अन्तमा बुढाले काम नभ्याएकोले भोलि आउनु भनेपछि हतास र निरास भएर फर्के । तर भोलिपल्ट हैन पर्सिपल्ट पनि बुढाले उनीहरूलाई त्यसैगरी फर्कायो । वास्तवमा दशैंको बेलामा बुढाले अपनाउने रणनीति नै यही थियो - ऊ आएको काम भ्याउँदिन भनेर कहिल्यै फर्काउँदैनथ्यो र सबैलाई यसैगरी झुलाउँथ्यो । दाजुभाइहरू मिलेर हरेक दिन आफ्नो दुखेसो आमालाई पोख्थे तर केही समाधान निस्कदैन्थ्यो । त्यसैले अन्तमा उनीहरूले बाबुसँगै आफ्नो इति वृत्तान्त बताए । यस पटक भने आमाले पनि उनीहरूको कुरामा सही थपिन् "यो दर्जी बुढो यस्तै हो, ज्यालामा सिलाउनेको चैँ तारन्तार सिलाएर दिन्छ, बाली दिनेहरूको चैँ यसरी नै झुलाउँछ –उल्लाई के छ र, जे गरे पनि मुंसिरमा उसको धान् पाकिहाल्छ ।"

बल्ल केटाहरूलाई लिएर बाबु आफै बुढोकहाँ पुगेर दुईचार कुरा भनेपछि त्यसको भोलिपल्ट अर्थात् फूलपातीको दिन सिलाएको कपडा हात पर्‍यो । ढिलो आए पनि आखिर पर्खेको दिन आइपुगेरै छाड्यो । केटाहरू उन्माद र उत्तेजनाले तीन भित्ता उफ्रिंदै लुगाको पोको झुण्ड्याएर घर आइपुगे । घरमा एउटा महोत्सवको झैँ वातावरण भयो । कसैलाई कसैको कुरा सुन्नु थिएन, बोल्नु थियो बस् । उनीहरू बोलिरहे चर्कोचर्को स्वरमा एक अर्कालाई उछिन्दै । उनीहरूको उत्साह धेरै बेरसम्म सेलाएन, हर्ष र उल्लासले वातावरण छ्यालब्याल पार्दै उनीहरूले हो-हल्ला गरिरहे । बाबुआमाले सुखद आनन्दका साथ यो दृश्य हेरिरहे । तर अन्तमा आमाले भनिन्, "बुधबार र बिबार तिमेर्लाई लुगाको साइत गरेको फाप्दैन, पर्सि शुक्रबार मात्र लाउनू ।"

हरे शिव, शिव, फेरि अर्को प्रतीक्षा ! तर आमाको आदेश उल्लङ्घन गर्नु भनेको अनिष्ट निम्त्याउनु मात्र हो - उनीहरूले शुक्रबारसम्म नपर्खी कुनै धरै पाएनन् ।

गाउँभरि दुर्गाकवच र चण्डीपाठहरू भए, वरपरका घरहरूमा हरेक बिहान शंख र घण्टीहरू बजे, कसैकसैका घरहरूमा खसी, बोका र राँगाहरू काटिए, रातभरि ढिकीमा चिउरा कुटेको आवाज आइ नै रह्यो, अनि परको मन्दिरमा मानिसहरूको आवतजावत दिनैपिच्छे बढ्दै गयो, चारैतिर उल्लास र हर्ष छायो । यी सबै कुराहरूमा बाहिरबाहिर रूपमा जोडिए पनि रमेशको भित्री हृदय भने 'प्यान' लगाउन पाउने शुक्रबारको पर्खाइमा गजधुम्म परेर बसिरह्यो । दिउँसो त जसोतसो विभिन्न रमझम र मस्तीका गतिविधिहरूमा उसको ध्यान बाँडिन्थ्यो, तर रातमा भने धेरै पटक कोल्टे फेरेपछि मात्र निदाउन सक्थ्यो ऊ । अत्यन्त छटपटी भएपछि एकपटक त उसले ओछ्यानबाट उठेर सुटुक्क आफ्नो 'प्यान' बोकेर बाहिर सिकुवामा समेत आयो । टहटह लागेको जूनको उज्यालोमा प्यान्ट्सलाई आफ्नो दुबै खुट्टामा बाहिरबाट टँसाएर हेर्दा अत्यन्त सुहाएको देखेर दंग पर्दै फेरि कोठाभित्र पसेर सुत्यो । बास्तवमा यो प्रतीक्षाको अवधिभर उसको अभ्यन्तरमा महाभारत जस्तै एउटा महासंग्राम नै लड्यो उसले ।

अनि मात्र झुल्कियो पूर्वी क्षितिजमा शुक्रबारको घाम अत्यन्त उत्साह र उल्लासका रंगहरू छर्दै । जुरूक्क उठेर आँखा मिच्दै सबैभन्दा पहिले रमेशले सिरानी छेवैमा राखेको लुगाको पोकोलाई नै आफ्नो निसाना बनायो र भोको सिंहले हरिण उपर झम्टेझैँ जाइलाग्यो । उसले हल्ला गर्दै भाइहरूलाई उठायो र बहुप्रतीक्षित लुगा लगाउने दिन उनीहरूको घरमा प्रवेश गरिसकेको सुसमाचार सुनायो । भाइहरू आँखा मिच्दै उठे र प्रफुल्लताले ढकमक्क फुले । एकैछिनमा हो हल्ला र कोलाहल मच्चियो । सबै आ–आफ्ना लुगा लगाउन तम्सिए ।

भाइहरूले त हतारहतार लगाउन भ्याइ पनि हाले तर काँधमा भिर्ने फिताको तारतम्य मिलाउन नजानेर एकस्वरमा कराउन थाले, "दाजु मेरो फिता मिलाइदेन" "होइन दाजु, मेरो पहिले मिलाइदेन" भाइहरूको लुगा मिलाउँदा मिलाउँदै ऊ एकछिन अल्मलिन पुग्यो तर रमेशको दुर्भाग्य ! त्यतिखेरै बाहिरबाट अचानक आमा प्रकट भइन् र फेरि बाधा तेर्स्याइन् 'थुक्क ध्वाँसे गिद्धहरू, मुख पनि नधोई हेर अतािल्लिएर मर्न लागेका ! तिमेरू नयाँ लुगा तुरून्त खोल्छौ कि आऊँ सिर्कनो लेर हँ ? आज नवमीको दिन, बाहुनका छोराहरू, उठ्नेबित्तिकै न्वाइ ध्वाइ गर्नु त कता हो कता, हिजो दिनभरि धुलो माटोमा खेलेर हेरी नसक्नु भाको जीउमा उन्न भ्याइहाल्यौ होइन कसैको नभाको तिमेर्का थाङ्नो !" सबै जना हस्रक्क परे, उत्साह त्यसै सेलायो । भाइहरू चुपचाप लुगा खोल्ने कार्यमा लागे । रमेशले पनि आफ्नो लुगा यथावत् पोलिथिनको झोलाभित्र राख्यो र चुपचाप घरबाहिर निस्क्यो । बावु चैं गाडाको जुवामा राँगाहरू ल्याएर बाँध्दै रहेछन् । रमेशले बाबुको छेउमा गएर सोध्यो, "बुबा कहाँ जाने ?"

"फुँएलको घरमा दुई गाडी बालुवा ल्याइदिनु परो अरे, खोलामा जान आँटेको" बाबुले जवाफ दिए ।

रमेशको दिमागमा अचानक विचार फुऱ्यो-खोलामै गएर नुहाउने अनि नुहाएपछि त लुगा लगाए भैहाल्यो नि !

"म पनि जान्छु", उसले तुरून्तै आफ्नो इच्छा जाहेर गऱ्यो ।

बाबुले एकछिन यो र त्यो कुरा गर्दै अनुमति नदिने कुरा गरे । तर रमेशले नाक बजाउँदै केही बेर जिद्दी गरेपछि स्वीकृति सूचक टाउको हल्लाए । ऊ तुरून्तै कोठाभित्र पस्यो र आफ्नो 'प्यान" बोकेर बाहिर आयो । सर्ट त पहिले पनि लगाइरहेकै हो-उसलाई प्यान्टस्मै बढी दिलचस्पी थियो । जाने विषयमा आमाले पनि खासै आपत्ति जनाइनन्, तर जब उनको आँखा रमेशको हातमा झुण्डिएको प्यान्टस्मा पऱ्यो, उनले तीब्र आपत्तिजनक स्वरमा कराइन् "प्यान चैं किन बोकेको नि ?"

"उहीँ खोलामा लाउनलाई" काखीमा प्यान्टस् च्यापेर अलि पर भाग्दै करायो ऊ ।

"पर्दैन लानलाई, कसैको नभको तेरो प्यान, घरमा आएर लाउनू" आमाले प्रतिवाद गरिन् ।

तर रमेश उनको बशभन्दा बाहिर गइसकेको थियो, काखीमा लुगा च्यापेर ऊ बाटोमा दौडिसकेको थियो । आमाले निकैबेर कराइन् तर के पत्तो लाग्थ्यो हार खाएर उनले छोडिदिइन् । तर सानो चैं भाइलाई आमाले जान दिइनन्, 'सानो मान्छेले खोलामा जानु हुँदैन' भनेर फकाइन् । अनि बाबुको साथ लागेर दुई दाजुभाइ खोलातर्फको बाटो लागे ।

बाबुले एकनासले गाडा हाँकिरहे । केटाहरू भने कहिले गाडामा बसेर गीत गाउँथे, कहिले उभिन्थे, कहिले गाडाको चक्का खाल्डोमा पर्दा असन्तुलित भएर गाडीभित्रै लड्थे र हाँस्थे अनि कहिले बालुवा नझरोस् भनेर गाडाको दुबै साइडमा लगाएको बाँसको बार समातेर हल्लाउँथे । यी सबै कृत्यहरू गरिरहँदा रमेशले आफ्नो प्यान्टस् गाडाको बारमा झुण्ड्याइरहेको थियो । त्यसैले जे जे गरेपनि उसको अविच्छिन्न ध्यान् चैं त्यसैमा केन्द्रित थियो ।

ए, उनीहरू त आलोकको घर छेउ पो आइपुगेछन् ! आलोकको घर खोलाको नजिकै थियो र खोलामा जाँदा उसकै घरअगाडिको बाटो भएर जानुपर्थ्यो । ओहो, आलोक अहिले बाटोमै वा बाटोबाट देखिने ठाउँमा भए त उसको प्यान् पनि देखाउन मिल्थ्यो नि ! रमेशले थाहा पायो उसको प्यान् त गाडाको अर्को साइडमा पो झुण्ड्याइएको रहेछ, उसले हतार हतार त्यो उठायो र आलोकको घरपट्टिको साइडमा बाहिरबाट देखिने गरी झुण्ड्यायो । रमेशले आँखा तानीतानी

बाटोमा वा घरको वरपर हेऱ्यो तर उसको महान् प्रदर्शनी अवलोकन गर्न आलोक कहीँ कतै नजर आएन ।

आलोकको घर कट्ने बित्तिकै नजिकै आइरहको खोलाको आकर्षणले यी दाजुभाइलाई यसरी तान्यो कि उनीहरूले गाडाको धीमा गतिमा आफ्नो वेगवान् गतिमा उड्न चाहिरहेको मनलाई नियन्त्रित राखिरहन सकेनन् । उनीहरू दुबै जना बुरूक्क हाम्फाले गाडाबाट र अगाडि दगुरे । केही पर सेतो बालुवा टल्केको खोलाको बगर लमतन्न देखेर उनीहरूको उत्तेजना झनै थामी नसक्नु भयो र उनीहरू झन् बेगसँग दौडिए । खोलामा पानी धेरै नभएकोले बाबुले पनि उनीहरूलाई सतर्क गराइरहन जरूरी ठानेनन् र उन्मुक्त छोडिदिए उनीहरूकै हालतमा ।

बाबुलाई खोलासम्म आइपुग्न १० मिनेट जति लाग्यो, तर त्यतिबेलासम्म केटाहरू आ–आफ्नो कट्टुसमेत खोलेर पानीमा पसेर एकअर्कालाई पानी छ्यापछ्याप गर्न थालिसकेका थिए । बाबुले एकनजर केटाहरूतर्फ हेरे र राँगाहरूलाई गाडीबाट अलग्ग नै नगरी धमाधम फरूवाले खन्दै खोलाको बालुवा गाडामा लोड गर्न थाले । केटाहरू सारा संसार बिर्सेर पानीमा खेल्न थाले । नुहाउनु के थियो र, बस पानीमा डुबुल्की मार्नु, बाहिर बालुवामा निस्केर लडिबुडी गर्नु र फेरि पानीमै हाम्फाल्नु–पूर्ण तल्लीनताका साथ उनीहरू यसै कृत्यमा हराइरहे ।

लगभग २० मिनेट जति पछि असिन पसिन भएर बाबुले गाडामा बोक्न सकिने जति बालुवा लोड गरे र केटाहरूलाई बोलाए । उनीहरू चिर्बिराउँदै दौडिए । अब नुहाइसकेकाले 'प्यान लाउन पाइने विचार दिमागमा आउनासाथ उत्तेजनाको तरंगले रमेशको जिउ सिरिंग भयो । ऊ वेगवान् गतिमा प्यान झुण्ड्याएतर्फको गाडाको बारतर्फ हान्नियो ।

अचानक रमेशको सर्वाङ्ग चिसो भयो-भित्री हड्डीदेखि नै काम्यो ऊ । मेरीबास्सै नि प्यान् त छैन त ! लगभग बेहोशीमा नै उसले गाडाको पूरै फन्को मार्‍यो, अघि आउँदा गाडाको चक्काले बालुवामा बनाएको डोब आँखाले पहिल्याउँदै परसम्म हेऱ्यो-अहँ कतै छैन । उसले अँध्यारो अनुहार लाएर रुन्चे स्वरमा बाबुलाई बतायो, "बुबा, यीं राखेको थें, प्यान् त छैन ..."

"हऽऽऽऽ" बाबु पनि एकपटक झसङ्ग भए र तीव्र प्रतिक्रिया जनाए, "धेरै उम्लेको थिस् नि, खाइस् अब"

राँगा गाडालाई त्यत्तिकै छोडेर तीनै जना बाबुछोरा अलि परसम्म अघि आएको बाटो हेर्न गए-तर के भेटिन्थ्यो, कहाँ कतिखेर झऱ्यो झऱ्यो । सोधी हेर्नलाई वरपर कोही मान्छे थिएनन्, अब के नै गर्न सकिन्थ्यो र ? बाबुले माया मारे र फर्केर गाडी लिएर आए । एउटा असह्य जलनले रमेशको छाती पोलिरह्यो ।

ऊ भित्रभित्रै रोइरह्यो । उसलाई सारा वातावरण बिरक्तिलो, निरस, र झर्को लाग्दो लाग्यो । सम्पूर्ण रूपमा हारेर, सेलाएर, सर्वस्व गुमाएर अत्यन्त विषादपूर्ण र तिक्त अनुभूतिका साथ निभेको अनुहार लिएर लख्रक लख्रक गर्दै ऊ घर आइपुग्यो ।

जब घटना वृत्तान्त आमाको कानमा पर्‍यो, क्रोध र विस्मातको मिश्रित भावले उनको अनुहारको रंग नै बदलियो । स्वाभाविक रूपमा आवेशमा आएर उनले रमेशलाई कराइन्, "थुक्क अभागी ! त्यस्को थाङ्नो बोकेर नजा न विधाता भनेर मरिहत्ते गर्दा भएन असतीलाई, हेर कत्रो नास ! अब भुत्रो लगा न दशैंमा..." रमेशले चुपचाप निहुरेर घुटुक्क पीडा निल्यो ।

त्यसपछि दशैं आयो, सबैतिर रमझम भयो, दशैं सकिएर स्कूल लाग्यो । स्कूल फेरि बिदा भयो, तिहार आयो सकियो र फेरि स्कूल लाग्यो । एवंरीतले समय बित्दै गयो । तर रमेशको पुरानो हाफ प्यान्ट्स परिवर्तन भएन । पुरानो भएर प्वाल परेर टालियो, तैपनि रमेशबाट मुक्ति पाएन त्यसले ।

धेरै दिनपछि एकदिन शनिबार रमेश त्यही हाफ प्यान्ट्स ल्याएर आलोककहाँ खेल्न पुग्यो । आलोक आफ्नो जीन्स र टि-सर्टमा चिटिक्क परेर बसेको भेटियो । रमेशले ट्वाल्ल परेर लोभलाग्दो नजरले आलोकलाई हेरिरह्यो र एकछिनपछि सोध्यो, "यो दशैंको लुगा हो ?"

"हो, अनि तेरो चैं खोइ त, कहिल्यै लाउदैनस् त ?" आलोकले प्रतिप्रश्न गर्‍यो ।

रमेशले इति वृत्तान्त सुनाउन थाल्यो । तर उसले पूरा कथा सुनाउन नपाउँदै आलोकले उछिनेर बोल्यो, "दशैंको टीकाको अघिल्लो दिन हो ? ए, हाम्री आमाले भेट्टाउनु भको थ्यो खोलातिर जाने बाटोमा, तर तँ त एकदम राम्रो छ भन्थिस् त तेरो प्यान, त्यो त राम्रो थिएन ।"

अचानक रमेशका आँखा उद्विप्त भए, उसले हत्तारिएर सोध्यो, "खै त त्यो ?" "ए त्यो त मैले लाउँछु भनेको, आमाले दिनु भएन, सस्तो पोलिस्टरको रहेछ, लाउँदा पास्छ, पोल्छ भनेर बुद्धेलाई दिनुभो ।"

बुद्धे आलोकको खेतमा काम गर्ने लखन थारूको छोरो थियो, रमेशकै उमेरको । एकैछिनमा आलोकले बुद्धेलाई बोलायो, ऊ कुद्दै कुद्दै आएर उनीहरूको अगाडि उभियो ।

आलोकले के भन्यो त्यसपछि रमेशले केही सुनेन । उसले आँसुले टिलपिल टिलपिल भएका आँखाले बुद्धेको शरीरमा उनिएको फोहर र मयलले कटकटाइरहेको आफ्नो प्यान् हेरिरह्यो ।

ooo

# आयुर्वेद र नेपाली वनसम्पदा

✍ **नारद गौतम**
**बुटवल, रूपन्देही**

हुन्छन् स्थावर बीस लाख र तिनी सम्पूर्ण हुन् औषधी ।
जे छन् वृक्षवनस्पति प्रिय गुणी छन् पूर्ण लेख्छन् सुधी ॥
यो नेपाल जडीबुटी अति हुने भूक्षेत्रमा पर्दछ ।
साराको उपयोग भैदिन सके कल्याण यो गर्दछ ॥

***

यार्सा जीवक छन् पहाड शिरमा राख्छन् यहीं मिल्दछन् ।
कस्तूरी छ यहीं असीम गुणको घुम्छन् यहीं चर्दछन् ॥
छन् ठूला पहरा त्यता लिन सके खानी शिलाजित् छ नि ।
त्यो गोलोचन हर्छ पूर्ण विष नै गाई दिने गर्छ नि ॥

***

केही छैन यहाँ कमी प्रकृतिमा नेपाल भण्डार हो ।
पाइन्छन् नि यहाँ निकै विविधता यो पूर्ण संसार हो ॥
हाम्रा सम्पति सम्पदा सब यिनी खेरा गए ताप छ ।
यस्ता यी सब स्रोतसाधन सडे चिन्ता छ यो चाप छ ॥

***

आयुर्वेद यहीं छ ज्ञान त्यसले सम्पूर्ण दर्शाउँछ ।
यस्तो रोग यिनी बुटी यति भनी कल्याण बर्साउँछ ॥
त्यस्मा ध्यान गएन हुन्न यसरी आओस् यता चेतना ।
बिक्री हुन्छ नि औषधी धन छ यो यस्मा बनोस् योजना ॥

***

हुन्छन् रोग अनेक मिल्छ गणना देखिन्छ संख्या पनि ।
सारा साध्य भनिन्छ आयु जति हो बाँचिन्छ यस्तो छ नि ॥
गन्दा छन् नि त आठबीसपछि यो संख्या थपौं बाह्र छ ।
कोरोना कृमिरोग हो अघि थियो ऐले त्यही व्याप्त छ ॥

***

सारा रोग निको हुने वनभरी मिल्छन् यहीं औषधि ।
मात्रै बुद्धि भएन ध्यान यसमा राखिन्न छैनन् विधि ॥
किन्थ्यो विश्व त औषधी यदि बने निर्यात हुन्थ्यो त नि ।
यस्ले हुन्छ नि अर्थतन्त्र बलियो नेपाल बन्थ्यो धनी ॥

***

ooo

# समवेदना प्रकट गर्दा लेखिने केही शोकसन्देशहरू

✍ **ओमप्रकाश अधिकारी 'बेफुर्सदी'**
**कावासोती-१६, डण्डा, नवलपुर**

मृतकको चिरशान्तिको कामना गर्दै छापामा यद्वा विभिन्न पत्र-पत्रिका, फेशबुक, मेसेन्जरहरूमा समवेदना प्रकाशित गर्ने प्रचलन हामीले थाहा पाएभन्दा धेरै अगाडिदेखिको हो भन्ने कुरामा अत्युक्ति हुने छैन ।

मान्छेको व्यस्तता साथै आजीविकाका निम्ति टाढाटाढा जानुपर्ने विवशताका कारण मराउ परेका घरमा सकेसम्म सशरीर उपस्थित भई सरसहयोग पुस्याउने परम्परालाई निरन्तरता दिन असम्भव भएकोले पनि शोकसन्तप्त परिवारलाई सान्त्वना दिन परिचितले श्रद्धाञ्जलि छपाउने परिपाटीले व्यापकता पाएको छ ।

यहाँ यसै सन्दर्भमा ठाउँ, समय र परिस्थितिअनुसार हार्दिक श्रद्धाञ्जलि यद्वा समवेदना प्रकट गर्ने सिलसिलामा विभिन्न शोक-सन्देशहरूमध्ये प्रायः चलनचल्तीमा आएका केही सन्देशहरू पाठकवृन्दको जानकारीको लागि प्रस्तुत गरिएको छ :-

१. **न जायते म्रियते वा कदाचित् -**
**नायं भूत्वा भविता वा न भूयः**
**अजो नित्यः शाश्वतो ऽ यं पुराणो**
**न हन्यते हन्यमाने शरीरे ॥**
*- (भगवद्‌गीता २/२०) ।*

(न जन्म यस्को छ, न मृत्यु हुन्छ
भयो अघी यो न पछि हुनेछ ।
पुराण हो यो अज नित्य नै छ
शरीर मर्दा न त मारिने छ ॥ ***(कमलगीता।)***

अर्थात् यो आत्मा न कहिल्यै जन्मन्छ, न कहिल्यै मर्दछ, न त एकचोटि भएर फेरि हुन्छ नै । यो त अजन्मा, नित्य, शाश्वत र पुरातन छ । अतः आत्मा कहिल्यै नाश हुँदैन ।

२. वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।

तथा शरीराणि विहाय जीर्णा-
न्यान्यानि संयाति नवानि देही ।। (ऐ. २/२२)
(फ्याँकेर जस्तै कपडा पुराना
मनुष्यले फेर्दछ वस्त्र नाना)
त्यसैगरी वृद्ध शरीरलाई
त्यागी नयाँ जीवन लिन्छ देही ।। )

मान्छेले पुरानो लुगा छोडेर नयाँ लुगा लगाएझैं जीवात्माले बूढो शरीर त्यागेर दोस्रो नयाँ शरीर प्राप्त गर्दछ ।

३. नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः (२/२३)
(शस्त्रले न त काटिन्छ, आगाले पोलिदैन यो ।
पानीले गाल्न सक्दैन, हावाले न त सुक्छ यो ।।)

यो आत्मालाई शस्त्र (हातमा लिएर नै काट्ने, मार्ने आदि काम गरिने हतियार, खुकुरी, तरबार, खुँडा आदि) हरूले काट्न सक्दैनन्, आगाले डढाउन सक्दैन, पानीले गलाउन र हावाले सुकाउन सक्दैन ।

४. अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योशोष्य एव च ।
नित्य सर्वगतः स्थाणुरचलोऽयं सनातनः ।।- (२/२४)
(काट्न पोल्न न वा गाल्न सकिन्छ न सुकाउन ।
सर्वव्यापी नित्य स्थिर आत्मा यो छ सनातन ।।)

काट्दा नकाटिने, डढाउँदा न डढ्ने, भिजाउँदा नभिज्ने, सुकाउँदा नसुक्ने, यो नित्य, सबमा रहेको, स्थिर, अचल र सनातन छ ।

५. जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ।। (२/२७)
(जन्मिनेको मृत्यु हुन्छ मर्नेको जन्म निश्चिय ।
छ अवश्य भने फेरि शोक तिम्रो अयोग्य छ ।। )

जसले जन्म लिएको छ, त्यसको मृत्यु निश्चय छ र जो मर्छ उसको जन्म पनि निश्चित छ । त्यसैले जुन कुरा अवश्यम्भावी छ त्यसका लागि शोक गर्नु उचित हुँदैन ।

यस्तै, 'काल महिमा' मा कविशिरोमणि लेखनाथ पौड्याल लेख्नुहुन्छ -

६. भाका भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।

थुप्रोमा उधिनी मिठो र नमिठो रोजेर छान्दैन त्यो
राजा रङ्क सबै समान उसका वैषम्य गर्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ॥

**यस्तै अन्य सन्देशहरू :**

७. तिम्रै माया तिम्रै छायाँ, घर संसारै स्वर्ग थियो ।
आयो हुरी झार्‍यो आँसु, निभ्न गयो प्राण दियो ।

८. सम्झना शेष रह्‍यो केवल एक दुःख स्वप्न ।
हामी विवस छौं दैवको, असह्‍य त्यो पीडा खप्न ॥

९. आत्मबल र साहसले भरिएको
तिम्रो शरीर भगवान्‌को प्यारो भो ।
हरेक मोडमा झझल्को आउने
तिम्रा सम्झनाहरू बिर्सन गाह्रो भो ॥

१०. कता गई बिलाउनुभयो ?
एक्लो हामीलाई छाडेर ।
छातीमा सम्झना चर्कियो
आँखामा आँसु रित्तिएन ॥

११. तपाईं जानुभयो/ तिमी गयौ यहाँबाट
सम्झना मनमा रह्‍यो ।
छुटेको त शरीरै हो
आत्मा त आत्मामै मिल्यो ॥

१२. विधाताले तपाईंलाई/तिमीलाई
अल्पायुमै चुँडेर लगे पनि ।
हाम्रो सम्झना जीवनभर
तपाईंलाई /तिमीलाई ॥

१३. आजभोलि मरे भन्दै
जीवन यहाँ अस्ताउँछ ।
प्रभुलाई माया गर्ने मानिस
मृत्युपारि उदाउँछ ॥

१४. छाडिगयौ हामीलाई, जीवनको यो मोडमा ।
सम्झना भई बिलायौ, हावासँगै उडिगयौ ॥

१५. इष्टमित्र परिवारजन सबैको प्यारा थियौ तिमी ।
हामीलाई यहीं छाडी, कहाँ गयौ तिमी ? ॥

१६. लग्यो दैवले चुँडेर एकाएक तपाईंलाई / तिमीलाई ।
स्तब्ध भयौं, शून्य भयो, सारा संसार हामीलाई ॥

१७. परोपकार सद्भाव दया, माया र शिष्टता ।
लुटेर सब लैजाने दैवको हेर धृष्टता ॥

१८. खालि ढीलो र चाँडो हो, सारा जान्छन् हुँदै कथा ।
शान्तिको कामना मात्र रह्यो बाँकी अहा ! यता ॥

१९. ब्रह्मादेखि लिएर मृत्यु-वशमा पर्दै नपर्ने छ को ?
मर्नै पर्दछ चार - पाँच दिनको ढिलो र चाँडो न हो ? ॥

२०. आए जो पहिले गए सब जना हामी सबैको पनि ।
एउटै मार्ग छ, जानुपर्छ सबले बस्दैन कोही पनि ॥

२१. उदायौ यस धर्तीमा तिमी, मौलायौ जनको वन ।
लियौ विश्राम चिरकालसम्मको रूवाई सबको मन ॥

२२. यौटा बत्ति थियौ धपक्क बलने सौभाग्य हाम्रो थियौ
यस्ता शक्ति थियौ समर्थ सबका अग्रज् सबैका थियौ ।
माली एक थियौ, झपक्क फुलझैं हामी फुलेका थियौं ॥
छाडी चट्ट गयौ, अनन्त-पथमा हे वंशका सारथि
आँसुका जलले भरेर अँजुली अर्पन्छु श्रद्धाञ्जलि ॥

२३. समय, कालले पनि गुनीलाई नै चुन्नुपर्ने !
खटन तिम्रै छ, किन रोगाधिको जाल बुन्नुपर्ने ?
गुनी जति चुनी चुनी कहाँ लैजान्छौ फूलहरू
हाम्रै पुरलाई पनि त चाहिन्छ यस्ता गुनी मानिसहरू ॥

२४. धरतीको कुसुम यो, कसले टिपी लग्यो ?
बगैंचा नै टुहुरो भो, सर्वस्व नै लग्यो ।
हामी कहिल्यै सक्दैनौं, यो पीडा बिर्सन
हामीलाई लाग्छ सधैं, तिम्रो तिर्सना ॥

२५. सबैलाई छोडी नफर्कने बाटो गयौ रे भन्छन् ।
पत्यार हुन्न, सँगैको साथी, ब्रह्मलीन भयौ रे भन्छन् ॥

२६. छोडेर यो मर्त्यलोक, स्वर्गलोक पुग्यौ तिमी
झलक्क दर्शन दिई, अन्तर्ध्यान भयौ तिमी ।
सम्झना छ मनमा धेरै, बिर्सन कहाँ सकिन्छ र ?
जन्म-मृत्यु भावीको खेल हो, यसलाई मेट्न कहाँ सकिन्छ र ?

२७. चुँडेर लग्यो दैवले तिमीलाई देखाई बहाना
उडेर गए बताससँग नै खुसी र चाहना ।
बढ्दो छ पीडा चहस्याउँछ घाउ भो अब नहान
दैवको दण्ड, प्रियको बिछोड गाह्रो भो सहन ॥

२८. नाशवान् शरीर सबको नासिनु धर्म हो भने
अजर अमर आत्मा जानी
चिन्ता लौ किन हो लिने ?
गर्नु भो धेरै काम गाउँ र देश सप्रने
शरीर नासिई गए पनि कर्म छन् धेरै सम्झने ॥

२९. आमा दशधारा दुधको भार चुकाउँ कसरी ?
दिनरात नभनी गरेको स्याहार बिर्सनु कसरी ?
दुःखमा धेरै रोयौ, हाम्रो हाँसोमा हाँस्यौ पनि
नतमस्तक हाम्रो मनको पुकार सुनाउँ कसरी ?

३०. दीप थियौ तिमी हाम्रो कुलको
अग्रज थियौ, तिमी हाम्रो मूलको ।
तिमी वृक्ष थियौ, हाम्रो वंशको
हामी थियौं त्यसैको फल ॥

३१. एक्लो बनाई सबलाई छाडी
अनन्त- पथमा गयौ ।
यो मानव-चोला त्यागी
प्रभुमै लीन भयौ ॥

३२. किन छोडिगयौ
यसरी निष्ठुरी बनी ?
समर्पण छ तिमीलाई
स्नेह श्रद्धाञ्जलि यही ॥

३३. क्रूर रैछौ भावी तिमी, जीवन-रत्न खोसेर लग्यौ नि ?
बाँच्नै नपाई मनभरि पनि, मृत्यु झोसेर गयौ नि ! ॥

३४. तिम्रो जन्ममा सबै हाँसे,तर तिमी रोयौ ।
तिम्रो मृत्युमा अरू सबै रोए, तर तिमी हाँस्यौ ॥

३५. दिव्य होस् सदा सर्वदा आत्मा हजुरको ।
लीन भई परमात्मासँग देऊ सदाको ॥
सम्झने छौं अर्ती उपदेश हजुरको
नबिर्सी अर्पण गर्दछौं श्रद्धा-सुमन सर्वदा ॥

३६. आत्मा अजर अमर सत्य सदा त्यो छ अजम्बरी
चिन्ता त्यसमा किन लिनु ? बाँचिरहन्छ सधैभरि ।
पञ्चतत्त्वभित्र रम्दै जीव साक्षी बनिकन ।
रूवाइ जान्छ त्यो फेरि आफ्नै स्वरूप भैकन ॥

३७. यो विडम्बना या भाग्यको खेल ?
या यो स्वप्न, संसारमा यति नै थियो मेल ॥

३८. मैनबत्तीसरह आफू जलेर छर्‍यो
जसले परिवारजनमा उज्यालो प्रकाश ।
मानवको मोहजालबाट मोक्ष मिली
सदा सर्वदा होस् वैकुण्ठ निवास ॥

३९. बाटो सत्य लियौ गयौ सब भुली फेरि भेटौंला कहाँ ?
बस्नू नै शिवलोक वा शिवपुरी सम्झिरहन्छौं यहाँ ॥

४०. आँखाको नानी थियौ तिमी
आकाशमा कता बिलायौ ?
हृदयले भन्छ यही
जहाँ छौ ; उज्यालो छर्दै जाऊ ॥

४१. कोठा लुगा भौतिक सम्पत्ति
जे-जति छन् अर्थादि सन्तान सबै यहीं छन् ।
देखिन्न त्यो भौतिक जिन्दगानी
वैकुण्ठमा बास होस् हजुरको ॥

४२. यदि यादहरूको आँसुले भर्‍याङ बनाउन सके
हामी स्वर्ग गएर फिर्ता ल्याउने थियौं ।
तर असमर्थतामा सम्झना सधैं राख्नेछौं
अनि कृतिहरू अमर गर्नेछौं ।

४३. झर्छन् शिशिरमा पात वसन्तमा पलाउँछन् ।

आत्माले देह छोडेर नौलो सृष्टि सजाउँछन् ॥
सृष्टिको चक्रमा मान्छे आउँछौ र हराउँछौ ।
हराएकाहरूलाई सम्झनामा सजाउँछौ ॥

४४. यौटा सूत्रविषे सुरक्षित सबै तिम्रो थियो छादन,
हामी आज भयौं अनाथ टुहुरा टुट्दो भयो बन्धन ।
गर्दैछौं स्मृति पुण्य स्नेह जनले श्रद्धाञ्जली अर्पण
चाहन्छौं चिर शान्ति औ अमरता स्वर्गीय आत्माकन ॥

***स्रोत : श्रीमद्भगवद्गीता, कमल गीता, गोरखापत्र, कान्तिपुर र अन्य विविध पत्र-पत्रिकाहरू ।***

०००

# के काम भो ?

✍ **मोहन झवाली**
**कपिलवस्तु**

ट्वाण्टी/ट्वाण्टीको जमाना छ, टेस्ट मेचको के काम भो ?
टिक टकको बजारमा, सिनेमाको के काम भो ?
पढाइ अब इमेलमा, स्कूलको के काम भो ?
फोहोर गोबर बराबरी, विवेकको के काम भो ?

टायर पोल्ने धाकमा, योग्यताको के काम भो ?
व्यापारी आज मञ्चमा, त्यागको के काम भो ?
खाने भयो अब नाकले, मुखको के काम भो ?
छरिएका छन् ज्ञानी वेदको के काम भो ?

क्षेप्यास्त्रको जमानामा, तोपको के काम भो ?
सबै गर्ने मासिन छन् कामदारको के काम भो ?
आज शव सिनो सरी छ विधिको के काम भो ?
नारा जुलुसको करकाप छ, अर्जीको के काम भो ?

टी.भी. रेडियो, क्यामरा, क्यासेट बेकाम भो
ठूलाठूला ठेलीहरू ग्रन्थको के काम भो ?
सबै धर्मदर्शनहरूको खोजीमा आसान भो
आडा, बेठान, कलम मसीको हेर त के काम भो ?

०००

# भगवान्लाई प्रश्न

✍ मित्र 'उराठी' गौतम
इस्मा-६, अमरपुर, गुल्मी (हाल : तिलोत्तमा-२, रूपन्देही)

ए भगवान् !
मैले सुनेको,
मैले पढेको-
तिमी अपरम्पार
तिमी विराट्
तिमी निर्विकार
तिमी सूक्ष्मातिसूक्ष्म
तिमी नै ब्रम्हाण्ड विशाल
तिमी सृष्टिकर्ता, पालनकर्ता
तिमी नै दुःखहर्ता
तर भगवान् !
अण्डा पहिले कि
कुखुरी ?
समेत नबुझेको
यो सोझो मनुवाको जिज्ञासा छ
तिमीले हामीलाई बनायौ
कि हामीले तिमीलाई बनायौं ?

मन्दिरभित्र बसी
फूल, अक्षता, नैवेद्य माग्छौ
धन, द्रव्यमा र्‍याल चुहाउँछौ
जसले बढी चढाउँछ
उसैसँग प्रसन्न हुन्छौ
त्यसैले कहावतै बन्यो-
'धन देखे महादेवका तीन नेत्र'

भगवान् !
तिमीलाई मान्छेले माग्ने गरायो
कि तिमीले
मान्छेलाई मगन्ते गरायौ ?

क्विन्टलका क्विन्टल
तिम्रो खजाना
सुनचाँदी, जुहारात के के गहना ?
विपद्ले मान्छे बेघरवार बनोस्
खानै नपाई तड्पेर मरोस्
झरीले रूझोस्
वा गर्मीले जलोस्
शीतले कठ्याङ्ग्रिएर
थलै परोस्
दुःखीलाई हुँदैन सानो छहारी
आफू बनाउँछौ स्वर्ण जलहरी
तै पनि
तिमी नै दयालु
तिमी नै कृपालु
त्यसैले प्रभु !
यो अज्ञानी भक्तको
जिज्ञासा मेटाइदेऊ ।
मान्छेले तिमीलाई बनायो
या तिमीले मान्छेलाई बनायौ ?

ooo

# शाकुन्तल महाकाव्यमा आख्यानविधान

✍ भुवनप्रसाद अर्याल
रेसुङ्गा-१, तम्घास, गुल्मी

**सारसंक्षेप :**

*शाकुन्तल महाकाव्य नेपाली महाकाव्यको इतिहासमा अभावको महामूर्च्छा तोड्दै प्रकाशित महाकाव्य हो । यस महाकाव्यको आख्यानविधानमा महाकविले व्यासबाट आंशिक र कालिदासबाट अधिकांश पक्ष ग्रहण गर्दै नेपालीपन दिएका छन् । देवकोटाका कलमी बुट्टाले महाकाव्यको आख्यानविधानमा थप उचाइ दिएको छ । यसैले शाकुन्तल महाकाव्य नेपाली महाकाव्यको इतिहासमा बेजोड महाकाव्य हो ।*

**मूल शब्दावलीहरू : अन बाउण्ड, प्रस्फुटित, कल्बलाउन, परिपोषित, उजागर, उपजीव्य, सोमतीर्थ, लावण्य, तपस्थल, रखौटी, सहेली, अनृतपथ, काव्यज्वार, अमिबा, ब्याक्टेरिया, समिचीन, धीरोदात्त**

## १. आरम्भ :

अथाह कवित्व प्रतिभा भएका कालजयी कवि लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका विराट् प्रतिभा पनि हुन् । उनले शाकुन्तल (२००२), सुलोचना (२००३), महाराणा प्रताप (२०२४), वनकुसुम (२०२५) प्रमिथस (२०२८) पृथ्वीराज चौहान (२०४९) लेखेका छन् भने लेखेर बीचैमा छोडेका अथवा पूर्णांश भेटिन नसकेका केही महाकाव्यहरू पनि छन् - भक्तप्रह्लाद, सत्याभास वा बुद्धचरित हुन् । उनले संस्कृत भाषामा सिकन्दर र सुन्दरीजल दुईवटा महाकाव्य लेख्ने प्रयास गरेका थिए भनिन्छ तर उपलब्ध छैनन् । अंग्रेजी भाषामा लेखेका शाकुन्तल र प्रमिथस अनबाउण्ड हुन् । शकुन्तला २०४८ सालमा प्रकाशित भएको नेपाली शाकुन्तल महाकाव्यकै अंग्रेजी अनुवाद हो भने 'प्रमिथस अन बाउण्ड' चाहिं प्रमिथसको अंग्रेजी अनुवाद भए पनि यो प्रकाशित छैन । महाकाव्यकारिताका दृष्टिले महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली संस्कृत र अंग्रेजी गरी तीन भाषामा कलम चलाएको पाइन्छ भने यीबाहेक हिन्दी, उर्दू, नेवारी, बङ्गाली आदि भाषामा साहित्य सिर्जना गर्ने सक्ने अद्वितीय प्रतिभाशाली व्यक्तित्व थिए ।

महाकाव्यकार लक्ष्मीप्रसाद देवकोटामा महाकाव्य रचनाको बाढी वि.सं. २००० देखि २०१० सालसम्म आएको पाइन्छ । प्रमिथसबाहेक सबै महाकाव्यहरू उनले वि.सं. २००४ सालअघि नै रचना गरेका थिए । दश दिनको अवधिमा सुलोचना महाकाव्य रचना गर्ने देवकोटाले आफूले भनेर अरूलाई लेख्न लगाई एक घण्टा बीस मिनेटमा ९३ श्लोकको आँशु खण्डकाव्य (२००२) लेखेर आफ्नो आशुकवित्व देखाउने देवकोटा भन्दछन् -"यदि प्रस्फुटित भएर आउने कवितात्मक भावनालाई भाषामा त्यही गतिमा उतार्न सक्ने हो भने एक दिनमै महाकाव्य लेख्न सकिन्थ्यो होला ।" उनको यस भनाइबाट देवकोटाको महाकाव्यकारिता उनको आशुलेखनका उपजका रूपमा देखिन्छ । आशुलेखनमा पनि उत्कृष्ट कवित्वकला प्रदर्शन गर्दै जीवनजगतका बृहत् व्यापक परिवेशका साथै मानवजगत्का अतीत, वर्तमान र भविष्य पर्यन्तका व्यापक विविध सौन्दर्यलाई कलात्मक रूपमा प्रस्तुत गर्न सक्नु उनको अद्वितीय प्रतिभा हो ।

देवकोटापूर्व पनि नेपाली भाषामा महाकाव्य लेख्ने प्रशस्त जमर्काहरू भए । भानुभक्तले मौलिकता वरण गर्दै धर्म, संस्कृति र आध्यात्मिकतातर्फ नेपाली लोकजीवनलाई क्रियाशीलतापूर्वक लगे । यो आध्यात्मिक चेतनामिश्रित महाकाव्य भए पनि आधुनिक एवं समसामयिक युगचेतबाट विमुख हुनाले त्यसले काव्यात्मक उचाइ चुम्न नसकेको हो । चन्द्रशमशेरको शासनकालमा चन्द्रचरित 'लेख्ने सोमनाथ सिग्द्यालको मौलिक र परिष्कृत भए पनि चन्द्रशमशेरको मृत्युका कारण प्रकाशित नहुनाले नेपाली महाकाव्यले आधुनिक मौलिक महाकाव्यको प्रतीक्षा गरी नै रहयो । त्यस्तै देवीदत्त पराजुलीको कविता गुच्छाहार (२००५) प्रथम मौलिक महाकाव्य भनिए पनि प्रकाशित नहुनाले त्यो पद्वी प्राप्त गर्ने सन्दर्भ नै रहेन । माधव घिमिरेले वि.सं. २००२ सालमा 'गोविन्द' महाकाव्य लेख्ने प्रयास गरे पनि त्यसमा सफलता हासिल गर्न सकेनन् । अन्ततः महाकवि लक्ष्मीप्रसाद देवकोटा नै नेपाली महाकाव्यको इतिहासमा आधुनिक मौलिक महाकाव्यका प्रथम स्रष्टाका रूपमा स्थापित हुन् सफल भए । उनले नेपाली महाकाव्यको स्थितिलाई आइसल्याण्डका सर्पको स्थितिसँग तुलना गर्दै छोटो समयमा नै नेपाली साहित्यको गरिमालाई विश्व साहित्यको दाँजोमा पुर्‍याएका हुन् । 'सुषमालोचन' लेख्न बसेका देवकोटा त्यसलाई अधुरै छाडी तीन महिनाको रात्रीको समय उपयोग गर्दै तयार पारिएको यस महाकाव्यको भूमिकामा महाकवि स्वयं भन्दछन्- "तीन महिनामा रचना तीन वर्षको पढाइ" "...बुझेर पढिदिने एक हातको औंलामा भए काफी छ ।..." यस महाकाव्यमा विराट् कवित्व, अतुलनीय काव्यात्मक भावप्रवाह, मौलिक कला, विविध शास्त्रीय छन्दको लय प्रवाह, व्याख्यानात्मक प्रबन्ध विधान, व्याकरणसम्मत स्तरीय भाषाशैली आदि विविध विशेषताहरूले भरिएका छन् । यस महाकाव्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेको आख्यानविधान अर्थात् कथानक संयोजनका सन्दर्भमा चर्चा गर्ने प्रयास प्रस्तुत लेखमा गरिएको छ ।

## २. आख्यानविधान

शाकुन्तल महाकाव्य पूर्वीय महाकाव्यका सैद्धान्तिक मान्यताको परिधिभित्र रहेर रचना गरिएको महाकाव्य हो । देवकोटाले नेपाली भाषा प्रकाशिनी समितिमा जागिरे हुँदा तीन महिनाको अवधिमा लेखेको प्रस्तुत महाकाव्य पूवीर्य र पश्चिमी साहित्यमा हुर्केको स्वच्छन्दतावादको भावचेतनाको प्रबल दस्तावेजका रूपमा देखिन आउँछ । कविले आफूमा रहेको कवित्व शक्तिको तीव्र आवेगलाई थेग्न सक्ने कथावस्तुको चयन गर्ने क्रममा भन्दछन् :

**दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा**
**ओर्ली सल्बल कल्बलाउन चली पूर्वीय मैदानमा**
**कालिदासकला बनेर रसिली कल्लोल कौतूहला**
**पुग्छिन् सागर भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यहीं**
**(शाकुन्तल १:१९)**

व्यासजीले पद्म पुराणको स्वर्ग खण्डमा अनि महाभारतको आदि पर्वका ६८ देखि ७४ अध्यायसम्म उल्लेख गरेको सामान्य 'शकुन्तलोपाख्यान' लाई महाकवि कालिदासले छन्द, रस, अलङ्कारजस्ता काव्यिक अवयवले परिपोषित गरेर विश्व साहित्यकै इतिहासमा उल्लेखनीय नाट्यकाव्य रचना गरेका छन् । अभिज्ञानशाकुन्तलम्को काव्यिक महत्तालाई उजागर गर्दै अंग्रेजी, जर्मन र फ्रेञ्च भाषाका विद्वान्हरूले अत्यन्त प्रशंसा गरेका छन् । यता नेपाली शाकुन्तल महाकाव्यका रचयिता महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्ना धाराप्रवाह कविता शक्तिको भागिरथी वेगलाई समाल्दै महाकवि कालिदासकै अभिज्ञानशाकुन्तलम्को कथास्रोतमा आधारित भएर महाकाव्यको रचना गरेका छन् । अर्को शब्दमा भन्ने हो भने महाभारत र पद्म-पुराणबाट भन्दा पनि कालिदासको अभिज्ञानशाकुन्तलम्को कथासार लिई त्यसमा आफ्नो मौलिकता समेतको मिश्रण गरेर शाकुन्तल महाकाव्यको आख्यानविधान गरिएको छ ।

महाकाव्यको कथानक उदात्त, इतिहास, पुराण एवं दन्ते कथा आदिमा प्रख्यात हुनुपर्दछ भने पूर्वीय धारणालाई आत्मसात् गरेर यो महाकाव्य लेखिएको अनुभव गर्न सकिन्छ । शाकुन्तल महाकाव्य महाभारत र अभिज्ञान शाकुन्तलम्को उपजीव्य ग्रन्थ भैकन पनि यसले केही मौलिकता वरण गरेको तथ्य स्वीकार गर्न सकिन्छ । यसैले यहाँ शाकुन्तल महाकाव्यको कथानकका आधार ग्रन्थहरू महाभारत र अभिज्ञानशाकुन्तलम्को कथावस्तुका सन्दर्भमा यहाँ संक्षिप्त चर्चा गर्नु समिचीन हुनेछ ।

महाभारतको आदिपर्व अन्तर्गत रहेको सम्भवपर्वको अध्याय ६८ देखि ७४ सम्म दुष्यन्त राजाको पराक्रम, विविध हिंस्रक जन्तुहरूको बध एवं कण्वाश्रमको वर्णन देखिन्छ । कण्वाश्रमको वरिपरि फूल र फल नलागेका वृक्ष थिएनन् । सबै वृक्ष फलफूलपूर्ण थिए । काढेदार वृक्ष खोज्दासमेत पाइँदैनथ्यो यस्ता कण्वाश्रममा प्रवेश गरेका दुष्यन्तको स्वागतार्थ अपूर्व सुन्दरी शकुन्तला आइपुग्छिन् । दुष्यन्तले कण्व ऋषिलाई भेट्ने आफ्नो चाहना व्यक्त गर्दछन् । शकुन्तलाका अनुसार कण्व ऋषि फल टिप्न गएका हुन्छन् । दुई घडीपछि आइपुग्ने कुरा खुल्दछ । शकुन्तलाको रूप लावण्य देखेर मोहित भएका दुष्यन्तको आग्रह अनुसार शाकुन्तलाले आफ्नो जन्मकथा सुनाउँछिन् । यो कथा उनले कण्व ऋषिले अरू कसैसित भन्दा थाहा पाएकी हुन्छिन् ।

शकुन्तला क्षेत्रीय कन्या भएको रहस्य खुलेपछि दुष्यन्तले शाकुन्तलासित गन्धर्व विवाहको प्रस्ताव राख्दछन् । शकुन्तलाले आफ्नो भावी पुत्र राजा बनेमा सो प्रस्ताव स्वीकार गर्ने कुरा सुनाउँछिन् । राजालाई सो शर्त मञ्जुर हुन्छ । ती दुवैका बीच गन्धर्व विवाह सम्पन्न हुन्छ । फल टिपेर फर्केका कण्वले यो कुरा दिव्यचक्षुले थाह पाई खुशी हुन्छन् भने शकुन्तलालाई विवाह गरेर गर्भवती बनाई आफ्नो राज्यमा फर्केका दुष्यन्तले शकुन्तलालाई बिर्सन्छन् । यसैबीच शकुन्तलालाई पुत्र जन्मन्छ । ४-५ वर्षसम्म न कुनै खबर न कुनै व्यक्ति लिन आउने ? शकुन्तला ४-५ वर्षका पुत्र भरतलाई लिएर दुष्यन्त दरबारतिर लाग्छिन् तर दुष्यन्तले उनलाई पटक्कै चिन्दैनन् अनेक कुरा सम्झाउँदा पनि दुष्यन्तको स्मृति फर्कंदैन । शकुन्तला विरह व्याकुल बन्दै तपाईंले नहेरे पनि मेरो पुत्र ठूलो भएर अवश्य सम्राट् बन्नेछ भन्ने चुनौती दिएर फर्कन्छिन् । यसै बखत मन्त्री, पुरोहित, ऋषि एवं आचार्यहरूले घेरिएका दुष्यन्तलाई आकाशवाणी हुन्छ

**भस्त्रा मातापितुः पुत्र येन जात स एव स**
**भरस्व पुत्रं दुष्यन्त भावमस्थाः शकुन्तलाम्**
***(महाभारत आदिपर्व ७४:१०९)***

यो आकाशवाणी पछि दुष्यन्तले शकुन्तलालाई पत्नीका रूपमा स्वीकार गर्दछन् । कथानक संयोगमा टुङ्गिएको छ ।

'अभिज्ञानशाकुन्तलम्' मा महाकवि कालिदासले कथानकको संयोजन यसरी गरेका छन् :

पुरुवंशीय राजा दुष्यन्त शिकार खेल्दै कण्वाश्रमतर्फ पुग्छन् । तपस्थलमा बध निषेध भएकोले हतियार एकातिर थन्काएर दुष्यन्त कण्वको दर्शन गर्न जान्छन् तर कण्व ऋषि त्यस समयमा शकुन्तलाको ग्रहशान्त गर्नका लागि सोमतीर्थमा

गएको कुरा थाहा हुन्छ । शकुन्तलाको जन्मकथा दुष्यन्तले उनकी सखी प्रियम्बदाको मुखबाट सुन्दछन् । शकुन्तला आफूयोग्य कन्या भएको ठानी शकुन्तलालाई आफ्नी रानी बनाउन लीन हुन्छन् भने शकुन्तला पनि दुष्यन्तप्रति त्यत्तिकै आकर्षित हुन्छिन् । दुष्यन्त र शकुन्तलाबीच गान्धर्व विवाह हुन्छ ।

विवाहपछि राज्यबाट खबर आएकोले दुष्यन्त शकुन्तलालाई चाँडै लिन आउने वाचा गर्दै औंठी चिनो दिएर आफ्नो दरबार फर्कन्छन् । सोमतीर्थबाट फर्केका कण्वले शकुन्तला दुष्यन्तको विवाहलाई सजिलै अनुमोदन गर्दछन् । दुष्यन्तको यादमा डुबिरहने शकुन्तलाले कण्वाश्रममा आएका दुर्वासा ऋषि आएको पनि होस पाउँदिनन् । दुर्वासाले आफूलाई अपमान गरेको ठानेर श्राप दिन्छन् । दुर्वासाले– "दुष्ट तैंले जसको यादमा मेरो अपमान गरिस् त्यसले तँलाई छिट्टै बिर्सोस् ।" शकुन्तलालाई श्रापको पनि मतलब रहँदैन तर सुनेका अनुशूया र प्रियम्बदाले रोईकराई दण्डवत् गर्दा उसले दिएको चिनो देखाएमा चिन्ने सम्मको छुट दिन्छन् ।

विवाहित पुत्रीलाई घरमा धेरै राख्न हुँदैन भनी कण्वले गौतमी, सारङ्गरव तथा सारद्धतको साथ लगाएर दुष्यन्तको दरबारमा पठाउँछन् । दुष्यन्तको चिन्तामा दुब्लाएकी शकुन्तलाको औंलाबाट दुष्यन्तले चिनो दिएको औंठी नदीमा खस्छ । दरबारमा पुग्दा दुष्यन्तले शकुन्तलालाई पटक्कै चिन्दैनन् । चिनो देखाउन खोज्दा त्यो पनि हराइसकेको हुन्छ । ऋषि कुमारहरू र गौतमी रिसाउँछन् । शकुन्तला किंकर्तव्य विमूढ हुन्छिन् । व्याकुल शकुन्तलालाई पुरोहितले बच्चा नजन्माउन्जेलसम्म आफ्नो आश्रममा राख्ने र बच्चा पैदा भएपछि बच्चाको प्रकृति अनुसार ग्रहण वा त्याग गर्ने सल्लाह दिन्छन् । शकुन्तलामा वेदनाको सीमा रहँदैन । दुवै हात पसारेर, पृथ्वीमातासँग मृत्युको याचना गर्छिन् । त्यसैबेला कुनै स्त्रीको आकृति आएर टिपेर लगी अप्सर तीर्थतर्फ पुऱ्याउँछ ।

यसै समयमा माझीले राजाको नामाङ्कित औंठी भेटाएर बजारमा बेच्न ल्याएको देखी प्रहरीले चोर ठानेर दण्ड दिन दरबारमा लैजान्छ । औंठी देख्नासाथ राजालाई आफ्नो र शकुन्तलाबीचको प्रगाढ प्रेमको बोध हुन्छ । राजा शकुन्तला कता गइहोलिन् भनेर खोजी गर्न थाल्दछन् तर त्यसैबेला स्वर्गका देवराज इन्द्रले आफ्नो सहायताका लागि दुष्यन्तलाई लिन पठाउँछन् । इन्द्रलाई सहायता गरेर दुष्यन्त हेमकुट पर्वत हुँदै फर्कन्छन् कश्यपाश्रममा अत्यन्त साहसी बालकलाई देखेपछि राजा दुष्यन्त अचम्म पर्छन् दुष्यन्तले शकुन्तलालाई देख्छन् । पूर्वस्मृति पूर्ण रूपमा फर्कन्छ । दुबैका बीचमा मिलन हुन्छ । यी दुबैका बीचको मिलनसँगै नाटक संयोगान्तमा टुङ्गिन्छ ।

शकुन्तलाको जन्मसम्बन्धी प्रसङ्ग बाल्मीकीय रामायणले पनि उप्काएको पाउन सकिन्छ । तपोबलले स्वर्गको गद्दी हल्लाउन थालेका विश्वामित्रको तपभङ्ग गराउनका लागि स्वर्गबाट मेनका अप्सरा, आउँछिन् । विश्वामित्र मेनकाको रूपलावण्यमा मोहित हुन्छन् । घरजम गर्छन् । विश्वामित्रबाट मेनका गर्भवती हुन्छिन् । १० महिना पूरा भएपछि मेनकाले शकुन्तलालाई पैदा गरेर जङ्गलको बीच बाटोमा फूलको शय्या बनाएर त्यही सुताएर स्वर्गतर्फ लाग्छिन् । यस ग्रन्थमा विश्वामित्रको क्रोधी स्वभावको वर्णन गरेको छ । बच्ची पैदा भएपछि विश्वमित्रलाई पनि आफूमाथि भएका षड्यन्त्रको बोध हुन्छ । मेनका आफ्नो काम पूरा गरेर स्वर्गतिर लाग्छिन् भने विश्वामित्र तपस्यातर्फ लाग्छन् । यस ग्रन्थमा शकुन्तला प्रसङ्ग यत्ति छ ।

यसरी शकुन्तलाको कथानक व्यासबाट कालिदासमा सर्‍यो र कृति विशेष नै यसले स्वभाव ग्रहण गर्‍यो । यही कथानकलाई हाम्रा महाकविले यसरी संयोजन गरेका छन् :

विश्वविजयी बन्ने अभिलाषा बोकेका विश्वामित्र अत्यन्त शान्त तपस्थल रोजेर लीन हुन्छन् । उनका तपस्याले इन्द्रसमेत थर्की उनको तपस्या भङ्ग गर्न मेनकालाई विश्वामित्रले तपस्या गरेको ठाउँमा पठाउँछन् । नग्न वयस्क मेनकालाई तपस्थलमा देखेपछि तपस्या छोडेर मेनकासित घरजम गर्न थाल्छन् । मेनका गर्भवती हुन्छिन् । १० महिना पूरा भएपछि बच्चा जन्मन्छिन् । विश्वामित्रलाई कर्तव्यबोध हुन्छ तपस्यातिर लाग्छन् भने मेनकाको कर्तव्य पूरा हुन्छ । शकुन्तलालाई कण्व ऋषि नुहाउन जाने बाटामा फूलको बिछ्यौना बनाएर छोडी मेनका स्वर्गतर्फ लाग्छिन् कण्वले शकुन्तलालाई चिलले झम्टनै लागेको अवस्थामा छुटाएर ल्याई गौतमीलाई दिन्छन् । गौतमीले पनि कतै रखौटी थिइन् क्यारे भनेर शङ्का गर्छिन् । दुवैको वात्सल्य पाएर शकुन्तला शुक्ल पक्षका चन्द्रमा जस्तै हुर्कदै जान्छिन् । मदनमत्त अवस्थामा पुगेकी शकुन्तला आफ्ना सखीहरू अनशूया, प्रियम्बदा आदिका साथमा स्वच्छन्द वनविहार गर्छिन् । यसै समयमा शिकार खेल्दै कण्वाश्रमतर्फ आएका दुष्यन्त अपूर्व सुन्दरी शकुन्तलालाई देखेर मोहित हुन्छन् ।

सखी प्रियम्बदाको मुखबाट शकुन्तलाको पूर्वकथा सुनेका राजाले शकुन्तलाको आफ्ना लागि योग्य क्षेत्रीय कन्या भएको थाह पाएर उनीसित विवाहको प्रस्ताव राख्दछन् । काममोहित शकुन्तला पनि उनको यो प्रस्ताव सहजै स्वीकार गर्छिन् । बाहिर गएका कण्व आएर थाह पाएपछि यो विवाहलाई सहर्ष स्वीकार गर्छन् । दुष्यन्त शकुन्तलालाई औंठी चिनो दिएर छिट्टै लिन आउने बाचासहित बिदा हुन्छन् । धेरै समयसम्म पनि राजदरबारबाट कोही नआउँदा कण्वले

विवाहित छोरीलाई धेरै समय माइतमा नराख्ने ठानेर गौतमी र दुई ऋषि कुमारहरूको साथ लगाएर दुष्यन्तको दरबारमा पठाउँछन् । बाटामा जाँदा एउटा किसानका घरमा बास बस्दछन् । त्यहीनिरको जलाशयमा हातमुख धुन जाँदा शकुन्तलालाई दुष्यन्तले दिएको चिनो औंठी खस्दछ । किसानका घरमा पालेको बाख्राका पाठाले किसान-पुत्री श्यामालाई जलाशयसम्म पुर्‍याउँछ । श्यामाले सो औंठी ल्याएर बाबुलाई दिन्छे । दरबारमा पुगेकी शकुन्तलालाई राजाले चिन्दैनन् । चिनो भए देखाउनभन्दा पनि हराइसकेको हुन्छ । शकुन्तला विरह-व्याकुल बन्छिन् । किसानले राजाको नामाङ्कित औंठी दरबारमा पुर्‍याउँछ । राजालाई स्मृति फर्कन्छ त्र शकुन्तलालाई मेनका आएर हेमकुट पर्वततर्फ कश्यपाश्रममा लगिसकेकी हुन्छिन् । दुष्यन्तले शकुन्तलाको चिन्ता गर्न थाल्दछन् तर यसैबेला इन्द्रलाई शत्रुबाट आक्रमण, भएकोले सहायतार्थ दुष्यन्तको खोजी हुन्छ । मातली आएर स्वर्गतर्फ लैजान्छ । इन्द्रलाई सहायता गरेर दरबारतर्फ फर्कदा दुष्यन्त हेमकूट पर्वत (कश्यपाश्रम) को बाटो फर्कन्छन् । त्यही दुष्यन्त र शकुन्तलाको भेट हुन्छ । कश्यप ऋषिको आशीर्वाद लिएर दुष्यन्त शकुन्तलासहित दरबारमा फर्कन्छन् । महाकाव्य संयोगान्त भएको छ।

महाभारतमा वैशम्पायन र जनमेजयका संवादका रूपमा रहेको शकुन्तलोपाख्यान अभिज्ञानशाकुन्तलम्मा आइपुग्दा कालिदासको कलमी जादूले जीवन्त बन्न पुगेको छ भने देवकोटाको विराट् प्रतिभाले महाकाव्यको सफल आख्यान बनेको छ । आवश्यकतानुसार केही पक्षमा देवकोटाले मौलिकता दिइएका छन् । यस महाकाव्यको आख्यान विधानमा देखा परेका समानता र भिन्नताका साथै मौलिकताका पक्षहरू क्रमशः चर्चा गर्ने प्रयास गरिन्छ ।

## ३. आख्यानविधानमा समानता र भिन्नता

(क) महाभारतमा शकुन्तलाको जन्म वृतान्त शकुन्तला स्वयं बनाउँछिन् भने यस महाकाव्य र अभिज्ञान शाकुन्तलममा सखी प्रियम्बदाले बताएकी छन् ।

(ख) महाभारतमा दुष्यन्त कण्वाश्रममा जाँदा कण्व ऋषि फल टिप्न गएका हुन्छन् भने अभिज्ञान शाकुन्तलम्मा शकुन्तलाको अनिष्ट ग्रहशान्त गर्न सोम तीर्थमा गएका हुन्छन् तर प्रस्तुत महाकाव्यमा भने के कामले त्यहाँ थिएनन् बताएका छैनन् ।

(ग) महाभारतमा औंठीको प्रसङ्ग छैन तर अभिज्ञान शाकुन्तलम्मा सो औंठी माझीले माछाका पेटमा भेटाएर लैजान्छ भने आलोच्य महाकाव्यमा किसानकी छोरी श्यामाले भेटाएपछि किसानले राजालाई लगेर दिन्छ ।

(घ) महाभारतमा ४-५ वर्षका भरतलाई लिएर शकुन्तला दुष्यन्त दरबारमा जान्छिन् भने अभिज्ञानशाकुन्तलम् र यस महाकाव्यमा शकुन्तला गर्भवती अवस्थामा दुष्यन्त दरबारमा जान्छिन् ।

(ङ) महाभारतमा दुर्वासाका श्रापको प्रसङ्ग छैन भने धीरोदात्त नायकको प्रतिष्ठा बचाउनका लागि कालिदास र देवकोटाले दुर्वासाको श्राप उल्लेख गरेका छन् ।

(च) महाभारतमा प्रजा, पुरोहित आदिले घेरिएका राजाले शकुन्तलालाई स्वीकार गर्छन् तर अभिज्ञानशाकुन्तलम्मा गुरुको सल्लाहअनुसार पुत्रोत्पत्ति होउन्जेलसम्मका लागि पुरोहितका घरमा राख्ने सल्लाह दिइन्छ र बल्ल दिव्यज्योति आएर शकुन्तलालाई लैजान्छ तर आलोच्य महाकाव्यमा भने मृत्युको याचना गर्दै व्याकुल बनेकी शकुन्तलालाई दिव्यज्योति आएर उडाएर लगी कश्यपाश्रममा राख्दछ ।

यसरी प्रस्तुत महाकाव्यको उपजीव्य आख्यान मूल ग्रन्थहरूमा केही समानता र भिन्नतासँगै अगाडि बढेको छ । एउटा आदर्श र सफल महाकाव्यको आख्यान तत्वलाई परिपूर्णता दिइएको छ । आख्यान विधानलाई देवकोटाले केवल उपजीव्य मात्र नबनाई आफ्ना मौलिक भावनाहरूद्वारा कथानक तत्त्व सबल बनाएका छन् ।

## ४. आख्यानविधानमा मौलिकता

प्रतिभाका धनी काव्यमहारथि महाकवि लक्ष्मीप्रसाद देवकोटाले शाकुन्तल महाकाव्य भित्र महाभारत, पद्म पुराण, अभिज्ञानशाकुन्तलम्का कथानकलाई मात्र उपजीव्य बनाएर स्वीकार गरेका छन् । पुराण र इतिहासमा प्रसिद्ध कथानक टिपेर त्यसमाथि आफ्ना मौलिक कल्पनातत्त्वको सहायताले महाकाव्यीय आख्यानको थप उचाइ दिन सफल भएका छन् । महाभारतकालदेखिको शकुन्तलोपाख्यान देवकोटाको कलमी जादूमा यसरी थप मौलिकताका स्वरहरू लिएर अगाडि बढेको छः

- विश्वामित्रले गोदाबारीको तटमा कठोर तपस्या गर्नु,
- मेनकाद्वारा विश्वामित्रको तपोभङ्ग
- विश्वामित्र र मेनकाले वनैमा घरजम गरी शकुन्तला जन्माउनु
- मेनका र चिचीली शकुन्तलालाई त्यागेर विश्वामित्र पुनः तपस्यातर्फ लाग्छन् ।

- शकुन्तलालाई मालिनी नदीका किनारमा ल्याएर फूलको विछ्यौना बनाई त्यसैमा छाडेर मेनका पनि स्वर्गतर्फ लागेकी छन् ।

यसरी महाकवि लक्ष्मीप्रसाद देवकोटाले महाभारत अभिज्ञानशाकुन्तलम्को आन्तरिक तहमा रहेका कुराहरूलाई महाकाव्यीय ढाँचाअनुसार बाहिर प्रकट गर्ने कार्य गरेका छन् । त्यस्तै आफ्ना कथानकको आयाम थप चौडा र मौलिक बनाउन भर्तृहरिको प्रसङ्ग पनि थप गरेका छन् । कविले बीसौं सर्गको २८ औंदेखि ७२ श्लोकसम्म किसान र त्यसका घर वरिपरिको परिवेश वर्णनमा नितान्त नेपालीपन थप्दै हाम्रै वरपरका किसान दाजुभाइहरूको वस्तुस्थिति र रहनसहनको झल्को दिएका छन् । गौतमीलाई कण्वकी पत्नीका रूपमा उपस्थित गराउनु, शकुन्तलाका सहेलीहरूको संख्या तीनमा चारूलाई थपेर चार बनाउनु आदि पक्षहरू देवकोटाका मौलिक पक्षहरू हुन् । कालिदासले भरतले धारण गरेको औषधिलाई अंपराजित भनी नामकरण गरेका छन् भने देवकोटाले नेपाली प्रसङ्ग अनुसार 'बाजु' भनेका छन् । यस्तो बाजु हाम्रो नेपाली समाजमा बालकहरूलाई अद्यावधि लगाइदिने चलन छ ।

देवकोटा महाकाव्यको आख्यान विधानमा तत्कालीन शासन सत्ताको दमनशोषण र थिचोमिचोको स्थितिलाई पनि चित्रण गर्दै थपेका छन् :

**तिमी राजा भन्दै सबजन थिची न्यायरहित ।**
**गरौला राज्यै के बुझ अब छ गुम्ने सुखसित**
*शाकुन्तल (२१:१९४)*

त्यस्तै अन्यायी राज्य त राज्य नै होइन भन्ने प्रसङ्गलाई श्रापका क्रममा आएका यी श्लोक वि.सं. २००७ साल अघिको परिवेश अनि २००७ सालको क्रान्ति निम्त्याउने सङ्केत गर्न सफल देखिन्छन् :-

**फुटून् किल्ला काला अनृतपथमा ठक्कर मिलोस्**
**करौतीले खाऊन् हृदय छलका दन्तहरूले**
**धरा कापून् सारा गडगड गरी डग्मग भई**
**लडून् सेखी तिम्रो धरर लडोस् यो छलपुरी** *(२:२०१)*

यसरी प्रस्तुत महाकाव्यको आख्यानविधान उपजीव्य भैकन पनि देवकोटाका कल्पना तत्त्वले मौलिकता र नेपालीपन दिएको छ । देवकोटाको काव्यज्वारलाई थेग्न र कल्पना तत्त्वका सहयोगले मौलिकता थप्न सफल देखिन्छ । तत्कालीन

नेपाली समाज, राजनीतिक परिवेश, नेपालीहरूका परम्परागत रीतिरिवाज आदिलाई समेत प्रस्तुत महाकाव्यको आख्यान तत्त्वको सूत्रमा उनिएको पाउन सकिन्छ । यसै सन्दर्भमा कविले प्रस्तुत महाकाव्यमा दिएको स्वीकारोक्ति समीचीन हुन आउँछ -

**नेपाली घरमा बनाउँछु भनी प्राचीनको यो वन**
**रोपें बीच विचारको, कलमका बुट्टा बनून्, बल्लरी**
*(शाकुन्तल १:१२)*

हो, यस महाकाव्यको आख्यानविधान पुराण प्रसिद्ध कथानकमा कविका विचारका बीचहरू उम्रेर सुनौलो नेपाली कुञ्ज बनेको छ ।

## उपसंहार

नेपाली शाकुन्तल महाकाव्य नेपाली साहित्यको इतिहासमा महत्त्वपूर्ण स्तम्भ हो । महाकवि देवकोटाले महाकाव्य सम्बन्धी पूर्वीय मान्यताको अनुशरण गर्दै यसको आख्यान विधानमा जोड दिएका छन् । कथानक उदात्त, इतिहास, पुराण एवं दन्ते कथा आदिमा प्रख्यात हुनुपर्दछ भन्ने पूर्वीय र पाश्चात्य मान्यताको परिधिभित्र प्रस्तुत महाकाव्यको आख्यानविधान गरिएको छ । महाकविले ऐतिहासिक/पौराणिक कथावस्तलुलाई अङ्गीकार गरेका सन्दर्भ प्रथम सर्गको १९ औं श्लोकमा व्यक्त गरेबाट स्पष्ट हुन्छ । वर्तमान समयमा प्रयोगवादी महाकाव्यको आख्यान विधान चौबीस घण्टाको अवधिभित्र अमिबा, ब्याक्टेरियाजस्ता जीवाणु नायक/पात्र बनाएर पनि सिर्जना गरेका सन्दर्भ हुँदाहुँदै पनि देवकोटाको काव्य प्रतिभाले ख्यात कथावस्तु र त्यसलाई थेग्न सक्ने इतिहास प्रसिद्ध महान् नायकको उपस्थिति गराउँदै धरतीदेखि स्वर्गसम्मको विशाल परिवेशलाई समेत आत्मसात् गरेर आख्यानविधान उत्कृष्ट बनाएको पाउन सकिन्छ । यसैले साडे सात दशकको अवधिसम्म पनि शाकुन्तल बराबरको महाकाव्य जन्मन सकेको छैन ।

## सन्दर्भ ग्रन्थ-सूची

जोशी, डा. कुमारबहादुर, (२०५२), ***देवकोटा र उनका महाकाव्य***, सा.प्र.

देवकोटा, लक्ष्मीप्रसाद, (२०४८), ***शाकुन्तल महाकाव्य*** काठ, सा.प्र.

त्रिपाठी, डा. वासुदेव, (२०२७), ***प्रज्ञा (महाकाव्य बुढो पुरानो साहित्यिक विधा)*** १:१, ने.रा.प्र.प्र., पृ.१०६

सत्याल, शिवप्रसाद, पीठ, (२०५०), ***समालोचनाहरू***, ने.रा.प्र.प्र.

जोशी, डा. कुमारबहादुर (२०५०), ***'देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन'***, सा.प्र.

कालिदास, अभिज्ञान शाकुन्तलम् (२०२१), ***वाराणसी चौखम्बा संस्कृत सिरिज***

***महाभारत*** गीता प्रेस (२०५१), गोरखपुर (आदि तथा सभा पर्व)

रिसाल, राममणि (२०५०) ***नेपाली काव्य र कवि***, सा.प्र.

विश्वनाथ (सन् १९६३), ***साहित्य दर्पण***, वाराणसी, चौखम्बा विद्याभवन

शर्मा, गोपीकृष्ण (२०५३), ***संस्कृत साहित्यको रूपरेखा***, काठमाडौं अभिनव प्रकाशन

गौतम, कृष्ण (२०४७), ***देवकोटा र उनका प्रबन्ध काव्य***, काठमाडौं इन्दु प्रकाशन

बन्धु, डा. चूडामणि (२०४६), ***महाकवि लक्ष्मीप्रसाद देवकोटा***, काठमाडौं सा.प्र.दो.सं.

पोखरेल, हेमचन्द्र (२०४९), ***शाकुन्तल शब्दार्थ सञ्चय***, धनकुटा, प्र. लेखक स्वयं

उपाध्याय, डा. केशवप्रसाद (२०४८), ***पूर्वीय साहित्य सिद्धान्त***, काठमाडौं सा.प्र.

ooo

# सत्य आवाज

✍ **गणेशपुण्य श्रेष्ठ**
**बुटवल, रूपन्देही**

असहायको सम्पत्ति खोंसिदा
रमाउने नामर्दहरू !
अहिले आफ्नै सम्पत्ति
अर्कै निकायले खोसिदै गर्दा,
त्यो क्षण रमाउनेहरू ।
पीडा र दुःख,कस्तो हुन्छ भन्ने
बुझ्दै छन् होला ।
अत्याचारको पनि सीमाना हुँदो रहेछ ।

ooo

# कोरोना सङ्क्रमण र बालबालिकाको भोगाइ

✍ **सुदीक्षा ज्ञवाली**
**रिब्दिकोट-०४, भैरवस्थान**

चाइनाहुँदै विश्वभर यो फैलिदै गयो
लाखौंलाख मानिसको ज्यान लिदै गयो ।
दुस्मन बनिकनै दिनदिन संसार तर्साइरह्यो
लाखौंलाख घरवारको विचल्ली पार्दै गयो ॥
१
गरिबदेखि धनीसम्म सबलाई यसले छोयो
संसारभरका मान्छे रोए कत्तिको बिछोड भयो ।
मज्दुरजस्ता कैयौँ मान्छे भोकभोकै मरे
हातमुख जोड्न नपाई कैयौँ चुलो निभे ॥
२
कसैका त आमाबाबु, कोहीका दाजुभाइ
अरू नाता पनि परे लग्यो साथ छुटाई ।
जतातते आशा मस्यो, संकट मात्रै पास्यो
अब के के हुने होला सधैँ त्रास बढ्यो ॥
३
विदेश जानेहरू पनि बिचल्लीमा परे
उतै उतै मरिगए कति, कति रित्तो भए ।
अर्थतन्त्र घरायसी विकास निर्माण ठप्प
लाखौँलाख विद्यार्थीको भविष्य भयो अलपत्र ॥
४
लाखौँ शिक्षा लिने दिने घरमै सीमित भए
सूचना सञ्चार नभा जस्ता बेखबरी भए ।
जनमनमा साह्रैसाह्रै त्रास बढिरह्यो
कतिपयमा मानसिक समस्या नि बढिगयो ॥
५
सुन्नुहोस् भन्छु अब बालबालिकाको पनि भोगाइ
यो वर्ष नि बित्न लाग्यो विद्यालय नगई ।
विद्यालय गई ज्ञान सिकी यो देश हामी बनाउनु छ
चन्द्रसूर्य अंकित झन्डा संसारभर चिनाउनु छ ॥
६

चामल नुन तेल चाहियो आमा भन्नुहुन्छ
कोरोनाले जागिर छुट्यो बुबा भन्नुहुन्छ ।
बाआमाको कुरा सुनी मेरो मन छोयो
पुस्तक हेरें पढ्न खोजें मन साह्रै रोयो ॥

७

भन्नुहुन्छ शिक्षकले अनलाइन आई पढ्नु
हातमुख जोड्नै गाह्रो कसरी अनलाइन पढ्नु
भन्दछन् मेरा साथी हामी अनलाइन पढ्यौं
मजस्ता हुँदा खाने बालबालिका पछाडि नै पर्‍यौं ॥

८

शिक्षक अनि साथीसँगै खेल्दै सिक्ने हामी
सिक्ने सिकाउने कार्य गर्न हुन्थ्यो साह्रै ज्ञानी ।
अनलाइन पढाइ बुझ्नै गाह्रो, भन्छिन् मेरी मित्र
स्कुल खुल्ने दिन सम्झी मन पोल्छ भित्रभित्र ॥

९

पोहोर साल घर बस्दा सिकें घरको काम
यो साल पनि घरभित्र सिकें खेतबारीको काम ।
तर पनि मेरो सिकाइ पूर्ण भाको छैन
किनकिन विद्यालय नगई मन मानेकै छैन ॥

१०

हुने खाने मेरा साथी मोबाइलमै व्यस्त
फ्रिफायर पब्जी नजान्ने मलाई, गर्नै छोडे वास्ता ।
अर्की मेरी साथीलाई पढ्न, ल्यापटप किन्दिने रे
आफ्नो बरै कर्मै खोटो छाक टार्ने केले ?

११

पोशाक लाई स्कुलको पुस्तक राखी झोलामा
कहिले होला पस्ने साथीसँगै स्कुल गई कोठामा ।
यो कालो दिन हटेर छिट्टै उज्यालो आओस्
सुरक्षाका उपाय अपनाई विद्यालय खुलोस् ॥

१२

खोल्न पाउँदा मनका कुरा मन भयो चङ्गा
देशका कर्णधार हुन् ती बालक भए पनि भोका नाङ्गा ।
खोप दिई हामीलाई बनाउ सुरक्षित
बल्ल हुन्छ बालबालिकाको अधिकार सुनिश्चित ॥

ooo

# हामी नेपाली

✍ **रोहितप्रसाद ज्ञवाली**
**तानसेन-२, मेहल्धारा, पाल्पा**

वसन्त ऋतुको मध्य भागमा
विक्रमादित्य संवत्का पूर्व संध्यामा
गत वर्षको बिदाइ एवं नयाँ वर्षको आगमनमा
हाम्रो यहाँ खास क्षेत्र भेगका बासिन्दाहरू
आफ्नो प्रवृत्तिप्रतिको प्रायश्चित्त र
भाग्यशाली जीवनको आशमा
सिस्नु-पोलाई खेल खेल्दछन्
देवर-भाउजू यस पर्वमा मूल भूमिका राख्दछन् ।
जब आइसक्छ नौलो वर्षारम्भको शुभदिन
हिमताल नदी खोला पँधेरा धारामा
सहस्र स्नान अनि मन जो छ 'ठाकुरबाबा' ईशमा नमन ,
श्रमसाधनाको बलले मुश्किलले दुईछाक मुख जोड्दछन्
विकट-कष्ट भूधरातल जहाँ खेतीमा छैन निर्भर
त्यहाँ पनि बहुपति प्रथाका जरा जर्जर
हिमक्षेत्र लेख मैदान पाटनमा
यार्सा टिपी लौ विकल्प निर्भर
\+ + +
ती हिमपहाडीक्षेत्र नदी नालाका उद्गम विन्दु हुन्
जहाँ मुक्तिधाम छ प्रसिद्ध
शालिग्राम गर्भा-गण्डकी
अनुपम-अप्रतीम नदी
त्यहाँ पापपुण्य मोचन दुई कुण्ड हुन् रे
पापकुण्डमा त डुबुल्किएर पाप पखाल्ने
पुण्य मोचन कुण्डमा डुबुल्किएर के पुण्य पखाल्ने ?
यस्तै भ्रममा परीकन मुक्तिधामको गर्दछन् उपेक्षा
गरीकन ब्रह्म विचारले हुन्छन् पुण्यमोचन कुण्डले विमुक्ता (मुक्ति हुन्छन्) गरीकन ब्रह्मविचारले
\+ + + +
त्यो ठाउँ जुन त्यहीं हिमाली क्षेत्र हो ।
जहाँ त्यो जाति विशेषताको प्रधानता छ

जहाँ स्त्री प्रधान सभ्यता छ
त्यहाँ बहुपति प्रथा चल्या छ ।
भन्दछन् उनीहरू हामी पहाडीलाई
“पहाडीको सीप जूठ्यानमा-हाम्रो सीप दरबारमा”
उनीहरू हिमाल-बेंसी दुई पाई गर्दछन्
आलो पालो जीवनपद्धति र वृत्तिविकास गर्दछन्
पशुचरन, पर्यटन, स्थानीय वस्तु व्यापारी हुन् ।
\+ + + +
जहाँ समथल भू-भाग छन्
त्यहाँ अनेकौं पीडाले थिलथिल छन्
सुगम सुलभ सहज बसोवास मात्रै हो
अर्धचेतन, अशिक्षा अस्तव्यस्त रहनसहन त्यो
जहाँ अन्तर धार्मिक सहिष्णुताका छठ पनि मान्दछन् ।
तराई-मधेश त अन्न - खाद्यको भण्डार नै हो ।
यही खाद्यसँग आवश्यकीय सामग्री विनिमय गर्दछन् ।
हिमालमा नारीको उत्कृष्ट सम्मान
तराईमा नारीको निकृष्ट अपमान
नेपालीका यी भेगका मध्यमार्गी पहाडीजन ।
हिमाल पहाड तराईमा छन् आ-आफ्नै संस्कार शैली
गौरव मान्नु पर्नेछ यी सम्पदा-प्रवृत्ति र नियति ।

ooo


## जानकारी

२०७८/०७९ मा यस संस्थाको प्राविधिक तथा सामाजिक सहयोगमा सञ्चालित झोलुङ्गेपुल कार्यक्रमअन्तर्गत इस्मा गा.पा., फुर्से पहिरा झोलुङ्गेपुल र कालिगण्डकी गा.पा. रिठामुनी झोलुङ्गेपुल लठ्ठा तान्ने कार्य सम्पन्न भई मदाने गा.पा., मालिका गा.पा., धुर्कोट गा.पा., चन्द्रकोट गा.पा., रेसुङ्गा न.पा., छत्रकोट गा.पा.मा १/१ वटा झोलुङ्गेपुल निर्माण कार्यको लागि सम्झौता हुने अवस्थामा रहेको छ । अरू गा.पा. तथा न.पा.मा पनि स्टील पार्टस् टेण्डरको सूचना प्रकाशन भएको छ । धुर्कोट गा.पा.मा सञ्चालित सामुदायिक विकासका लागि बाख्रा उद्यम परियोजनाअन्तर्गत खोर निर्माण र सहकारी संस्था दर्ताका कार्यहरू भएका छन् ।

सिर्जनशील सामुदायिक विकास केन्द्र, गुल्मी
सम्पर्क : ०७९-५२०५८६, E-mail : icodec50@gmail.com

# राष्ट्रभक्ति गीत

✍ **प्रदीप प्रखर पोखरेल**
**रेसुङ्गा न.पा.-१४, गुल्मी**

म त खोली तर्दिनँ भो छिमेकीले तुइन काट्छ
सुस्ता लुट्छ, बाँध खोल्छ हाम्रो खुशी किन काट्छ?
दुईटा ढुङ्गाबीचको तरूल कैले फुल्ला कैले फल्ला?
दक्षिण लाग्दा भारतले उत्तर लाग्दा चीन काट्छ ॥

लिपुलेकमा दाह्रा गाड्यो, यो छातीमा आरा गाड्यो
रोटी बेटी सम्बन्ध छ भन्दै फेरि नारा छाड्यो
सगरमाथा नाप्छु भन्छ, कहिले भन्छ रारा
बुझ्न गाह्रो छिमेकीको दुष्ट, गिद्धे पारा

लुम्बिनीमा पापी नजर लाउँछ बेला-बेला
बुद्ध उतै जन्मे भन्दै खबर आउँछ बेला-बेला
फाल्दैं गरौं उधिनमा खुकुरीको खिया
छातीमाथि टेक्नेलाई पारौं छिया छिया

ooo

## सार्वजनिक सन्देश

- सडक तथा पुल हाम्रो साझा सम्पत्ति हो, त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐन अनुसार कारबाही हुने सबैमा जानकारीको लागि अनुरोध छ ।
- पुलहरूमा जथाभावी दिसा, पिसाब र फोहर नफालौं । यसले पुलको आयु घटाउँछ ।
- पुलको तलमाथि खोलाबाट बालुवा, गिटी, ढुङ्गा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा आदि नझिकौं ।
- पुलमाथि सकभर सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।

**मदन भण्डारी राजमार्ग योजना कार्यालय**
**तम्घास, गुल्मी**
फोन : ०७९-५२००५२

# विपद् जिम्मेवारी : पुस्तकालयको क्षेत्राधिकार ?

✍ **मुरारिविनोद पोखरेल**
**महालक्ष्मी-४, इमाडोल, ललितपुर**

## विपद्बारेमा बुझाइ

समाचारको सम्प्रेषणले नभेटेको अथवा नेपालीको सोच र व्यवस्थापन केले हो थाहा छैन, हामी साना हुँदा विपद्बारे त्यत्ति जानकारी हुँदैन थियो । पाठ्यक्रममा विपद्बारे खासै उल्लेख थिएन । यद्यपि, अहिले आएर यसो घोरिंदा दुईवटै कुरामा केही न केही सत्यता छ भन्ने ठान्दछु । हो १९५८ वैशाख २४ गते जन्मिएको गोरखापत्र र २००७ चैत्र २० गते खुलेको रेडियो नेपालको क्षमताले देशको विकट कुना कन्दरा वा दूरदराज पुगेर सबै छाडी विपद्को ताजाखबर ल्याउन सामान्यतया असम्भवै थियो । किनभने नेपाली जनमानसमा विपद् भनेको ईश्वरले गराउने हो यसमा आममानिसको कुनै हात हुँदैन भन्ने विश्वास थियो । अघिल्लो समयमा विपद् सम्बन्धमा सरकारी चासो पनि पटक्कै रहेनछ । अन्यथा यससम्बन्धमा नीति नियम आदिको तर्जुमा पहिलेदेखि नै हुँदो हो । जस्ता जनता उस्तै सरकार !

अहिले विपद् भनिने शब्दलाई हामीले धेरै अगाडिदेखि प्रकोप भनेर घोकी आएका हौं । सरकारले प्रकोप हुँदोरहेछ, यसको चपेटामा परेर मरेकालाई कात्रो र बाँचेकालाई उद्धार राहत गर्नुपर्दो रहेछ भनेर सिकेको २०३९ पुष ८ गते प्रमाणीकरण भएको 'दैवीप्रकोप (उद्धार) ऐन'आएदेखि हो । अर्थात् विपद् त पहिले पनि पर्थ्यो, घटना दुर्घटना हुन्थ्यो, समुदाय/ कर्मचारी एकआपसमा जुट्थे, जे सकेको व्यक्तिगत वा पारिवारिक हिसाबले सहयोग जुटाउँथे र विपद् अवस्थाको सामान्य व्यवस्थापन गर्ने गर्दथे । एउटा राम्रो परम्परा– अर्को वाक्यमा भन्ने हो भने विपद्लाई स्थानीय तहमै व्यवस्थापन गर्ने अति सामान्य परिपाटी नेपालमा पुस्तौंदेखि थियो । यस ऐनको प्रादूर्भाव पछिमात्र, विपद् विधा सरकारको सामान्य दायित्वमा परेको देखिन्छ ।

## विपद् सबै प्राकृतिक मात्र हुँदैनन्

सो ऐन प्रतिपालन भइरहँदासम्म पनि सरकारको सोच भने उस्तै थियो । प्रकोप यसै हुँदैन, दैवले नै घटाउने आपत हो । तब न सरकारले 'दैवीप्रकोप (उद्धार) ऐन'भनेर फर्मान जारी गर्‍यो । जब दैवीप्रकोप भनिसकेपछि कुन बखत, कहिले, कसरी, कत्रो भयावह स्थिति हुन्छ, सोको आँकलन गर्न नसकिने भन्ने स्वतः बुझिन्छ । यस अर्थमा सो ऐनले कात्रो ओढाउने वा सके उद्धार गर्नेभन्दा अगाडि

सोच्ने कुरा पनि भएन । विपद् हुन्छ, प्रहरी/सेना उद्धारमा जुट्छन्, सरकारले स-सानो राहतको व्यवस्था गर्छ । यसरी नै चल्दै आएको थियो । यद्यपि, विपद् सबै प्राकृतिक हुँदैनन्, मानवसिर्जित पनि हुन्छन् । विपद्लाई रोक्न नसकिए पनि सोको प्रभावलाई विपद्पूर्वको राम्रो पूर्वतयारीका क्रियाकलापहरूले न्यूनीकरण गर्न सकिन्छ । विपद् पर्दा व्यक्ति, समुदायलगायत जुनसुकै सरोकारवाला निकायहरूको हातेमालो अपरिहार्य हुन्छ, एउटा विपद्बाट प्राप्त सिकाइबाट अर्को विपद्को सामना गर्दा सजिलो हुन्छ, जस्ता कुराहरू हामीमा गौण रहेका थिए ।

नेपालमा २०५० सालको बाढी/पहिरोले सर्वप्रथम नेपाली जनमानसमा एउटा ठूलो हलचल ल्यायो । सो बाढी/पहिरोले नेपालको धेरै भूभागलाई एकैपटक यसरी प्रभावित पार्‍यो कि बाढी/पहिरोले धेरै असर नगरेको राजधानी काठमाडौं पनि हप्तौंसम्म बिजुली तथा सडक आवागमनबाट वञ्चित भयो । खाद्यान्न, पेट्रोल/डिजेल लगायत दैनिक आवश्यक पर्ने सरसामाग्रीहरू जुट्न सकेनन् र हाहाकार मच्चियो । थोरैथोरै अति आवश्यक पर्ने सामाग्रीहरू हवाइजहाजबाट ओसारेर नितान्त न्यून आपूर्ति गर्नुपरेको अवस्था सिर्जना भयो । विपद् एक ठाउँमा भए पनि असर वा प्रभाव अन्यत्र पनि हुँदो रहेछ, विपद् परेपछि दैनिक आवश्यकीय सरसामाग्रीको खाँचो पर्ने रहेछ, विपद् हुन्छ तर अगाडि नै सोको बारेमा सोच गरेर पूर्व तयारी गर्नुपर्ने रहेछ, नितान्त जरूरी हुने कुराहरू कम्तीमा दुई/तीन हप्तालाई पुग्ने गरी ठाउँठाउँमा राख्नुपर्ने रहेछ, विपद् भइहालेमा के कसरी सुरक्षित हुन सकिन्छ?, ... जस्ता सबैले जान्नुपर्ने कुराहरू नेपालमा चर्चा परिचर्चाको विषय यही विपद्पछि हुन थालेको हो ।

## विपद् सबैको सरोकारको विषय

सोही बाढी/पहिरोको विपद्ले, विपद् केवल सरकारको अर्थात् प्रहरी र सेनाको मात्र चासो र जिम्मेवारी हैन रहेछ, सबैजसो सरकारी निकाय, निगम, संस्थाहरू, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संस्थाहरू र सर्वसाधारण सबैको यसमा चासो, जिम्मेवारी र हातेमालो आवश्यक पर्ने रहेछ भन्ने कुराको जानकारी गरायो । परेपछि न चेत आउँछ ! सरकारले पनि विपद् प्रतिरोधात्मक काम धेरै निकायको जिम्मेवारीमा पर्ने रहेछ भन्ने बोध गर्‍यो र सबै सरोकारवाला निकायहरूलाई विपद् पूर्वतयारी, न्यूनीकरणका कामहरू विपद्पूर्व नै गरिरहन आग्रह गर्न थाल्यो । विपद् भइहालेमा सेना, प्रहरी, रेडक्रसलगायत सरोकारवाला निकायहरू उद्धार प्रतिकार्यमा तत्काल जुट्नुपर्ने र अन्य विकासे सरकारी संस्थाहरू र अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैरसरकारी संस्थाहरूले पुनःस्थापना तथा पुनःनिर्माणमा सरकारसँग हातेमालो गर्नुपर्नेजस्ता कुराहरू आह्वान गर्न थाल्यो । यद्यपि, ऐनले विपद्को सर्वपक्षीय अङ्गलाई समेट्न नसकेको हुँदा विपद् चक्रको सम्पूर्ण क्रियाकलाप समेटिने गरी विपद् व्यवस्थापन ऐन आउनुपर्‍यो भन्ने सरोकारवालाहरूको दवाव, अथक प्रयासहरू भने भरमग्दुर भइरह्यो ।

त्यस विपद्को चपेटामा व्यक्ति वा जुनसुकै संस्थामा काम गर्ने जोसुकैलाई पनि पर्‍यो । अर्थात् मेरो घर परिवारमा विविध कठिनाइ पर्‍यो नै, मैले पनि कार्यालय जान मोटरसाइकलमा तेल हाल्न पनि पाइनँ । यसरी म, हामी, उहाँहरू सबै नै प्रभावित भयौं र विपद् जहिलेसुकै हुनसक्ने, विपद् प्राकृतिक र मानवनिर्मित दुबै कारणले हुनसक्ने, यसको प्रभावबाट सुरक्षित हुन पूर्व तयारी भएर न्यूनीकरणको कामहरू गरिरहनुपर्ने, ... जस्ता कुराहरूको चर्चा परिचर्चा हुनथाल्यो । यसबाट प्रभावित भएपछि, म पनि कार्यरत रहेको यूनाइटेड मिशन टू नेपालका कार्यक्रमहरू प्रायजसो पहाडी जिल्लामा थिए र स्वतः विपद्को चपेटामा पर्न सक्ने आँकलन गरी २०५१ सालमा मसहित पाँच जना कर्मचारीलाई भारतको चेन्नाईमा साताव्यापी विपद् व्यवस्थापन तालिममा पठाइयो । यूनाइटेड मिशन टू नेपाल केन्द्रीय कार्यालयमा विपद् पूर्वतयारी कार्यक्रम सुरू भयो, केही समयपछि सो कार्यक्रमको निर्देशनको जिम्मा मेरो काँधमा परेको थियो । यू.एम.एन.का जिल्लास्थित कार्यक्रमहरूमा समुदाय जानकारीमूलक विपद् सचेतना तथा पूर्वतयारीका कामहरू सञ्चालनमा आए । यसरी यू.एम.एन.मात्र हैन अन्यान्य धेरै विकासे संस्थाहरूमा विस्तारै विपद् सचेतना, न्यूनीकरण वा विपद् व्यवस्थापनका कार्ययोजना बनेर कामहरू हुन थालेको हो । समग्रमा भन्दा नेपालमा विपद् बारेको सचेतनाको विकास नै २०५० सालको बाढीपहिरो पश्चात् सुरूभएको थियो भन्नुमा अत्युक्ति हुने छैन ।

## विपद् ऐन, नीति, नियमावली

विपद्लाई सही ढङ्गले व्यवस्थापन गर्न विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गरिने सम्पूर्ण पाटाहरूलाई समेटन सक्ने गरी विपद् बारेको ऐन आओस् भनेर सरोकारवालाहरूले दवाव दिइरहँदा पनि बल्ल अढाई दशकपछि 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४' आयो । यस ऐनको परिच्छेद २ को नम्बर ३ मा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को व्यवस्था गरिएको छ र सो परिषद्को अध्यक्षता प्रधानमन्त्रीले गर्ने प्रावधधान छ । २०७५ मा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति पारित भयो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ मा बन्यो र यस अन्तर्गतको 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण' गठन भएर २०७६ मार्ग २९ गतेका दिन यस प्राधिकरणमा प्रमुख कार्यकारी नियुक्ति भएको हो । यसरी बल्ल आएर विपद् व्यवस्थापनको कार्यले गति लिने बाटो खुलेको छ ।

## कुन सँस्था विपद्सँग सम्बन्धित नहोला ?

अब शीर्षकको दोस्रो पाटोतिर लागौं । विपद्को बखत काम गर्ने अथवा विकासे संस्था भन्नाले सार्वजनिक/सामुदायिक पुस्तकालय पर्छन् कि पर्दैनन् ? सामान्य बुझाइमा पर्दैनन् । यद्यपि, आधुनिक पुस्तकालय प्रणालीले नछुने कुनै विधा हुन सक्दैन । एकदम सजिलो भाषामा भन्ने हो भने, समुदायका सबै तप्काका

व्यक्तिहरू पुस्तकालयका सदस्य हुने हुँदा तिनका जुनसुकै गतिविधिसँग पुस्तकालयले तादात्म्य राख्नै पर्छ । यदि समुदायको कुनै व्यक्तिले नदीको धार कटान भइरहेको छेउमा, पहिरो बग्ने जोखिम भएको स्थानमा, वा हिउँदमा सुख्खा देखिए पनि वर्षामा बाढीको डुवानमा पर्ने जग्गामा घर बनाउन लागेको थाहा पाएमा पुस्तकालयसेवीले सो निर्माण गर्न रोक्नुपर्छ । किनकि भोलिको दिनमा सो परिवारको बिचल्ली नहोस् भनेर सचेत गराउने, रोक्ने काम पुस्तकालयकर्मीको पनि हो । बालविकासको गतिविधि चलाउने, युवाजागरणको कामहरू गर्ने, कृषकका अप्ठेराहरू फुकाउने, महिला सशक्तीकरण गराउने, विद्युतीय सञ्चार प्रविधिका कामहरू सिकाउने, राज्यका नीतिनियमसँग समुदायलाई अभिप्रेरित गराउने, ... पुस्तकालयजस्तो संस्थाले कसैले घर बनाउने भनेर परिवारको चिहान बनाउन थालेको छ भने, पुस्तकालय व्यवस्थापकले सो रोक्नु उसको कर्तव्य नै हुन आउँछ ।

आजभन्दा दुई दशक पिहलेको कुरा हो । भर्खर भर्खर नेपालमा विपद् बारेमा सार्वजनिक कार्यक्रम हुन थालेको समयमा भूकम्प प्रविधि राष्ट्रिय समाज–नेपालले भक्तपुरमा स्थानीय निकाय र शिक्षकहरूका लागि विपद्बारेमा एक दिने छलफल कार्यक्रम चलाएको थियो । सो दिन वागेश्वरीका एक शिक्षकले भनेका थिए –

एक दिन उनी विद्यालय जाँदै थिए, गाउँका श्याम भाइले खहरेले खङ्ग्दै लगिरहेको सुर्के फोगटो जग्गामा घरबनाउन जग खनेको देखे । उनले त्यहाँ घरबनाउन उपयुक्त हुँदैन भने । श्यामले गुरु मेरो अन्यत्र कुनै जग्गा छैन, मसँग कुनै विकल्प भएन भने । उनी विद्यालयतर्फ लागे, तर दिन भर उनले विद्यार्थीलाई के पढाए थाहा भएन रे । कारण केही वर्षमै श्यामको घर लड्छ, उसका बालबच्चाको एकै चिहान हुन्छ,... दिनभर उनको सोच यसैमा केन्द्रित भएछ । भोलिपल्ट बिहान प्रधानपञ्च र गाउँका अन्य गन्यमान्य भेला गराएर उनले यो समस्या राखेछन् । गाउँका कुनै अग्रजले, ओहो यस्तो त हुनदिनु भएन भन्दै, आफ्नो उपयुक्त जग्गा उसकोसँग साट्न मञ्जुर गरेछन् र ती श्यामलाई बोलाएर समस्याको समाधानको उपाय बताएछन् । यस कुरामा श्याम मञ्जुर भए । यद्यपि, श्यामले भने – गुरु मसँग त यो जग दोहस्याएर खन्न सक्ने क्षमता पनि छैन । तब ती गुरुले जग खन्न लाग्ने रकमको जिम्मा मैले लिन्छु भनेपछि त्यो समस्याको समाधान भएको रहेछ ।

माथिको सत्यकथाबाट के बुझिन्छ भने केही समय अघिसम्म नेपालमा जानेर वा नजानेर सामुदायिक विपद् व्यवस्थापन गर्ने पद्धति आ–आफ्नै गाउँ समाजमा विद्यमान रहेछ । बिस्तारै यस्ता मौलिक व्यवस्थापकीय तौरतरिका नष्ट हुँदै गइरहेको छ । यस्ता समुदायमा अप्ठेरो पर्दा एकआपसमा सहयोग गर्ने पद्धतिको जगेर्ना अवश्यम्भावी छ ।

उक्त कथाले त अझै स्पष्ट पार्‍यो कि कुनै संस्था वा निकाय मात्र हैन एक व्यक्तिले पनि विपद् व्यवस्थापनमा ठूलो भूमिका निर्वाह गर्न सक्छन्, गर्नुपर्ने रहेछ । स्थानीय निकायले उपलब्ध गराएको स्थानमा निर्मित हुने गरेका हाम्रा कतिपय सामुदायिक संरचनाहरू : विद्यालय, पुस्तकालय, अस्पताल, आदि नदीकिनार, खोंच, डाँडोको टुप्पो जहाँ मानिस उभिंदा पनि हावाले उडाउला जस्तो हुन्छ, भिरको काख, वर्षात्को पानीको बहाव बढेर तलाउ बन्नसक्ने जग्गाहरूमा निर्मित हुँदै आएका छन् । विपद्को हिसाबले अब आइन्दा बन्ने कुनै पनि यस्ता सामुदायिक संरचना कहाँ र कस्तो हुनुपर्छ, त्यो सोचनीय हुन्छ । सरकारले अब बन्ने व्यक्तिका घरहरूसमेत विपद् प्रतिरोधात्मक निमार्ण पद्धतिबाट बन्नै पर्ने प्रत्याभूति गरेको छ भने सरकारी संरचनाहरू त भवनसंहिताजस्ता नितान्त सरकारी नीतिनियमभित्रै निर्माण गर्नै पर्दछ ।

## भवन संहिता

भवन ऐन २०५५ ले 'भूकम्प, आगलागी तथा अन्य दैवीप्रकोपहरूबाट भवनहरूलाई यथासम्भव सुरक्षित राख्नको लागि भवन निर्माण कार्यलाई नियमित गर्ने ...' भनेर प्रस्तावनामै उल्लेख गरेको छ । विपद् प्रतिरोधात्मक भवनहरूको प्रत्याभूति गर्न राष्ट्रिय भवन संहिता-२०६० बनेको छ । व्यक्ति वा सार्वजनिक सरोकारका भवनहरू विपद् प्रतिरोधात्मक पद्धतिबाट निर्मित त हुनुपर्छ नै । यी सार्वजनिक भवनहरू त अपाङ्गमैत्री पनि हुनुपर्छ । अपाङ्गता ... सम्बन्धी ऐन २०७४ को परिच्छेद- १ प्रारम्भिकको बुँदा १.(छ) मा "पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई... सक्षम बनाउन मानवनिर्मित भौतिक संरचना, ...समान रूपमा उपभोग गर्नसक्ने अवस्था सम्झनुपर्छ" भनिएको छ ।





*(माथिको दुई प्रकारका ईंटा ढुङ्गे व्यक्तिगत खाले भवनको स्वरूप गुगलबाट लिइएका हुन् । यी घरमा भूकम्पप्रतिरोधात्मक निर्माणविधि अपनाइएको देखिन्छ । यी घरमा अपाङ्गता भएको कोही नबस्ने हुँदा सोको प्रावधान नराखिएको हुन सक्छ)*

अगाडि नै भनियो कि पुस्तकालयले जनमानसमा सही र प्रभावकारी सूचना खोजतलास गरेर पनि सम्प्रेषण गर्ने गरेको छ । यस अर्थमा पनि सरकारी नीतिनियमले गरेको बन्दोबस्तीहरूलाई पुस्तकालयले आत्मसात गरी समुदायलाई

ती कुराहरू अवलम्बन गर्न अभिप्रेरित गर्नुपर्छ । तर कहिलेकाहीं के कुन सूचनाको अभावमा हो यी सबै भएका पाइँदैन । उदाहरणको लागि तम्घास, गुल्मीको किरण पुस्तकालय भवन राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्माण भएको रहेछ । यद्यपि, सो भवन विपद् प्रतिरोधात्मक पद्धति अवलम्बन गरेरै बनाएको देखिन्छ, तापनि सो भवनका सबै तलाहरू, शौचालय आदि अपाङ्गता मैत्री बनेको पाइएन । यो त गज्जबको विडम्बना हो । सरकारी निकायलाई, त्यो पनि प्राधिकरण जस्तो उच्चतम संस्थाले गरेको काममा यस्तो त्रुटि किमार्थ नहुनु पर्ने हो । यस बारेमा अब कम्तीमा के गर्न सकिन्छ त भनेर किरण पुस्तकालय सञ्चालक समितिका पदाधिकारीहरूसँग छलफल गर्दा भूइँ तलामा मात्र भए पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि साधारण भिरालो आवागमन पहुँच मिलाउने र पाठ्य सामग्रीको व्यवस्था सोही स्थानमा गर्नुपर्ने निचोड निस्केको थियो ।

कुनै पनि संस्थाले परीआउने घटनाबाट सिक्ने न हो । २०७२ वैशाख १२ गते र सो पछिका विनाशकारी भूकम्पीय कम्पनहरूले रिड नेपाललाई पनि झस्कायो । सो समयपश्चात् रिड नेपालबाट विपद् प्रतिरोधात्मक एवं अपाङ्गता मैत्री सामुदायिक पुस्तकालय भवनहरू निर्माण भइआएका छन् । रिड नेपालले आफ्नो नीतिमै अब बन्ने सबै संरचनाहरू यसै अवधारणाअनुसार हुने भनेर पारित गरेको छ । अझ सो संस्थाले स्थानीय परिवेश, ढाँचा, मौलिकतालाई प्राथमिकतामा राखेर सोसमेत अवलम्बन गर्ने नीति पनि लिएको छ । कुनै पनि बाह्य संस्थाले स्थानविशेषको मौलिकतालाई जोगाउने र उजागर गर्ने काममा हातेमालो गर्नुपर्छ भन्ने कुरामा रिड नेपाल विश्वस्त छ । पुस्तकालयहरूले यस्ता सबै विधाका कुराहरू स्मरणमा राख्ने र सम्बन्धित निकायमा आवश्यक पैरवी गर्न सक्छन् । उदाहरणको लागि पुस्तकालयको लागि भौतिक संरचना निर्माण हुनु अगावै यस्ता कुराहरूमा ध्यान पुऱ्याएर नापनक्सा बनिरहेको समयमै सम्झाएर उपयुक्त तरिकाले सच्चाउन लगाउने गर्नु अपरिहार्य हुन्छ ।

अतःविपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य पनि पुस्तकालयको क्षेत्राधिकार बाहिर जान सक्दैन !

## पुनश्चः थप अध्ययनका लागि :-

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४
२. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५
३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६
४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरण २०७६
५. भवन ऐन २०५५
६. राष्ट्रिय भवन संहिता २०६०
७. अपाङ्गता ... सम्बन्धी ऐन २०७४

ooo

# चाँडै यहाँ पाल्नुहोस्

✍ कृष्णशरण उपाध्याय पौडेल

खेल्ने हो हिउँका महा-शिखरमा, हाँसी रमाईकन ।
सुत्ने हो सुखले नदी-बगरमा, बस्ती जमाईकन ।
छुट्टी एक मिलाउनुस् तय गरी, गन्तव्य सम्हाल्नुहोस्
हो नेपाल सुरम्य स्वर्गनगरी; चाँडै यहाँ पाल्नुहोस् ।

हेर्ने छैन र चाहना कलकली, झर्ना झरेका सयौं ?
दुख्ने छैन र चाहना हरिण औ अर्ना चरेका सयौं ?
छाती जो छ फलाम झैं अब नहोस्, त्यो मैन झैं गाल्नुहोस्
हो नेपाल सुरम्य स्वर्गनगरी; चाँडै यहाँ पाल्नुहोस् ।

कैयौं वन्य निकुञ्ज छन् गहकिला, नीला नदी ताल छन्
गैंडा बाघ बँदेल भालु मृगका, क्या मोहिनी चाल छन्
यस्ता प्राकृत दृश्य हेर्न अहिल्यै, उफ्रेर हाम्फाल्नुहोस्
हो नेपाल सुरम्य स्वर्गनगरी, चाँडै यहाँ पाल्नुहोस् ।

बाँडेथे उपदेश बुद्ध-शिवले, त्यो भूमि नेपाल हो
हाँकेथे अधिराज्य ती जनकले, त्यो भूमि नेपाल हो
त्यो हाम्रो इतिहास जान्नुछ भने, अज्ञानता फाल्नुहोस्
छुट्टी एक मिलाउनुस् अब छिटो, नेपालमा पाल्नुहोस् ।

अग्लो स्वच्छ पहाडको सरसिलो, छायाँ नयाँ पाउन
सम्मो फाँट मधेशको चहकिलो, मायाँ नयाँ लाउन
नेपाली मन बुझ्न पाउ दुइटा, हल्का गरी चाल्नुहोस्
हो नेपाल सुरम्य स्वर्गनगरी, चाँडै यहाँ पाल्नुहोस् ।

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# सम्मानको आरती

✍ **सीता सुवेदी पन्थी**
**रेसुङ्गा न.पा.-९, तम्घास, गुल्मी**

सारा जीवनका अमूल्य सपना साँचेर ज्यूने सदा
इच्छा त्याग गरी हरेक पलमा सङ्घर्ष गर्ने अहा !
फैलाए जगमा अभाव बिचमा सद्भावका आँकुरा
प्यारा सन्ततिका निमित्त नभमा देखाउँदै टाकुरा ।

कैयौँ भोक र रोगका बिच उठी लड्दै बढेका थिए
जोगाई पहिचान मूल्य महिमा संस्कार सारा दिए
माटोको महिमा बढाउन सदा नौला गरी सिर्जना
मोती नै श्रमले फलाउन पुगे छैनन् कुनै तिर्सना ।

हाम्रा दिव्य परम्परा जगतका मान्ने तिनै अग्रज
आशा हुन् जनका सुसंस्कृतिहरू धान्ने यिनै सर्जक
भर्दै चेत नयाँ युवा र युवती बाटो खनाए अहो !
गाथाको अमरत्व फैलिन गए आभा सुनौलो छ यो ।

प्राणीका जगमा सुसभ्य भनिने मान्छे तिमी मैलिए
हट्दै मानवता तिरस्कृत भई वृद्धाहरू वैलिए
नासिन्छन् सब धर्म संस्कृतिहरू बढ्दा घृणा ज्येष्ठमा
पूर्वी ज्ञान र चेतना सब हटी नासिन्छ त्यो खेदमा ।

स्रष्टा देव उनै सुरम्य जगका द्रष्टा उनै पूज्य छन्
वृद्धावृद्ध तिनै समग्र जगका सद्भावका ताज हुन् ।
खम्बा हुन् परिपक्क मान्यजन ती संस्कारका सारथी
सेवा भाव लिई जगाउन सकौँ सम्मानको आरती ।।

*(ज्येष्ठ नागरिकप्रति समर्पित)*

ooo

## थाहा पाउनुभयो !

*'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाका ९२ अङ्क निस्के । तपाईंले कुनै अङ्क पढ्न छुटाउनुभयो कि ?*

# गाउँपालिकाको अनुरोध

- ❑ अति आवश्यक काम नपर्दासम्म घरबाहिर ननिस्कौं तथा यात्रा नगरौं । भीडभाड नगरौं र नजाऔं । सभा, समारोह, भेला, भोजभतेर लगायतका मानिस जम्मा हुने कार्यहरू हाललाई स्थगित गरौं ।
- ❑ भेट हुँदा नमस्कार गरौं, हात नमिलाऔं तथा अंकमाल नगरौं ।
- ❑ मास्कको अनिवार्य प्रयोग गरौं र गर्न लगाऔं ।
- ❑ साबुनपानीले पटक-पटक मिचीमिची हात धोऔं वा गुणस्तरीय सेनिटाइजरको प्रयोग गरौं ।
- ❑ ज्वरो आएमा, श्वास फेर्न अप्ठ्यारो भएमा वा घाँटी दुखेमा, स्वाद वा गन्ध थाहा पाउन नसक्ने भएमा, रूघाखोकी जस्तो लक्षण देखिएमा स्वास्थ्य संस्थामा गई जाँच गरी उपचार गराऔं, समुदायमा यस्ता लक्षण देखिएका व्यक्तिहरू कतै देखिएमा नजिकैको स्वास्थ्य संस्थामा जान भनौं र आवश्यक परेमा सहयोग गरौं ।
- ❑ गलत हल्लाको पछि नलागौं । सबै जना सतर्क र जिम्मेवार होऔं । कोरोनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

## सत्यवती गाउँपालिका, गुल्मी

# गाउँपालिकाको अनुरोध

- ❑ जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौ ।
- ❑ स्थानीयस्तरमा सञ्चालन भएका विकास निर्माणहरू तपाईंहाम्रै हुन्, यिनीहरूको दिगो सञ्चालन र व्यवस्थापनको लागि अर्थपूर्ण जनसहभागितामा वृद्धि गरौं ।
- ❑ सेवा लिनुअघि नागरिक वडापत्रको अध्ययन गर्ने बानी बसालौं ।
- ❑ आफ्नो वरिपरि घट्न सक्ने सम्भावित विपद्को बारेमा सचेत भई खुल्ला र सुरक्षित स्थानको बारेमा जानकारी राखौं ।
- ❑ आ-आफ्नो घरको छतको पानी बाटोमा नफाली पाइपबाट तुरून्तै व्यवस्थित गरौं ।
- ❑ व्यक्तिगत तथा घरायसी सरसफाइमा ध्यान दिई सरूवाजन्य रोगबाट बचौं ।

## चन्द्रकोट गाउँपालिका, गुल्मी

# मेरो स्वतन्त्र चिन्तन

✍ **शीला पन्त**
**कालोपुल, सिफल, काठमाडौं**

सपना जपना मेरा माटोमै भुल्भुलाउँछन्
आँखा व्याख्या गरे जस्तै किनारमा रमाउँछन्

अन्धकार हटेको छ पर्खाल भत्किएपछि
उज्यालो छिर्न खोज्दैछ आँखीझ्याल खुलेपछि

पदयात्रीहरू बाटो भुल्छन् नौलो भएपछि
नदी झैँ बग्न चाहन्छु भावना सङ्लिएपछि

अनायास कहाँबाट आयौ ए अतिथिजन
सारथी खै त भन्छौ न एक्लै एक्लै निरञ्जन

बिलाएर कहाँ जाला चोला या मानवी घर
खरानी भै उडी जाने मायामोह सधैँभर

आगन्तुकहरू जम्मै आफ्नै बाटो सोझ्याउँछन्
नदीका भँगला जस्तै ढुङ्गा भएर छोड्दछन्

तरङ्गित बनेको छ मनको भाव छिन्छिन
गङ्गामाथि छ आकाश शून्य झैँ लाग्छ छिन्छिन

चराहरू उडीरेछन् वृक्षवृक्षै निरन्तर
आफैँबाट म सिक्दैछु मेरो मार्ग छ सुन्दर

ढुङ्गा, ढुङ्गा छ भेटौँ झैँ नदीमा मिसिएपछि
बिलाएर कहाँ जालान् कहीँ स्थिर भएपछि

उज्यालो जब धर्तीमा छिर्छ बिम्ब छिरेसरी
हाम्रै मन सँगालेर गोविन्द भित्रिएसरी ।

ooo

# सूचना !

- जन्म, मृत्यु, बसाइसराइ, विवाह, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटनाहरू समयमै दर्ता गरौ । व्यक्तिगत घटना घटेको ३५ दिनभित्र निःशुल्क रूपमा व्यक्तिगत घटना दर्ता गराऔं ।
- नगरपालिकाले निर्धारण गरेका कर शुल्कहरू समयमै बुझाऔं ।
- सीप विकास गरौं, आत्मनिर्भर बनौं, कृषि र पशुपालनलाई व्यावसायिक बनाई आयआर्जन वृद्धि गरौं ।
- आ-आफ्ना घर वरिपरि खुला ठाँउहरूमा वृक्षरोपण गरौं र गाउँ शहरको सौन्दर्य बढाऔं ।
- भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।
- वर्षातको समयमा बाढी, पहिरोजस्ता विपद्हरू आउनसक्ने भएकाले त्यस्तो समयमा पूर्वसावधानी अपनाऔं ।
- कोभिड-१९ (कोरोना भाइरस)बाट बच्न सामाजिक दूरी कायम गर्ने, घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने र बारम्बार साबुनपानीले हात धुने बानी बसालौं ।
- भीडभाड तथा जोखिमयुक्त ठाउँहरूमा सकेसम्म नजाने, जानै परे सावधानी अपनाऔं ।
- मास्कको अनिवार्य प्रयोग गरौं र मास्कको प्रयोगपछि सुरक्षित ठाउँमा विसर्जन गरौं ।

## मध्यपुर थिमि नगरपालिका, भक्तपुर

# मालिका गाउँपालिकाको अनुरोध

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- गाउँपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं; सभ्य नागरिकको परिचय दिऔं ।

## मालिका गाउँपालिका, गुल्मी

# संस्कृत विद्याको संरक्षण र सम्वर्धन

✍ प्रा.डा. माधवशरण उपाध्याय
नेपाल संस्कृत विश्वविद्यालय, दाङ

## पृष्ठभूमि

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न राज्यका रूपमा विश्वमानचित्रमा परिचित नेपालमा संस्कृतशिक्षाले प्राचीनकालदेखि महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको तथ्य सर्वविदित छ । मानवजातिको प्राचीन सभ्यता र संस्कारलाई आत्मसात् गर्दै अनेकौं आरोह–अवरोह छिचल्दै लामो इतिहास बोकेको संस्कृतशिक्षा नेपाली समाजमा अविच्छिन्न रूपमा आफ्नो प्रभाव छोड्न सफल रहेको पाइन्छ । लिच्छिविकाल र मल्लकालमा संस्कृतभाषाले राजकीय सम्मान पाएको कुरा तात्कालिक अभिलेखहरूबाट अवगत हुन्छ भने वर्तमानमा पनि नेपाली जनजीवनका हरेक पक्षमा संस्कृत भाषा र वाङ्मयको प्रभाव टड्कारो रूपमा अनुभव गर्न सकिन्छ । राष्ट्रभाषा नेपाली र अन्य भारोपेली भाषाको जननी भाषाका रूपमा समेत संस्कृतको प्रभाव पूर्वीय भेगका साहित्य, धर्म, दर्शन, इतिहास, संस्कृति, संस्कार र कलाकौशल आदिमा अक्षुण्ण रहेको अनुभूत हुन्छ ।

## नेपालमा संस्कृत शिक्षा

धार्मिक सांस्कृतिक विविधताले गौरवान्वित नेपाली भू–भागमा प्रागैतिहासिक कालदेखि संस्कृतशिक्षा अनवरत रूपमा चल्दै आएको देखिन्छ । मानवमात्रलाई भौतिक र आध्यात्मिक दुबैथरी चिन्तन प्रवाहित गर्न प्राचीन समयमा संस्कृत भाषाकै आश्रय लिइन्थ्यो भन्ने कुरा निर्विवाद छ । शिक्षाक्षेत्रमा पाश्चात्य प्रवाह प्रारम्भ हुनुभन्दा पहिले पौरस्त्य ज्ञानविज्ञानको संवाहकको रूपमा संस्कृत शिक्षा नै प्रचलित हुनाले त्यस समयमा संस्कृत र शिक्षा पर्यायवाची भएर रहेका थिए भन्दा अत्युक्ति नहोला । प्रारम्भिक कालमा ऋषिमुनिहरूका गुरुकुलमा पठन–पाठन हुने गरेको संस्कृतशिक्षा समयको परिवर्तनसँगै मठ, मन्दिर, गुम्बा आदिमा अनौपचारिक शिक्षाका रूपमा प्रवाहित भएर रहेको थियो । यसरी नियाल्दा विद्यालय र विश्वविद्यालयको औपचारिक स्वरूप लिनुभन्दा पहिले नै नेपालका गाउँगाउँमा यसको प्रभाव परिसकेको देखिन्छ । यद्यपि नेपाली जनजीवनमा आस्थाको पर्याय बनिसकेको संस्कृतशिक्षाले औपचारिक रूप कहिलदेखि लियो भन्ने समय किटान गर्न सजिलो छैन । तथापि हालसम्मको अध्ययनले वि.सं. १८९६ भाद्रवदी ९ रोज ७ मा श्री ५ राजेन्द्रद्वारा नारायण पण्डितलाई दिएको लिखतबाट त्यस समय संस्कृत पाठशालाको अस्तित्व रहेको कुरा ज्ञात हुन्छ । वि.सं. १९२७ पौष शुदी १५ को उपस्थिति विवरणबाट नारायणहिटीमा संस्कृत विद्यालयको अवस्थिति पुष्ट हुन्छ । त्यस्तै वि.सं.

१९३२ मा भोजपुरको दिङ्ला र वि.सं. १९३४ मा काठमाडौंको रानीपोखरी संस्कृत विद्यालयको सञ्चालन प्रारम्भ भएको देखिन्छ । वि.सं. १९४३ सालमा तीनधारा पाकशालाको स्थापनाले संस्कृत शिक्षाको विकासमा टेवा पुगेको कुरा अनुभव गर्न सकिन्छ । दाङ, मटिहानी, जनकपुर, कलैया, रिडी, तौलीहवा, पाल्पा, पोखरा आदि स्थानमा संस्कृत विद्यालयको सञ्चालन प्रारम्भ भएपछि संस्कृत शिक्षाले अधिराज्यव्यापी रूप लिएको तथा वि.सं. १९५८ मा एकै पटक ७५ भाषा पाठशाला सञ्चालनमा आएपछि र वि.सं. २०१० सालसम्म अधिराज्यभरि भाषा पाठशालाको सङ्ख्या २ सय ३३ पुगेपछि प्राथमिक र निम्नमाध्यमिक तहको स.स्कृत शिक्षाको प्रचार प्रसारले व्यापकता पाएको देखिन्छ ।

वि.सं. २०११ देखि शिक्षासम्बन्धी राय सुझाव लिन विभिन्न आयोग समिति आदि गठन हुने क्रमसँगै आधुनिक शिक्षा प्रणालीको व्यापकता र संस्कृत शिक्षाको क्षेत्र साँघुरिँदै गएको पाइन्छ । २०११ मा गठित राष्ट्रिय शिक्षा योजना आयोगबाट भाषा पाठशालाको खारेजीको सिफारिशले संस्कृत शिक्षाले ठूलो क्षति बेहोर्नुपरेको थियो भने सर्वाङ्गीण शिक्षा समिति (२०१८), संस्कृत शिक्षा सुधार परामर्शदात्री समिति (२०२३), राष्ट्रिय शिक्षा सल्लाहकार परिषद् (२०४०), राष्ट्रिय शिक्षा आयोग (२०४९), उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), विद्यालय शिक्षाको कार्यानीति र कार्ययोजना (२०५८) र विद्यालयस्तरीय राष्ट्रिय पाठ्यक्रम प्रारूपमा संस्कृत शिक्षको स्थान पहिचान (२०६२) अदिद्वारा संस्कृत शिक्षा सम्बन्धमा कतिपय अंशमा सकारात्मक एवम् कतिपय अंशमा नकारात्मक प्रभावद्वारा संस्कृत शिक्षाले अनेकौं कठिनाइको सामना गर्नुपरेको वस्तुतथ्य नकार्न मिल्दैन ।

## संस्कृत शिक्षाको औचित्य र महत्त्व

नेपालको राष्ट्रिय मौलिकता संस्कृत भाषासँग गाँसिएको छ । राष्ट्रभाषा, राष्ट्रियभाषाहरू, पुरात्त्विक विषयवस्तु, इतिहास एवं सामाजिक मूल्य मान्यता आदि संस्कृत भाषासँगै अनुप्राणित छन् । प्राचीन समयदेखि नेपाली मौलिक परिचय संस्कृतविना सम्भव छैन । संस्कृतसँग धर्म, धर्मसँग संस्कृति, संस्कृतिसँग सभ्यता र सभ्यतासँग नेपालीमात्रको अस्तित्व सम्बद्ध रहेको हुनाले यस भेगका हरेकका निमित्त संस्कृत शिक्षा आवश्यक रहेको कुरा छर्लङ्ग हुन्छ । शिक्षाको एउटा उद्देश्य चरित्र निर्माण पनि रहेको र वर्तमान समयमा युवा शिक्षित वर्गमा अपेक्षित चारित्रिक विकास हुन सकेको छैन । शिक्षित व्यक्तिमा हुनुपर्ने विनय, पात्रता, शिष्टता, सच्चरित्रता आदि सद्‌गुण विकसित गर्न संस्कृत वाङ्मयमा निहित अथाह ज्ञानराशिको उपयोग नेपाली शिक्षितमात्रले गर्न सके चारित्रिक उन्नयनमा ठूलै फड्को मार्न सकिने निश्चित छ ।

संस्कृत शिक्षाको औचित्य र अपरिहार्यता सिद्ध गर्ने विषयवस्तुलाई सूत्ररूपमा यसरी परिगणन गर्न सकिन्छ :

(क) राष्ट्रिय अस्तित्वको जगेर्ना गर्न ।

(ख) नेपाली मौलिकताको यथार्थता ठम्याउन ।

(ग) चरित्र निर्माण र नैतिकताको पाठ सिक्न ।

(घ) सामाजिक सद्भाव तथा सहिष्णुताको जगेर्ना गर्न ।

(ङ) उदात्त मानवीय भावको विकास गर्न ।

(च) नेपाली इतिहास एवं पुरातात्त्विक विषयको गवेषण र विवेचन गर्न ।

(छ) आयुर्वेद र योग प्राकृतिक चिकित्सा प्रणालीबाट लाभ लिन ।

(ज) व्यावसायिकता र सामाजिक विकासमा टेवा पुर्‍याउन ।

(झ) राष्ट्रलाई एकसूत्रमा आबद्ध गरिराख्न ।

उपर्युक्त महत्त्व हुँदाहुँदै पनि संस्कृत शिक्षा आफ्नै मूलथलोमा उपेक्षित र तिरस्कृत हुने क्रममा छ । संस्कृत शिक्षाको अपरिहार्यतालाई नकार्ने तथा संस्कृतशिक्षाप्रति विभिन्न निहुँमा घात अपघात गर्ने क्रम बढेको पाइन्छ । संस्कृतशिक्षाको दूरावस्थाका कारण संस्कृत विद्याको संरक्षण नै चुनौतीपूर्ण भएको छ भने यसको सम्वर्धन त आकाशपुष्प जस्तै हुन पुगेको छ ।

## संस्कृत विद्याको संरक्षण र सम्वर्धनमा देखिएका केही चुनौतीहरू

समग्र संस्कृत शिक्षाभन्दा पनि मुख्यतया शास्त्रीय विषयहरूको संरक्षण र सम्वर्धन यस पत्रको उद्देश्य भएको हुनाले यससँग सम्बद्ध समस्याहरू मुख्य रूपमा प्रस्तुत गरिन्छ । संस्कृत माध्यमिक विद्यालयहरू र विद्यापीठहरूको मूल उद्देश्य संस्कृत विद्याका विविधविधाको शिक्षण र अनुसन्धानद्वारा संरक्षण तथा सम्वर्धन हात लाग्न सकेको छैन । तसर्थ केही प्रमुख चुनौतीहरू सूत्ररूपमा प्रस्तुत गरिन्छन् ।

(क) संस्कृत विद्याको अध्ययनमा छात्रहरूमा अभिरुचिको कमी देखिनु ।

(ख) छात्रवास, भोजनवृत्ति, नगदवृत्ति आदि सुविधा दिएर पनि विद्यार्थीहरूमा आकर्षणको कमी यथावत् रहनु ।

(ग) संस्कृत अध्ययनका निमित्त उपलब्ध गराइएका सुविधाको बहुधा आधुनिक विद्यालयको शुल्कभरणमा उपयोग गर्ने परिपाटीले संस्कृतको विकासका निमित्त विनियोजित रकमको सदुपयोग हुन नसक्नु ।

(घ) संस्कृत विद्या शिक्षणमा प्रभावकारिताको कमी रहनु ।

(ङ) संस्कृत विद्याको विविधताअनुरूप विकासका कार्यक्रमहरू कार्यान्वयन हुन नसक्नु ।

(च) बहुसङ्ख्यक जनतालाई संस्कृत शिक्षाको महत्त्वबाट परिचित गराउन नसक्नु ।

(छ) संस्कृत विद्या अध्ययन गरेका आधारमा जीविकाको मुख्यसाधन मानिएका सरकारी सेवामा पहुँच हुन नसक्नु ।

(ज) सामान्यतया संस्कृत अध्ययनका आधारमा चाहिने जीविकाका क्षेत्र (पौरोहित्य, कर्मकाण्ड, यज्ञानुष्ठान, पुराणवाचन आदि) बाट सामाजिक प्रतिष्ठाको कमी हुनु ।

(झ) संस्कृतभित्र सबै कुरा छ यसलाई परम्परागत रूपमा नै सञ्चालित गर्नुपर्छ भन्ने सोंचका कारण युगानुकूल प्राज्ञिक प्राविधिक समन्वयकारी विषयका रूपमा प्रस्तुत गर्न हिचकिचाहट रहनु ।

(ञ) संस्कृत वाङ्मयका प्राविधिक विद्या (आयुर्वेद, योग, प्राकृतिक चिकित्सा, खगोल विज्ञान, वास्तुशास्त्र आदि)को विकास र विस्तारमा अपेक्षित गति आउन नसक्नु ।

(ठ) संस्कृत विद्या धार्मिक सहिष्णुता, आपसी सद्भाव र सहयोगको माध्यम हो । यसमा रहेको अपार ज्ञानको उपयोग नेपाली मात्रले गर्नु आवश्यक छ भन्ने यथार्थबोध नहुनु ।

(ड) विश्वकै धेरै मुलुकहरूले संस्कृत अध्ययन अनुसन्धानलाई महत्त्व दिने गरेको परिप्रेक्ष्यमा नेपाललाई प्रमुख अनुसन्धान केन्द्रका रूपमा विकसित गर्न अग्रसरता लिन नसक्नु ।

(ढ) संस्कृत शिक्षण संस्थाहरूमा संलग्न शिक्षकहरूमा अध्ययन अनुसन्धानका आधुनिक प्रविधिसँग परिचित हुने प्रवृत्तिको कमी ।

उपर्युक्त चुनौतीहरू निदर्शन मात्र हुन् । यस्तै अन्य समस्याहरू पनि समय-समयमा उपस्थित भएर संस्कृत विद्या संरक्षणमा बाधक बनेका हुन्छन् तिनको निराकरण नगरी संस्कृत विद्याको संरक्षण कठिन हुन्छ ।

## समाधानका उपायहरू

संस्कृत शास्त्रीय विषयहरूको अध्ययनमा विद्यार्थीहरूको अभिरुचि नहुनुको मुख्यकारण संस्कृत विद्या अध्ययन गरेका भरमा जीविका प्राप्त गर्न सक्ने

वातावरणको अभाव नै मुख्य रूपमा लिन सकिन्छ । त्यसकारण उक्त आशङ्का हटाउन राष्ट्रिय योजनामा समन्वय गरी जीविकाका केही क्षेत्र संस्कृतका शास्त्रीय विषयहरू अध्ययन गरेका आधारमा प्राप्त गर्न सकिने खालको सुनिश्चितताले संस्कृत विद्या संरक्षणमा सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ । राष्ट्रिय शिक्षानीतिअनुसार पाठ्यक्रम तयार गरी मूल धारमा संस्कृत शिक्षालाई पनि सञ्चालन गर्नुपर्दछ । यसरी नीति निर्धारण गर्दा राष्ट्रिय आवश्यकता र शास्त्र संरक्षण दुबै कुरामा ध्यान पुस्याउनु आवश्यक छ ।

संस्कृत शास्त्रीय विषयको गम्भीर अध्ययन अनुसन्धान गर्ने प्रामाणिक सदाचारी निष्ठावान् जनशक्ति तयार गर्ने उद्देश्य निर्धारित गरेर गुरुकुल शिक्षालाई शिक्षाको राष्ट्रिय मूलधारमा समावेश गर्ने नीति नेपाल सरकारले दिएको सन्दर्भमा संस्कृत विद्याको विकासमा यस धारणको उपयोग गरिनु उपयुक्त हुने देखिन्छ । शिक्षाक्षेत्रमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास एवम् प्रचलनका आधारमा नेपालको विद्यालयस्तरीय संस्कृतशिक्षा कक्षा १२ सम्म हुनु आवश्यक छ । उपर्युक्त प्रसङ्गमा आधारभूत प्राथमिक तह (कक्षा १-५), उच्च प्राथमिक तह (कक्षा : ६-८), आधारभूत माध्यमिक तह (कक्षा : ९-१०), उच्च माध्यमिक तह (कक्षा : ११-१२) गरी चार तहमा पाठ्यक्रम संरचना निर्धारण गरिनु वाञ्छनीय देखिन्छ ।

## संस्कृत विद्यालयीय शिक्षा एवं उच्च शिक्षामा दुई धारको व्यवस्था

संस्कृत विद्या संरक्षणका निमित्त प्रारम्भिक तहदेखि उच्च तहसम्म दुई किसिमको अध्ययनप्रणालाई सञ्चालित गरिनुपर्दछ । पहिलो प्रणालीमा वेदविद्याश्रमपद्धतिका विद्यालयहरूमा सञ्चालित पाठ्यक्रमका आधारमा माध्यमिक तहसम्मको अध्ययन पूरा गरेका छात्रहरूलाई शास्त्रीय विषयको अध्ययन अनुसन्धान गर्न क्षमतावान् तुल्याउन शास्त्रीय विषय प्रधान पाठ्यक्रममा समावेश गर्नु मनासिव देखिन्छ । संस्कृत माध्यमिक तहको साधारण प्रणालीमा विद्यार्थीले अनिवार्य क्षेत्र नेपाली, अङ्ग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययनजस्ता विषयसँगै संस्कृतको अध्ययन गरेका हुन्छन्, त्यस्ता जनशक्तिलाई उच्चतहमा पनि साधारण प्रणालीको पाठ्यक्रममा सम्मिलित गराउनुपर्दछ ।

उपर्युक्त अवधारणा कार्यान्वयन गर्न विद्यालय तह र विश्वविद्यालय तहमा पाठ्यक्रमको अवधारणा तय गरिनु उपयुक्त हुन्छ । साधारण प्रणालीको संस्कृत माध्यमिक विद्यालय तहको पाठ्यक्रमको प्रारूप :

| विषय | तह | | | |
|---|---|---|---|---|
| | प्राथमिक तह | | माध्यमिक तह | |
| | आधारभूत (१-५) | उच्च (६-८) | आधारभूत (९-१०) | उच्च (११-१२) |
| नेपाली | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य |
| अङ्ग्रेजी | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य |
| गणित | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य |
| संस्कृत भाषा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य |
| विज्ञान | - | अनिवार्य | अनिवार्य | अनिवार्य |
| सामाजिक शिक्षा | अनिवार्य | अनिवार्य | अनिवार्य | अनिवार्य |
| शास्त्रीय संस्कृत | - | ऐच्छिक-१ | ऐच्छिक-१ | ऐच्छिक |
| व्यावसायिक विषयहरू | - | - | ऐच्छिक-१ | ऐच्छिक |

**कक्षा ९ र १० का लागि**

ऐच्छिक (१) : विषयहरू वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य, नीतिशास्त्र । कक्षा ९ र १० का लागि

ऐच्छिक (२) : कर्मकाण्ड, शिक्षाशिक्षण, अतिरिक्त गणित, आयुर्वेद प्राकृतिक चिकित्सा, योग, कम्प्युटर, पत्रकारिता, फलित ज्योतिष ।

**कक्षा ११ र १२ मा छान्नुपर्ने ऐच्छिक विषयहरू**

ऐच्छिक प्रथम : (कुनै एक) व्याकरण, साहित्य, न्याय, ज्योतिष, नीतिशास्त्र, वेद, इतिहास पुराण ।

ऐच्छिक द्वितीय : (कुनै एक) नेपाली, अङ्ग्रेजी, गणित, अर्थशास्त्र, संस्कृति, पत्रकारिता, दर्शन, नेपाली भाषा शिक्षण, अङ्ग्रेजी भाषा शिक्षण, संस्कृत भाषा शिक्षण, गणित शिक्षण

**विज्ञान समूह :**

जीवविज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र आदि ।

**द्रष्टब्य :** आयुर्वेद अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि विज्ञान समूहका पत्र थप गरी अध्ययन गराउनुपर्ने हुन्छ ।

## शास्त्रीय प्रणालीको पाठ्यक्रम प्रारूप विद्यालयस्तरीय

### १. कक्षा १–३

| क्र.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ६ | १०० |
| २ | संस्कृत/अङ्ग्रेजी | ६ | १०० |
| ३ | गणित | ६ | १०० |
| ४ | सामाजिक अध्ययन कला | ६ | १०० |
| ५ | विज्ञान | ५ | १०० |
| ६ | सदाचार शिक्षा | ५ | १०० |
| | योग | ३४ | ६०० |

### २. कक्षा ४ र ५

| क्र.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ६ | १०० |
| २ | गणित | ६ | १०० |
| ३ | सामाजिक अध्ययन+सि.क. | ६ | १०० |
| ४ | संस्कृत रचना | ६ | १०० |
| ५ | प्रारम्भिक वेदाध्ययन | ५ | १०० |
| ६ | सदाचार शिक्षा | ५ | १०० |
| | जम्मा | ३४ | ६०० |
| ७ | अतिरिक्त ऐच्छिक अङ्ग्रेजी | ५ | १०० |

### ३. कक्षा ६–८

| क्र.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | गणित | ५ | १०० |
| ३ | संस्कृत व्याकरण | ५ | १०० |
| ४ | सामाजिक अध्ययन | ४ | १०० |
| ५ | विज्ञान | ५ | १०० |
| ६ | इच्छाधीन संस्कृत | ५ | १०० |
| ७ | संस्कृत भाषा | ५ | १०० |
| | योग | ३४ | ७०० |
| ८ | अतिरिक्त अङ्ग्रेजी | ५ | १०० |

इच्छाधीन संस्कृत - वेद, नीतिशास्त्र, कर्मकाण्ड, योग तथा स्वास्थ्य आयुर्वेद ।

**४. कक्षा : ९-१२**

| क्र.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | पूर्वीय गणित | ५ | १०० |
| ३ | संस्कृत भाषा | ५ | १०० |
| ४ | सामाजिक अध्ययन | ५ | १०० |
| ५ | वेद | ५ | १०० |
| ६ | ऐच्छिक प्रथम | ५ | १०० |
| ७ | ऐच्छिक द्वितीय | ५ | १०० |
| | योग | ३५ | ७०० |
| ८ | अतिरिक्त अङ्ग्रेजी | ५ | १०० |

**ऐच्छिक-१ :** ज्योतिष, न्याय, नव्य व्याकरण, संस्कृत साहित्य, दर्शनमध्ये एक।

**ऐच्छिक-२ :** कर्मकाण्ड, फलित ज्योतिष, गणित, योग शिक्षा, आयुर्वेद, प्राकृतिक चिकित्सा, कम्प्युटरमध्ये एक ।

## शास्त्रीय विषयप्रधान पाठ्यक्रमको प्रारूप विश्वविद्यालयस्तरीय

राष्ट्रिय पाठ्यक्रममा १०+२ लाई विद्यालय शिक्षामा समाहित गर्ने नीतिअनुरूप संस्कृततर्फ पनि सोहीअनुरूप पाठ्यक्रम निर्धारित हुनुपर्दछ । संस्कृत माध्यमिक विद्यालयको साधारण पाठ्यक्रमबाट अध्ययन गरेका व्यक्तिहरू साधारण पाठ्यक्रमबाट उच्च शिक्षा प्राप्त गर्न समर्थ हुनेछन् । गुरुकुल शिक्षाको अवधारणाअनुरूप पाठ्यक्रमअनुसारका अध्येताहरूलाई संस्कृत विद्या संरक्षणका निमित्त परिकल्पना गरिएको शास्त्रीय प्रणालीको पाठ्यक्रमअनुसार अध्ययन-अध्यापन गर्ने व्यवस्था मिलाउनुपर्दछ । यस्ता विद्यार्थीहरूका निमित्त निम्नानुसारको व्यवस्था गर्ने :

| शास्त्री त्रिवार्षिक | | |
|---|---|---|
| अनिवार्य क्षेत्रमा | अङ्ग्रेजी/अनिवार्य वैकल्पिक संस्कृत रचना<br>अनिवार्य संस्कृत<br>अनिवार्य नेपाली | २००<br>१००<br>१०० |
| क वर्गमा | शास्त्रीय विषयमध्ये कुनै एक आफूले लिएको शास्त्रीय विषयको | ८०० |
| ख वर्गमा | उपकारका कुनै एक शास्त्रीय विषय | ६०० |
| | जम्मा | १८०० |

उपर्युक्त अवधारणामा नेपाली र अङ्ग्रेजीबाहेक सबै अङ्क संस्कृतका शास्त्रीय विषयहरूका निमित्त छुट्याइएको तथा अङ्ग्रेजी अध्ययन नगरेका विद्यार्थीहरूले त त्यसको स्थानापन्न वैकल्पिक संस्कृत रचना लिएर अध्ययन गर्दा संस्कृत केन्द्रित अध्ययन हुने देखिन्छ । उक्त शास्त्रीय पाठ्यक्रममा अनुसन्धान प्रविधि, ग्रन्थ सम्पादन प्रविधि, कम्प्युटर आदिको शिक्षण/प्रशिक्षण गर्ने प्रावधान राखिनुपर्दछ । लिपिहरूको प्रशिक्षण दिने र पाण्डुलिपि सम्पादनको कार्यसमेत परियोजनाका रूपमा गर्न लगाउँदा बढी उपयोगी हुने देखिन्छ ।

आचार्य तहमा शास्त्रीय विषयहरूको अध्यापनका क्रममा तुलनात्मक अध्ययन र अनुसन्धान प्रविधिको अनिवार्य प्रशिक्षण आवश्यक देखिन्छ । अनुसन्धान पत्रका रूपमा शोधपत्र नै तयार गर्नेतर्फ विद्यार्थीहरूलाई प्रोत्साहित गर्नुपर्छ । यस प्रकारको प्रौढपाण्डित्य आर्जन गरेका विद्यार्थीहरूलाई योजनाबद्धरूपमा नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत अनुसन्धान केन्द्र अथवा विभिन्न विद्यापीठहरूमा अनुसन्धान एवम् शिक्षणको अवसर प्रदान गर्ने नीति लिनु आवश्यक छ । जीविकाको निश्चिन्तता भएपछि विद्यार्थीहरूमा संस्कृत विद्या अध्ययनमा आकर्षण बढ्न सक्ने निश्चित छ ।

## संस्कृत विद्या संरक्षण र सम्वर्धनका निमित्त भावी योजनाको स्वरूप

संस्कृत विद्या संरक्षणका लागि दीर्घकालिक योजना बनाइनु आवश्यक छ । सरकारी दायित्वले मात्र संस्कृत सम्वर्धन कार्य सफल हुन नसक्ने हुँदा संस्कृतका निम्ति दाताहरूले दिएको अधिराज्यभरि छरिएर रहेका अचल सम्पत्तिबाट एकीकृत कोष खडा गरेर त्यसको ब्याजबाट शास्त्रीय विषय संरक्षणका निमित्ति कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुनेछ । भारतमा तिरूपति देवस्थान ट्रस्टद्वारा वेद संरक्षणका निमित्त अध्ययनकाल र आजीवन आवास एवम् समुचित नगदवृत्तिसमेत दिएर चारै वेदको संरक्षण विश्वविद्यालय सञ्चालन आदि गरिएजस्तै पशुपति विकासकोषबाट वेदको संरक्षण परियोजना सञ्चालित गरी संस्कृत विद्या प्रवर्धनमा योगदान पुराइनु आवश्यक छ । सरकारले पनि राष्ट्रिय पुरातात्त्विक महत्त्वका धरोहरको संरक्षणमा विश्वका दातृराष्ट्रको सहयोग जुटाउन पहल गरेजस्तै संस्कृत विद्या संरक्षण, सम्वर्धनमा पनि विश्वसमुदायको ध्यानाकर्षण गर्नुपर्दछ ।

उपर्युक्त प्रयोजन सिद्धिका निमित्त अपनाइनुपर्ने कार्ययोजना सूत्ररूपमा प्रस्ताव गरिएको छ ।

१. संस्कृत विद्या संरक्षणार्थ दश वर्षे योजना बनाइनुपर्दछ ।

२. २०६५ सालदेखि कार्यान्वयनमा जाँदा कक्षा ९ देखि शास्त्रीय प्रणालीका अध्येता छनोट गरिनुपर्दछ र स्नातक -शास्त्री) तहको चारवर्षे पाठ्यक्रम परिकल्पना गरेर १० वर्षमा आचार्य तह उत्तीर्ण गराउने नीति तय गर्नु उपयुक्त हुन्छ ।

३. प्रत्येक तहमा वार्षिक परीक्षाका माध्यमबाट योग्यता परीक्षण गर्नु वाञ्छनीय हुन्छ ।

४. वेद, व्याकरण, न्याय, मीमांसा, वेदान्त, दर्शन, ज्योतिष, साहित्य, धर्मशास्त्र, पुराणजस्ता प्रत्येक विषय संरक्षणका निमित्त विषयको कोटा निर्धारण गरी उपयुक्त जनशक्तिलाई अध्ययन पूरा गरेपछि अनुसन्धान सहायक अथवा शिक्षण सहायकका रूपमा वृत्ति प्राप्त गर्ने व्यवस्था मिलाउनु समुचित हुनेछ ।

५. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रको आवश्यकताको अध्ययन गरेर तदनुरूप जनशक्ति उत्पादन गर्न सके उत्पादित जनशक्तिले काम पाउने निश्चित छ ।

६. विशेष विद्या संरक्षण परियोजनामा संलग्न हुन शिक्षक छनोट गर्दा योग्यताका आधारमा चयन गर्ने परिपाटी विकसित गर्नु आवश्यक छ ।

७. संलग्न शिक्षकहरूलाई वृत्तिविकास तथा पदोन्नतिको समुचित अवसर प्रदान गर्ने नीति तय गरिनुपर्दछ ।

८. पाठ्यक्रम र पाठ्यपुस्तक परिमार्जन गर्ने र तिनमा समसामयिक सुधारको व्यवस्था हुनुपर्दछ ।

अध्ययन प्रतिफलको चाहनाले जीविकाको सम्भावना भएका विषय चयन गर्ने प्रवृत्ति प्रचुररूपमा देखिने हुँदा शास्त्रीय विषय अध्ययन गरेका अध्येतालाई जीविकाका दृष्टिले निश्चिन्त गर्नसके विद्या संरक्षणमा सकारात्मक प्रभाव पर्ने हुँदा गुठी संस्थान, पशुपति विकास कोष, धार्मिक संघसंगठन, गैरसरकारी संस्थानहरूका साथै राष्ट्रिय योजना अयोगसँग समेत समन्वय गरी संस्कृत विद्याको संरक्षण र सम्वर्धनका निम्ति संस्कृत विश्वविद्यालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने आजको टड्कारो आवश्यकता देखिएको छ । पाठ्यक्रम सुधारमा भएका अध्ययनहरू कार्यान्वयनका क्रममा अगाडि बढाउनु पनि त्यत्तिकै जरूरी रहेको छ । 'जयतु संस्कृतम्' संस्थाले संस्कृत विद्या संरक्षणका निमित्त देखाएको चासो र चिन्ता सान्दर्भिक भएको हुँदा यसतर्फ संगठित प्रयासको नेतृत्वमा पनि जयतु संस्कृतम्को भूमिका अहं हुनसक्ने निश्चित छ ।

ooo

# सत्तरी सालको गीत

✍ **स्व. भेषबहादुर कुँवर 'प्रयासी'**
**तम्घास, गुल्मी**

घुमीफिरी बरै-नयाँ गाउँ आइयो ।
नयाँ नेपाल कस्तो ? बल्ल पो चाल् पाइयो ।
कस्तो होला ? कस्तो होला ? उत्सुकता थियो ।
नयाँ-नयाँ देख्ने कुरा संजोगले दियो
पाटी पौवा मेटिएछन् हराएछन् ठाँटी
खाँटी कुरा अस्ताएछन्-उदाएछन् ढाँटी ॥
घुमी फिरी बरै ...।

बुढी चौर, बूढी भिर्मी कैले होलान् नयाँ
पुरानाले कहाँ होला-बिसाउने माया ।
नयाँ पिंढी बुन्दैछन् रे बुढा फाल्ने डोको
पुगोस् बरै सधैं नयाँ हुने उनको धोको ।
घुमी फिरी बरै ...।

दुईतला, तीनतला-तला बडा-बडा
साँघुरोमा थुनिएका-वृद्ध कठोबरा !
घर भित्रिएछन्-ममी डेडीहरू
जान्नै कठिन उदाएछन्-नयाँ साइनोहरू ।
घुमी फिरी बरै ...।

युवा हिंडे पेट पाल्न-खेतबारी बाँझा
मजदुरका नाइकेहरू ! नयाँ-नयाँ राजा
पार्टी थाम्न पाल्नुपर्ने मोटा-मोटा डन
निमुखाले कहाँ होला अडाउने मन ?
घुमी फिरी बरै ...।

तेस्रो देश धेरै गए-थोरै गए दिल्ली
इलममा थोरै लागे - धेरै भए सिल्ली
आई.ए. बिनै बी.ए. गर्ने-बढ्दै गयो चासो
धेरै सिंगल थोरै डबल-भयो घाँटी पासो
घुमी फिरी बरै ...।

प्रजातन्त्र गणतन्त्र जे-जे आए पनि
प्रजाटन्टा गाँणुतन्त्र रमाउँदै छ नि ।
कर्म खोज्न बर्मा जाने कस्तो हाम्रो बानी
विदेशीले हाम्रो भाग्य लग्यो छानी छानी ।
घुमी फिरी बरै ...।

अब यहाँ छर्छ कस्ले नयाँ-नयाँ भ्रान्ति ?
मुस्लो उठ्दा जनताको कस्ले रोक्छ क्रान्ति ?
अब धेरै नगर है - नाइके खेलचारी ।
राष्ट्रनिर्माण रोक्न खोज्ने-भाग जोरी-पारी ।
घुमी फिरी बरै नयाँ गाउँ आइयो ।
नयाँ नेपाल कस्तो ? बल्ल पो चाल पाइयो ।

ooo

## कोभिड १९ बाट बच्ने उपायहरू

- घरमै आराम गर्ने : सम्भव भएसम्म सार्वजनिक स्थलमा नजाने, यदि जानै परे सार्वजनिक यातायात प्रयोग नगर्ने ।
- लक्षणहरू ख्याल गर्ने : लक्षणहरू बढिरहेको छ/छैन ख्याल गर्ने, यदि त्यस्तो भए चिकित्सकलाई खबर गरी अस्पताल जाने ।
- आराम गर्ने र प्रशस्त झोलिलो खानेकुरा खाने ।
- आकस्मिक सेवा लिनपर्ने भएमा अस्पतालमा सम्पर्क गरी सेवा लिने ।
- बेलाबेलामा कम्तीमा २० सेकेण्डसम्म साबुनपानीले हात धुने ।
- सकेसम्म अरू कसैसँग भेटघाट नगर्ने, छुट्टै चर्पी तथा स्नानगृह प्रयोग गर्ने, व्यक्तिगत सामग्रीहरू अरूले प्रयोग नगर्ने, मास्क लगाउने र दूरी कायम गर्ने ।

**अनुरोधक**

**धुर्कोट गाउँपालिका, गुल्मी**



# शारदा शुभ्रवर्णा

✍ गायत्रीदेवी तिमिल्सिना

वाग्देवी श्वेतवस्त्रा हरिहर सबले पूजिता पद्महस्ता
मेरो होस् तीक्ष्ण मेधा सब कलुष  हटी दूर हुन् विघ्न बाधा ।
विद्यारूपा तिमी हौ जडमति म हुँदा माग्छु विज्ञान नाना
ह्रीं ह्रीं ह्रीं बीजरूपा भगवति ! वरदे ! शारदा शुभ्रवर्णा ॥१॥

वीणाको तार झन्कोस् झन-झन नभमा विश्वमा ज्ञान छाओस्
नाच्दै आऊन् सुधा ली सुरगण सब नै दिव्य सौन्दर्य छाओस् ।
तिम्रो त्यो मन्द हाँसो हृदयभर बसी ज्ञान-विज्ञान दाता
ऐं ऐं ऐं मन्त्र जप्दा प्रकटित वदना शारदा शुभ्रवर्णा ॥२॥

मेरा आँखा नलागून् अविदित पथमा अल्झिँदा विघ्न-बाधा
होला बेला-अबेला तरह-तरहका चित्र-वैचित्र्य ताना ।
तिम्रो माला सफा त्यो स्फटिकमणि सदा दिव्य-देदीप्य आमा !
धीं धीं धीं धारणामा जप मन-मनमा शारदा शुभ्रवर्णा ॥३॥

मेरा गोडा नचिप्लून् पथ विकट भए साथ तिम्रो म पाऊँ
भागेको चित्त मेरो सब विषय हटी ध्यानमा नित्य लागूँ ।
बाटो कस्तो उताको कठिन सुगम वा अन्ध वा रश्मि टाढा
क्लीं क्लीं क्लीं तेजरूपा सहज गर मुमा ! शारदा शुभ्रवर्णा ॥४॥

थाहा नै छैन केही जडमति म हुंदा छैन है स्वात्म खोज
मेरा यी पाउ कांप्छन् थर-थर डरले छैन गन्तव्य बोध ।
के होला जिन्दगानी क्षण-निमिष कता ढल्छ यो चल्छ ताना
सौं सौं सौं शक्तिरूपा सकल गुणयुता शारदा शुभ्रवर्णा ॥५॥

वाणी मेरो खुलोस् है नव-नव कविता कल्पना शक्ति देऊ
लेखौं लेखौं म लाखौं सुललित कविता सिर्जना शक्ति देऊ ।
पाऊँ तिम्रा म आमा ! चरण-रज सदा जीवनी भक्तिपूर्णा
श्रीं श्रीं श्रीं शारदा हे ! बस मम रसना शारदा शुभ्रवर्णा ॥६॥

०००

# रेसुङ्गा एक दर्शनीय पर्यटकीय गन्तव्यस्थल बनेको छ ।



✍ **रुद्रबहादुर भुजेल**
**तम्घास, गुल्मी**

(रुद्रबहादुर भुजेल एक सरल र मिलनसार व्यक्तिको नाउँ हो । सामाजिक, धार्मिक तथा शैक्षिक क्षेत्रको विकासमा अहोरात्र खटिरहने रुद्रबहादुर भुजेलको लामो जीवन न्यायपालिकाको जागिरमा बितेको हो । २०३८ सालदेखि न्यायपालिकाको डिट्ठा पदबाट स्वैच्छिक अवकाश लिएपछि उहाँ विभिन्न शिक्षण संस्था र सामाजिक तथा धार्मिक क्षेत्रमा क्रियाशील हुँदै आइरहनु भएको छ । उहाँ २०४३ सालमा गुल्मी जिल्ला पञ्चायतको सदस्य पदमा क्षेत्र नं.१ बाट निर्वाचित हुनु भएको थियो । उहाँले रेसुङ्गा बहुमुखी क्याम्पसको संस्थापक सदस्य र क्याम्पस सञ्चालक समितिको कोषाध्यक्ष भई कार्य गर्नुभएको थियो । उहाँ लामो समयसम्म रेसुङ्गा संरक्षण समितिको अध्यक्ष हुनुभएको थियो । उहाँकै अध्यक्षतामा रेसुङ्गाको विकासका निम्ति २०६० मा तम्घासमा नारायण पोखरेलको वाचकत्वमा महायज्ञको आयोजना गरी यज्ञशेषको रकमबाट रेसुङ्गाको नयाँ विकासको शुभारम्भ गरिएको थियो । ८३ वर्षीय भुजेलका अनुभवहरू बटुलेर गरिएको कुराकानीको सारसंक्षेप यहाँ प्रस्तुत गरिएको छ । -सम्पादक)

**१. तपाईं कहिले जन्मनु भएको हो ?**

◆ म वि.सं. १९९५ साल फाल्गुन २६ गते पिता जीतबहादुर र माता इन्द्रकुमारीको कोखबाट साविक तम्घास र हाल रेसुङ्गा नगरपालिकाको वडा नं.-८ खानीगाउँमा जन्मेको हुँ ।

**२. तपाईंको बाल्यावस्था कसरी बित्यो ?**

◆ मेरो बाल्यावस्था कष्टपूर्ण तरिकाले बितेको हो । म १५ महिनाको हुँदा आमा इन्द्र कुमारी जिउँदै रिडीमा अर्धजलका लागि जानुभएछ र त्यही स्वर्ग हुनुभएछ । मैले आमाको अनुहार कस्तो थियो भन्ने पनि सम्फन सकिनँ । मेरी कान्छी फुपू रूक्मिणा भलामी (इन्जिनियर हीराबहादुरकी

आमा) को दुध खाई बाँचेको हुँ भन्ने पछि थाहा पाएँ । मेरा हजुरआमा लक्ष्मीको स्याहारसुसार पाएर म हुर्केको रहेछु ।

## ३. पढाइलेखाइ कहाँ कहाँ कसरी गर्नुभयो ?

◆ हाम्रो पालामा स्कूल/पाठशाला केही थिएनन् । गाउँका अलिअलि पढेलेखेका मान्छेका घर गएर कखरा, बाह्रखरी, अङ्क गणित शिकेका हौं । कुलवीर थापा, धनराज भलामी, बाटाघरे मनिराम, यज्ञेश्वर मरासिनी आदि कहाँ गएर काठको पाटीमा अङ्गारले पोतेर ढुङ्गाका खरीले लेखेर पढ्न लेख्न सिकेको हुँ ।

## ४. तपाईंका पुर्खाहरूको बारेमा केही बताइदिनुहुन्छ कि ?

◆ हाम्रा पुर्खाहरू पहिले बाग्लुङको ढोरपाटनमा बसोवास गर्दै आएका रहेछन् । खेतीपाती केही नगर्ने, तरूल भ्याकुर खाने, सिकार गर्ने, गाईभैंसीको दूध खाने गर्दा रहेछन् । त्यहाँ गोठमा बस्दा एउटी महिलासँग रातिमा भूत आएर सुत्दो रहेछ । ती महिला गर्भवती भइछन् । दुई जिउकी भएको देखेपछि अरूले तिमीसँग को आउँछ भनेर सोधेछन् । महिलाले एउटा भूत रातिमा आउँछ र राति नै जान्छ भनिछन् । त्यसो भए तिमीलाई हामी एउटा गोली धागो दिन्छौं । यो धागो तिमीले उसका कम्मरमा बाँधिदिनू भनी अराएछन् । राति सधै जस्तै गरी भूत आयो । महिलाले गोली धागो कम्मरमा बाँधिदिइन् । भूत उज्यालो नहुँदै फर्क्यो । भोलिपल्ट त्यो धागो पछ्याउँदै जाँदा पहराको कपेरामा पुगेछ । धागो तान्दा ऐऽया, ऐऽया भन्दै भूत कराएछ । भूत राजा बाहिर आऊ भन्दा म तिमीहरूसँग बाहिर आउन सक्दिनँ । तिमीहरू जे चाहन्छौ म त्यही दिन सक्छु भनी भूतले भनेछ । अब तिमीहरूले अरू नगर, खेती किसानीको काम गर । तिमीहरूलाई चाहिने मल, बीऊ औजार आदि सबै दिन्छु भनेपछि खेती गर्न शुरू गरेका रहेछन् । गर्भवती महिलाबाट बच्चा पैदा भयो । त्यसबाट अरू सन्तान बढ्दै गए । सन्तान धेरै भएपछि अब हामीलाई राजा चाहियो भनी राजाको खोजी गर्न थाले छन् । रूकुमको टाकासेरा भन्ने ठाउँमा भूपति नाम गरेका राजा रहेछन् । तिनीहरू तिनै राजासँगै गई हामी राजा खोज्न र लिन आएका हौं भनेछन् । ती राजाले त्यसो भए मेरा छोरा धेरै छन् । तिनीहरूलाई लहरै सुताउँछु । तिमीहरूले जसलाई मन पराउँछौ उसैलाई लगी राजा बनाऊ भनेछन् । ती सुतेका छोराहरूमध्येबाट एउटालाई टाउकामा समाती तानेर लगेछन् र त्यसको नाउँ पनि भूपति राखेछन् । भूपति राजाले धेरै वर्ष राज्य गरेछन् । कुरका ठाकुर भन्ने मल्लहरू हाम्रा राजा सेन भूपतिसँग घमासान युद्ध गरेछन् । हाम्रा राजाले हारेछन् । मल्ल राजाहरू सेन भन्न नपाउने घर्ती जातको घोषणा गरेछन् र सबै सेन

राजाहरू कोही धनकुटातिर गएर थापा क्षेत्री बनेर बसे । कोही घर्ती क्षत्री भएर बसे । हाम्रा पुर्खाहरू सेन भुजेल भन्दै बसेका रहेछन् ।

**५. तम्घासमा बसोबास गरेका मगरहरूको बारेमा कुनै जानकारी छ भने संक्षेपमा बताइदिनुहोस् है त ।**

◆ तम्घासका मगरहरूमध्ये भलामीहरू गुल्मी चारपाला भलायचौरबाट आएर बसेका हुनाले भलामी भएका हुन् भनिएको छ । पाल्पा छहराबाट आएका छहराली मगर, रिगाबाट आएकाहरूले रिगाली मगर भनेका छन् । जुन गाउँबाट आएका छन् त्यसैबाट थर बनाउने चलन चलेको हो ।

**६. तपाईंले जान्दा तम्घास कस्तो थियो ?**

◆ एकदम सानो पातलो बस्ती भएको गाउँ थियो । दुईवटा पसल थिए । अरू केही पनि थिएन । अहिले हेर्ने हो भने तम्घासका मान्छेको घर चिन्न गाह्रो पर्छ ।

**७. तपाईं खानीगाउँमा बस्नुहुन्छ । खानी व्यवस्था कस्तो थियो ? पछि खानीहरू के कसरी हराए ?**

◆ खानी खन्ने मानिस बसोवास गरेको हुनाले यसलाई खानीगाउँ भनिएको हो । धाउको खानी भएको थुम्कोलाई धागिथुम भनिएको हो । गुल्मी जिल्लामा तम्घास खानी, रिहा खानी, पाण्डु, सिसा खानी, भार्से खानी, नयाँ खानी, लुग खानी, सोमरभोमर खानी आदि २२ खानी थिए । खानी खन्ने सबै मानिस मरिसके । बाँसको काडाको झिंजो टोपीमा घुसारेर छिनो र हथौडाले माटो ढुङ्गा खोपेर खानी खन्ने गर्दथे । नयाँ प्रविधि नभएको र राणा शासकहरूले ध्यान नदिंदा खानीहरू बिस्तारिदै हराउँदै गए ।

**८. जग्गाको पजनी कसरी गरिन्थ्यो ? त्यो अधिकार कसले कसरी पाएको हुन्थ्यो ?**

◆ पहिले सानासाना राज्य थिए । राणाहरूले गुल्मेली राजा, बझाँगे राजा, गलकोटे राजा, मुस्ताङे राजा आदि बनाएर पञ्चखत बाहेकका मुद्दा हेर्ने र तिरो खाने व्यवस्था गरेका थिए । गाउँमा ती राज्यअन्तर्गत तालुकदार, जिमुवाल, मुखियाले तिरो उठाई राज्यमा गई तिरो बुझाउने गर्दथे । तम्घासको छापटोलामा हरे राना, बहादुर राना, टुनी खोलामा डिलु श्रीस, पहलसिंह श्रीस, ओखर बोटमा खड्गबहादुर घर्ती मगरहरू मुखिया थिए । धागिथुममा कृष्णबहादुर थापा, अर्खलेमा मोतीबहादुर थापाहरू जिमुवाल थिए । बडा दशैंमा रैतीले मुखिया, जिमुवालका घरसम्म बाटो खन्नुपर्थ्यो ।

तिरो भरो उठाएर मुखिया जिमुवालहरूले धैरेनी राजाको अड्डामा पुस्याउँथे । सो अड्डा गर्मीमा धैरेनीमा र जाडोमा खर्ज्याङ्गमा बस्थ्यो । जिल्लाभरमा भइपरी आउने मुद्दामामिला हेर्न हीरासिंह बस्नेत, मानसिंह थापा र कमानसिंह थापा गरी तीन सिंह थिए । यिनीहरूले जग्गा पजनी गर्दथे । मुद्दा मामिला परे अड्डा अदालतमा गई मिलाइदिने गर्दथे । गाउँमा मुखिया, चौतरिया, थरी बसी सानातिना काम मिलाइदिने गर्दथे । पाल्पामा गौंडा र बाग्लुङ्गमा माल अड्डा थिए । थरी, चौतरिया, मुखियाहरूले यो जग्गा दर्ता गराई खानू भन्दथे । घरसारमै राजिनामा गरी खाने, लिने, दिने गर्दथे ।

## ९. तम्घासमा अड्डा अदालतको स्थापना र विकास कसरी भएको थियो ?

◆ गुल्मीमा २००९ सालमा गौंडा आएको हो र गिरिप्रसाद बुढाथोकी बडाहाकिम भएर आउनुभएको हो । २०१० सालमा प्रहरी इन्स्पेक्टर बलबहादुर लिम्बू आउनुभएको हो । उहाँ १-२ वर्ष हाम्रै घरमा बस्नुभएको हो । २००९ सालमा बडाहाकिमलाई सुरक्षा दिन पाल्पाबाट मिलेसिया भन्ने फौज आएको थियो । २०१२ सालमा प्रहरी संगठन गठन भएको थियो । त्यस बेला विकासका कामका लागि शिवराम पिल्लाई भन्ने ओभरसियर आउनुभएको थियो । बडाहाकिम गिरिप्रसादको धनकुटा सरूवा भएपछि त्यो ठाउँमा गुप्तबहादुर गुरुङ बडाहाकिम भएर आउनुभयो । गिरिप्रसाद धनकुटा नगई घरतिरै बस्न थाल्नुभयो ।

## १०. त्यसबेला पढ्ने पढाउने व्यवस्था कस्तो थियो ?

◆ २००९ सालमा तम्घासमा स्कूल बनाउने सल्लाह भए अनुसार प्रेमलाल थापा घर्ती र झगबहादुर भुजेलको नेतृत्वमा खर हुनेले खर, नहुनेले सल्लीपिरल, खाँवा, डाँडा-भाटा घर-घरबाट उठाई स्कूलको छाप्रो बनाएको हो । सो स्कूलको पहिलो विद्यार्थीमध्ये म पनि एक हुँ । मसँग मोहन भलामी, दलबहादुर काउछा, प्रेमबहादुर काउछा आदि पनि थिए । त्यो बेला स्कूलको स्वीकृति पनि लिन पर्दैनथ्यो । आफ्नै खुशी राजीले स्कूल चलाउन पाइन्थ्यो ।

## ११. तपाईंले जागिर कसरी खानुभयो ? कति वर्ष जागिरे हुनुभयो ? मुद्दा मामिला के कसरी छिनिन्थे नि ?

◆ म २०१४ सालमा निर्वाचन आयोगमा अस्थायी कार्यालय सहायकमा भर्ना भएको हुँ । २०१५ सालमा आम निर्वाचन हुने घोषणा भयो । म पनि जुल्क पदमा नियुक्ति लिई गुल्मी २ निर्वाचन बूथ र बाग्लुङको २ निर्वाचनमा खटिएको थिएँ । निर्वाचन सम्पन्न भएपछि माल अड्डा अस्थायी हालवाडी (जग्गा दर्ता गर्ने) खुल्यो । त्यसमा पनि काम गरें । २०१६

सालमा जिल्ला अदालतको अर्दली पदमा भर्ना भएँ । लोकसेवा आयोग खुल्यो र ८२ जनाले जाँच दिए । शृङ्गा भानपोखराका पशुपति ज्ञवाली र म दुई जनामात्र जाँचमा उत्तीर्ण भयौं । मेरो बहिदार पदमा बढुवा भयो । मैले लुम्बिनी अञ्चल अदालत र गुल्मी जिल्ला अदालतमा काम गरेँ । तम्घासबाट नवलपरासीमा मेरो सरूवा भयो । त्यहाँ बस्दा विचारी पदमा बढुवा भई पुनः गुल्मी आएँ । अस्थायी तहविल्दार र बूथ अधिकृत भएर काम गरेँ । २२ वर्ष सेवा गरेपछि २०३६ सालको निर्वाचन गराएर राजिनामा दिनुहोला भनेपछि मैले त्यसै गरें र २०३८ सालमा राजिनामा गरेर राजनीतितिर लागेँ । २०४३ सालमा जिल्ला पञ्चायत सदस्यमा निर्वाचित भई सामाजिक कामहरू गरेँ । भाडगाउँको गुठी जग्गा दर्ता नहुँदा त्यहाँका जनतालाई निकै समस्या परेको थियो । भूमिसुधार मन्त्रालयमा गएर गुठी जग्गा रैतानीमा दर्ता गराई लालपुर्जाको शिरमा रेसुङ्गा रैतानी भन्ने लेखाएर दर्ता गराउने काममा मैले विशेष परिश्रम गरेको थिएँ ।

गुल्मी जिल्लाको ऐतिहासिक तपोभूमि रेसुङ्गामा २०४२ सालमा योगी नरहरि नाथले विश्वशान्ति कोटिहोम महायज्ञ सञ्चालन गरेको यज्ञशेषको सामग्री र नगदबाट हामीहरूले रेसुङ्गामा गोशाला र पाठशाला सञ्चालन गर्‍यौं । २-४ वर्ष पाठशाला चलेर बन्द भयो । गोशाला अहिले पनि राम्रोसँग चलिरहेको छ । रेसुङ्गाको चौतर्फी विकासका लागि रेसुङ्गा संरक्षण समिति गठन गरी जिल्ला प्रशासन कार्यालयमा विधिवत् दर्ता गराई त्यसको माध्यमद्वारा रेसुङ्गामा धेरै कामहरू भइरहेका छन् । मन्दिरहरूमा नियमित पूजा, प्रार्थना, भजन, कीर्तन र विशेष अवसरमा विशेष पुराणहरूको पाठ र पूजा, उत्सव आदि हुने गरेका छन् । गोठालाहरूको व्यवस्था गरिएको छ । औषधि उपचार नून, घाँस, पानीको नियमित व्यवस्थापनका लागि समितिका पदाधिकारी र सदस्यहरू खटेर लागिरहनुभएको छ । नेपाल सरकारबाट प्राप्त पटके सहयोगले अन्य निर्माणका कार्यहरू पनि सञ्चालित छन् । बाटोघाटोको सुविधा थपिएको छ । अहिले रेसुङ्गा एक दर्शनीय पर्यटकीय गन्तव्यस्थल बनेको छ ।

## १२. तपाईंका सन्तानहरू के कति भए र ती कहाँ के गर्दै छन् ?

◆ मेरा चार छोरा र दुई छोरी जन्मेका हुन् । जेठो छोरा जन्मदाकै दिनपछि रहेन । माइलो वसन्त, साहिलो भुवन र कान्छो झपट तीनै भाइ छोराहरू बेलायतको सेनामा भर्ती भई सेवानिवृत्त भएका छन् र उतै बेलायतमा घर बनाई बसेका छन् । उनीहरूका सन्तानहरू पनि उतै छन् ।

***- भारद्वाज***

ooo

पालिका परिचय

# धुर्कोट गाउँपालिकाको संक्षिप्त परिचय


✍ **चन्द्रप्रकाश उपाध्याय**
**तम्घास, गुल्मी**

## पृष्ठभूमि

पहाडको धुरीमा (शिखरमा) रहेको धुरी जस्तो आकार परेको डाँडामाथि रहेको गाउँलाई धुरको गाउँ भनियो । त्यस धुर गाउँको टाकुरामा या सिरानमा रहेको कोटलाई धुर्कोट भन्न थालियो । कसैले यसलाई ध्रुवकोटबाट धुर्कोट भएको हो पनि भनेका छन् । उत्तरमध्यकालमा धुर्कोटमा एक सानो र स्वतन्त्र राज्यको स्थापना भएको कुरा किरण पुस्तकालय तम्घासबाट २०५५ सालमा प्रकाशित तथा डा. राजाराम सुवेदीद्वारा लिखित 'गुल्मीको ऐतिहासिक झलक' भन्ने पुस्तकबाट एक झल्को देखिन्छ । उक्त ऐतिहासिक कृतिका अनुसार धुर्कोटका राजा. सूर्यवंशीय कश्यप गोत्र, मल्ल थर, चितौरिया घरानाका भएका थिए । शुरूमा यस राज्यमा ७०० घर धुरी थिए । यस राज्यको स्थापना वि.सं. १४६५ मा भएको थियो । यस राज्यका १४ मौजा थिए । धुर्कोट रजस्थल, जैसीथोक, वस्तु, आप्र, डाँडाथोक, वाग्ला, अजमीर, गाडवारी बन्जेङ (पिपलधारा), सोमर भोमर, सुफ्ल, नयाँगाउँ, बुल्म, टिमुरखर्क, गल्ला गरी १४ मौजाका विभिन्न जात र थरका जिमुवाल, मुखिया र तालुकदार तोकिएका थिए । धुर्कोटका पुराना जाडेया राजालाई अपदस्थ गरी खड्गराज मल्लले वि.सं. १४६५ मा स्वतन्त्र राज्य स्थापना गरेका थिए । उनी वि.सं. १५३५ सम्म त्यहाँको राजा भएका थिए । खड्गराजका उत्तराधिकारी मानिक मल्ल भए । उनले १५८० सम्म शासन गरे । उनकी जेठी छोरीको नाम सरूपावती र कान्छी छोरीको नाउँ वसन्तावती थियो । सरूपावतीको विवाह कास्कीका राजकुमार जलाल शाहसँग र वसन्तावतीको कास्कीका कान्छा कुमार यशोब्रह्म शाहसँग भएको थियो । लोकगीतको रूपमा कर्खाका परम्परामा गन्धर्वहरूले गाउने सरूमै रानी भन्ने गीत यिनै सरूपावती (सरूमै) रानीको घटनासँग जोडेर रचिएको हो भनिन्छ ।

राजा मानिक मल्लले छत्रदेवताको स्थापना गरी पूजा गर्ने परम्पराको थालनी गरे । धुर्कोटे राजाका गुरु दूध पोखेलहरू थिए भने पुरोहितहरूमा भारद्वाज गोत्रीय सुवेदी-पन्थी ब्राहमणहरू थिए । धुर्कोटका राजा भूपेन्द्र मल्ल यस राज्यका अन्तिम राजा थिए । नायब बहादुर शाहको नेतृत्वमा पश्चिमका चौबीसी राज्यको एकीकरण अभियानमा वि.सं. १८४३ आश्विन १३ गते धुर्कोट राज्यको नेपाल राज्यका साथ विना रक्तपात एकीकरण भयो । यहाँका राजा भूपेन्द्र मल्लले नयाँ

गाउँको विर्ता पाएर बसे । नयाँ गाउँमा अद्यापि मल्ल राजाका सन्तानहरू रहेका छन् । १८ पुस्तासम्मको वंशावली गुल्मीको ऐतिहासिक झलकमा छापिएको छ । धुर्कोट मौलामा चौबीसी राजाका पालाको कोटघर, मौलो, देवीस्थान आदि छन् । धुर्कोट मौलामा छत्रदेवता र खड्गदेवताको पूजा गरिन्छ ।




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## २. गाउँपालिकाको संक्षिप्त परिचय

### २.१ परिचय

धुर्कोट गाउँपालिका संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नम्बर ५ स्थित गुल्मी जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ । जिल्लाका १२ वटा स्थानीय तहमध्ये यो गाउँपालिका जिल्लाको सदरमुकाम तम्घासदेखि ३१ कि.मि. को दूरीमा पर्दछ । संघीय शासन प्रणालीअनुसार स्थानीय तह पुनर्संरचना प्रक्रियामा गुल्मी जिल्लाको साविक नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसीथोक, वस्तु, धुर्कोट राजस्थल, वाग्ला गरी ७ वटा गाउँ विकास समिति समायोजन भएर २०७३ सालमा यो गाउँपालिका स्थापना भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल ८६.३२ वर्ग कि.मि. रहेको छ ।

## २.२. भौगोलिक तथा राजनीतिक अवस्थिति

धुर्कोट गाउँपालिका नेपालको मध्यपहाडी क्षेत्रमा पर्दछ । भौगोलिक अवस्थितिका हिसाबले यो गाउँपालिका २८०१'०" उत्तरदेखि २८०१२०'०" उत्तरी अक्षांश र ८३०१२'९२" पूर्वदेखि ८३०६'१६" पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा रेसुङ्गा नगरपालिका, उत्तरमा इस्मा गाउँपालिका, पश्चिममा मदाने गाउँपालिका र दक्षिणमा अर्घाखाँची जिल्लाको मालारानी गाउँपालिका पर्दछन् । धरातलीय रूपमा महाभारत क्षेत्रमा फैलिएको यस गाउँपालिका कृषि तथा पशुजन्य उत्पादन, जैविक, विविधता, प्राकृतिक स्रोत तथा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ ।

यस गाउँपालिकाको औसत अधिकतम तापक्रम २३.३२ डिग्री सेल्सियस रहेको छ भने औसत वार्षिक वर्षा १५५७.५ मि.मि. रहेको छ । नेपालको संविधान र संघीय शासन प्रणाली अनुसार स्थापित यस धुर्कोट गाउँपालिकाको वडागत विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

**पुनःसंरचित गाउँपालिकाको वडागत विवरण**

| क्र.सं. | गा.वि.स. | वडाको क्षेत्रफल (व.कि.मि.) | तम्घाससँगको दूरी (कोष) |
|---|---|---|---|
| १ | नयाँगाउँ | १७.३८ | ४ |
| २ | जैसीथोक | ९.८८ | ४ |
| ३ | वाग्ला | १२.११ | ७ |
| ४ | पिपलधारा | ९.९७ | ५.५ |
| ५ | धुर्कोट राजस्थल | १२.७६ | ५ |
| ६ | वस्तु | ९.३७ | ४.५ |
| ७ | हाडहाडे | १४.८५ | ७ |
| | जम्मा | ८६.३२ | |

कुल ७ वटा वडा रहेको यस गाउँपालिका जिल्लामा कायम भएका २ नगरपालिका र १० गाउँपालिका गरी १२ स्थानीय सरकारमध्ये एक हो । यो गाउँपालिका जिल्लाभित्रको संघीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश "ख" मा पर्दछ ।

## २.३. ऐतिहासिक चिनारी तथा नामकरण

संघीय नेपालको प्रदेश नं. ५ मा पर्ने गुल्मी जिल्लाको ऐतिहासिक तथा पर्यटकीय स्थल धुर्कोट कोटको नामबाट यस गाउँपालिकाको नामकरण भएको हो । २०७३ सालमा नेपालको संघीय पुनर्संरचनाको प्रक्रियामा साविकका नयाँगाउँ, पिपलधारा, हाडहाडे, जैसीथोक, वस्तु, धुर्कोट, राजस्थल, वाग्ला गाउँ विकास समिति समायोजन गरी ऐतिहासिक धुर्कोट गाउँपालिका स्थापना भएको हो ।

## २.४. जनसंख्या विवरण तथा बनौट

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको जम्मा घरधुरी ५३९० र जनसंख्या २२८५८ रहेको छ । गाउँपालिकाका ७ वडामध्ये वडा नम्बर ५ को घरधुरी (२०१५) तथा जनसंख्या (४२८२) सबैभन्दा उच्च रहेको देखिन्छ । जसअनुसार औसत घरपरिवारको आकार ४.२ र लैंगिक अनुपात ७४.५ रहेको छ । घरपरिवार तथा जनसंख्या वडागत विवरण देहाय बमोजिम रहेको छ ।

| वडा नम्बर | घरपरिवार | जनसंख्या | | | परिवारको औसत आकार |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| नयाँगाउँ-१ | ८६१ | २३४३ | २१३४ | ४४७७ | ५.२ |
| पिपलधार-२ | ६४९ | १६९२ | १५६१ | ३२५३ | ५.०१ |
| हाडहाडे-३ | १०३३ | २७६६ | २५२५ | ५२९१ | ५.१२ |
| जैसीथोक-४ | ६७७ | २२०० | १९६६ | ४१६६ | ६.१५ |
| वस्तु-५ | ७०१ | १९३४ | १७७३ | ३७०७ | ५.२९ |
| रजस्थल-६ | ७२२ | २३४२ | २०९२ | ४४३४ | ६.१४ |
| वाग्ला-७ | ८०७ | २२१८ | १९६५ | ४१८३ | ५.१८ |
| जम्मा | ५४५० | १५४९५ | १४०१६ | २९५११ | ५.४१ |

*स्रोतः गाउँपालिका वस्तुस्थिति विवरण, २०७५*

## २.५. भू-उपयोग तथा प्राकृतिक सम्पदा

वनले ढाकेको क्षेत्र,कृषि जमिन, खोला खोल्सा र मनोरम दृश्य रहेको यस गाउँपालिका प्राकृतिक स्रोत साधनमा सम्पन्न र विविधतायुक्त रहेको छ । यस गाउँपालिकामा ५० प्रतिशतभन्दा बढी क्षेत्रफल वन रहेको छ । उक्त वन क्षेत्रमध्ये ५४ वटा सामुदायिक वन रहेका छन् भने केही वन क्षेत्र मात्र सरकारद्वारा व्यवस्थित वन क्षेत्र रहेको छ । यस गाउँपालिकामा पनाह र छल्दी जस्ता मुख्य खोलाहरू समेत ८१ वटा स-साना खोलाखोल्सीहरू रहेका छन् । पनाह र छल्दी खोलाका किनारमा खेतीयोग्य समथर भूभाग तथा उर्वर फाँटहरू रहेका छन् ।

## २.६. सांस्कृतिक उत्कृष्टता

यस गाउँपालिकामा सामाजिक संरचनाका हिसाबले ब्राह्मण, क्षत्री, मगर र दलित समुदायको मिश्रित बसोबास रहेको छ । फलस्वरूप मुख्य रूपमा खस ब्राह्मण र मगर भाषा तथा संस्कृतिको सम्मिश्रण तथा संगम रहेको छ । यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र सांस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । यस गाउँपालिकामा नयाँगाउँ कोट, पिपलधारा, थामाकोट, हाडहाडेकोट, पिपलधाराको घरिथुम खेलमैदान, जनजाति होमस्टे, अर्घाआलम मन्दिर, लोहोरी लेक, खानीखोला, जैसीथोकको कुमारीदेवी मन्दिर, सहिद पार्क, वस्तुको विचित्र गुफा, सिस्टुङ फाँट, कालिका मन्दिर, किरातेश्वर मन्दिर, धुर्कोट रजस्थलमा रहेको ऐतिहासिक धुर्कोट कोट, ऐतिहासिक धुर्कोट दरबार, वाग्लामा रहेको ऐतिहासिक अजमिर कोट, अस्कुना (सानो स्वर्गद्वारी) । मानचौर पोखरी जस्ता महत्त्वपूर्ण ऐतिहासिक तथा पर्यटकीय स्थलहरू रहेका छन् ।

धुर्कोट गाउँपालिकाले आ.व. २०७७-०७७-२०८०-०८१ को आवधिक विकास योजना तयार गरेको छ । गाउँपालिकाले कृषि, पर्यटन र उद्यम व्यवसायलाई उच्च प्राथमिकता दिइएको छ । "समृद्ध धुर्कोट : हाम्रो शान" भन्ने धुर्कोट गाउँपालिकाको दीर्घकालीन लक्ष्य हो । धुर्कोट गाउँपालिका ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक र शैक्षिक रूपमा सुपरिचित क्षेत्र हो । यहाँ कुल साक्षर जनसंख्या ९२ प्रतिशत रहेको छ । यस पालिकामा स्नातक तहको अध्यापन हुने क्याम्पस १, प्राविधिक धारको विद्यालय १, माध्यमिक विद्यालय ११, आधारभूत विद्यालय ३७ रहेका छन् । ५ वटा माध्यमिक विद्यालयमा कक्षा ११ र १२ को पढाइ हुन्छ । यहाँ ४८ वटा बालविकास केन्द्रहरू छन् । गुणस्तरीय शिक्षाका लागि यस क्षेत्रका २ वटा विद्यालयमा विज्ञान प्रयोगशाला, ११ वटा विद्यालयमा पुस्तकालय तथा कम्प्यूटर र इन्टरनेट सुविधाको व्यवस्था गरिएको छ ।

धुर्कोट गाउँपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी छ र सामुदायिक स्वास्थ्य एकाइ दुई रहेका छन् । यस गाउँपालिकामा स्वास्थ्य र सरसफाइका क्षेत्रमा पछिल्ला वर्षमा उल्लेखनीय सुधार भएको पाइएको छ । हाल ८५ प्रतिशत जनसंख्यामा पाइपबाट वितरित धाराको पानी उपलब्ध छ । स्वच्छ खानेपानीको पहुँच वृद्धि गर्न एक घर एक धारा अभियान कार्यान्वयनमा रहेको छ । ९३ प्रतिशत घरमा प्यान भएका शौचालयहरू निर्माण गरिएका छन् । गाउँपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएकोले सरसफाइका अभ्यासहरू भइरहेका छन् । समुदायमा स्वच्छ खानेपानी र सरसफाइसम्बन्धी चेतनामा क्रमशः वृद्धि भइरहेको छ । यस गाउँपालिकामा महिला, बाल-बालिका, अपाङ्गता

भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य लक्षित वर्गमा चेतनाको वृद्धि भएको छ । गाउँपालिकामा महिला तथा बालबालिका शाखा स्थापना भई सशक्तीकरण, संरचना र प्रोत्साहनका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । वस्तुमा ज्येष्ठ नागरिक दिवासेवा केन्द्र सञ्चालनमा रहेको छ । गाउँपालिकामा ४ वटा महिला सहकारी, एउटा किशोरी समूह र ५० भन्दा बढी आमा समूहहरू क्रियाशील छन् । लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा सकारात्मक वातावरण बन्दै गएको छ ।

यस पालिकामा ६ वटा सार्वजनिक खेलकुद मैदान रहेका छन् । १७ वटा युवा क्लबहरू यहाँ क्रियाशील छन् । गाउँको पूर्वाधार विकासका लागि मूलतः सडक, पुल तथा यातायात, आवास, बस्तीविकास, भवन र शहरी विकास, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता क्षेत्रको विकास, विस्तार र तिनको दिगो सञ्चालनका लागि गाउँपालिकाले मार्गचित्र तयार गरेको छ ।

धुर्कोट गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ का लागि ५३ करोड ३८ लाख ९० हजारको बजेट प्रस्तुत गरेको छ ।

## कार्यपालिकाका सदस्यहरू

| क्र.सं. | नाम, थर | पद | वडा नं. | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | भूपाल पोखरेल | अध्यक्ष | | ९८५७०६७८४२ |
| २ | शिवबहादुर खत्री | उपाध्यक्ष | | ९८५७०६७८४३ |
| ३ | कमल थापा | वडाध्यक्ष | १ | ९८५७०६७६४२ |
| ४ | नवीन जि.सी. | वडाध्यक्ष | २ | ९८५७०६७६४३ |
| ५ | विष्णुबहादुर थापा श्रीस | वडाध्यक्ष | ३ | ९८५७०६७६४७ |
| ६ | मानबहादुर जोगी कुँवर | वडाध्यक्ष | ४ | ९८५७०६७६४८ |
| ७ | ढुण्डीराज भण्डारी | वडाध्यक्ष | ५ | ९८५७०६७६७९ |
| ८ | कृष्ण नेपाली | वडाध्यक्ष | ६ | ९८५७६७६८९ |
| ९ | हिमप्रसाद पन्थी | वडाध्यक्ष | ७ | ९८५७०६७६८७ |
| १० | विमला सुनार पाध्यवती | कार्यपालिका सदस्य | १ | ९८४७५८१४६७ |
| ११ | कविता वि.क. | कार्यपालिका सदस्य | १ | ९८५७०६७६३७ |
| १२ | कमला घर्ती | कार्यपालिका सदस्य | २ | ९८६७१२४५९३ |
| १३ | विमला घिमिरे | कार्यपालिका सदस्य | ४ | ९७४७०८२८१६ |
| १४ | सरस्वती वि.क. सुनार | कार्यपालिका सदस्य | ५ | ९८४७१५७९८५ |

ooo

पुस्तकालय परिचय

# म्याग्दी सामुदायिक पुस्तकालय, बेनी

✍ **सन्तोष रावल**
**अध्यक्ष**

## परिचय

म्याग्दी जिल्लामा नै नमुनाको रूपमा रहेको म्याग्दी पुस्तकालयको आफ्नो छुट्टै पहिचान छ । वि.सं. २०२७ सालमा विधिवत् रूपमा स्थापित म्याग्दी पुस्तकालय सम्भवतः म्याग्दी जिल्लाकै पहिलो गैरसरकारी संस्था हो । वि.सं. २०१२ साल तिरबाट नै संगम पुस्तकालय, प्रकाश पुस्तकालय हुँदै २०२७ साल ज्येष्ठ ३० गते म्याग्दी पुस्तकालयको रूपमा स्थापित यो पुस्तकालय जिल्लाकै सबैभन्दा ठूलो सार्वजनिक सामुदायिक पुस्तकालय हो ।

यस पुस्तकालको लागि २०६० साल चैत्र सात गतेको रात कालरात्रिको रूपमा रहेको छ । सो रात म्याग्दीको सदरमुकाम बेनीमा भएको सरकारी सुरक्षा फौज तथा तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबीचको भीषण भिडन्तको चपेटामा यो पुस्तकालय पऱ्यो । सिंगा २ वटा भवन, करिब ६ हजार पुस्तकहरू , कैयौँ पत्रपत्रिकाहरू, फर्निचर, ऐतिहासिक दस्तावेज सबै जलेर खरानी भए । करीब १७ लाख बरावरको क्षति यस पुस्तकालयले ब्यहोऱ्यो । त्यसैले पुस्तकालयको इतिहासमा यो दिन दुर्भाग्यपूर्ण रह्यो ।



पुस्तकालयका बारेमा केही उल्लेख गर्नुपर्दा सो दिनभन्दा अगाडिको पुस्तकालय र पछाडिको पुस्तकालयको बारेमा केही कुरा उल्लेख गर्न चाहन्छु :

पञ्चायती कालरात्रिको समयमा स्थानीय युवाहरूको एउटा जोखिमपूर्ण यात्राको शुभारम्भ थियो म्याग्दी पुस्तकालयको स्थापना । राजनैतिक रूपमा सचेत तत्कालीन म्याग्दी पुस्तकालय स्थापना गर्ने युवाहरूको राजनैतिक सुझबुझकै कारण स्थानीय निकायमा संस्था दर्ताका लागि कैयौँ अवरोधहरूको सामना पुस्तकालयले गर्नुपर्‍यो । समाजलाई सचेत र जागरूक बनाउन पुस्तकालयको उपादेयतालाई मध्यनजर गर्दै पुस्तकालयको निरन्तरतामा थुप्रै युवाहरूले लगनशील भएर पसिना र श्रम खर्चेका छन् । माइकल डिलन र रन होल्डर जस्ता अमेरिकी स्वयंसेवकहरूले पनि आफ्नो महत्त्वपूर्ण समय पुस्तकालयको लागि खर्चेका छन् ।

पुस्तकालयले नियमित पुस्तकालय सञ्चालनमा मात्र आफूलाई सीमित नराखी विभिन्न समयमा साहित्यिक कार्यक्रमहरू आयोजना गर्दै म्याग्दीको साहित्यलाई संस्थागत रूपमा विकास गर्न प्रयासरत रह्यो । समसामयिक साहित्यिक संगालोको रूपमा "साहस" को प्रकाशन गरी स्थानीय लेखकहरूका रचनालाई लिपिबद्ध गराउने ऐतिहासिक कामको थालनी गरेको छ। समयसमयमा साहित्यिक कार्यक्रमको आयोजना गरी कलम चलाउनेहरूको सिर्जनशीलतामा निखार ल्याउने प्रयास गरेको छ । त्यसैगरी विद्यालयस्तरमा पनि समयसमयमा रचनात्मक क्रियाकलापहरू आयोजना गर्नुका साथै खेलकूद तथा संस्कृतिको क्षेत्रमा पनि क्रियाशील रह्यो । ऐतिहासिक हनुमान् नाच सञ्चालनमा पनि म्याग्दी पुस्तकालय क्रियाशील रह्यो ।

यसरी २०६० साल चैत्र ७ गतेसम्म म्याग्दी पुस्तकालयले छुट्टै इतिहास कोरेको थियो । निम्न व्यक्तित्वहरूको नेतृत्वमा पुस्तकालय निरन्तर रूपमा सामाजिक गतिविधिहरूमा समर्पित रहिरह्यो ।

१) संस्थापक अध्यक्ष : गोपालनारायण भट्टचन
२) भू.पू. अध्यक्ष : डा. भूपेन्द्रबहादुर खड्का
३) भू.पू अध्यक्ष : राजकुमार श्रेष्ठ
४) भू.पू. अध्यक्ष : सुदर्शनकुमार श्रेष्ठ
५) भू.पू. अध्यक्ष : सुवासकुमार श्रेष्ठ
६) भू.पू. अध्यक्ष : संजयकुमार श्रेष्ठ
७) भू.पू. अध्यक्ष : हरिकृष्ण श्रेष्ठ
८) भू.पू. अध्यक्ष : किरण सापकोटा
९) भू.पू. अध्यक्ष : सुरजकुमार श्रेष्ठ
१०) निवर्तमान अध्यक्ष : धनञ्जयकुमार श्रेष्ठ
११) अध्यक्ष : सन्तोष रावल

२०६० साल चैत्र ७ गतेको दुर्घटनापश्चात् पुस्तकालयको निरन्तरतामा झण्डै अवरोध आएको थियो । तैपनि तत्कालीन समितिको क्रियाशीलता र बजारवासीहरूको सहयोगबाट २०६१ साल मंसिर १ गतेदेखि लक्ष्मीस्मृति भवन बेनीमा अस्थायी रूपमा पुस्तकालय सञ्चालन गरियो । बेनीस्थित नेपाल भाषा मंका खलः द्वारा संकलित विभिन्न खाले १३४ थान पुस्तक र अन्य केही पत्रपत्रिकाहरू पुस्तकालयलाई हस्तान्तरण गर्दै पुस्तकालयले पुनर्जन्म प्राप्त गरेको हो । क्रमिक रूपमा आफूलाई विस्तार गर्दै आइरहेको यस पुस्तकालयले विभिन्न संघसंस्थाहरू तथा स्थानीयबासीहरूको सहयोगमा पुस्तकालयको निरन्तरतामा रोकावट आउन दिइएको छैन । लक्ष्मीस्मृति भवन, अर्थुङे गा.वि.स.को भवन हुँदै हाल आफ्नै भवनमा यो पुस्तकालय रहेको छ । अहिले झण्डै ९ हजार पुस्तकहरू रहेका छन् । नियमित रूपमा कान्तिपुर, नागरिक, गोरखापत्र, रूप्से दैनिक, बेनी साप्ताहिक, शुक्रबार साप्ताहिक, नारी, नेपाल मुना, हिमालजस्ता पत्रपत्रिकाहरू आउने र दैनिक रूपमा १२ देखि २० जना पाठकहरूले अध्ययन गर्ने गर्दछन् । पुस्तकालय आइतबारदेखि बिहीबारसम्म बिहान १० बजेदेखि बेलुका ६:०० बजेसम्म र शुक्रबार शनिबार दिनको ३.०० बजे देखि ५.०० बजे सम्म सञ्चालन गर्नुका साथै हाजिरजवाफ, वक्तृत्वकला, कविता प्रतियोगिता, बालकथा प्रतियोगिता, पुस्तकलेखन र प्रकाशनजस्ता विभिन्न क्रियाकलापहरू पनि गर्दै गौरवपूर्ण इतिहासलाई जीवन्तता दिने प्रयास गरिएको छ ।

ग्रामीण शिक्षा तथा विकास (Read) नामक संस्थाको सहयोगमा जिल्लाकै सम्पत्तिको रूपमा आधुनिक म्याग्दी पुस्तकालयको निर्माण गर्ने सोच राखेर अगाडि बढेको यस पुस्तकालयको लागत खर्च जम्मा रू ६७,८५,९७०।– रहेकोमा Read नेपालद्वारा रू २१,६३,०००।– सहयोग, स्थानीय जि.वि.स. ,गा.वि.स., केही संस्थाको सहयोग र पुस्तकालयद्वारा सांस्कृतिक र भैलो देउसी खेली निर्माण गरिएको तीन तले पुस्तकालय भवनमा १५ कोठा रहेका छन् । १५ कोठाहरू मध्ये १. लाइब्रेरी २. बालकक्ष, ३. कम्प्यूटरकक्ष, ४. खेलकक्ष, ५. संगीतकक्ष र सुरक्षित स्थानान्तरणसम्बन्धी सचेतनात्मक सूचना सामाग्री कर्नर रहेका छन् । हाल ३ तले सो भवनलाई व्यवस्थित गर्न बेनी नगरपालिका र गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालयले पनि केही बजेट सहयोग गरेको छ ।

## पुस्तकालय सञ्चालन

पुस्तकालयकक्षको अलावा बालकक्ष, संगीत तथा श्रव्यदृश्यकक्ष र आइटीकक्ष नियमित रूपमा सञ्चालित छन् र पुस्तकालय कक्ष डीडीसी प्रणालीबाट सञ्चालित छ । पुस्तकालयमा भएका सम्पूर्ण पुस्तकहरू व्यवस्थित रूपमा ब्यान्डिङ गरिएको छ । यस कार्यका लागि सदरमुकाममा रहेका ६ वटै विद्यालयका झण्डै १०० जना स्वयंसेवक विद्यार्थीहरूले १ महिनासम्म अहोरात्र

खटेर अतुलनीय योगदान गरेका थिए । भवनको तल्लो तलाका सटरहरू र दोस्रो तलाका ८ कोठा आयआर्जनका लागि प्रयोग गरिएको छ । हाल यी सटरहरू र ८ वटा कोठाबाट मासिक रूपमा ७१ हजार ५ सय रूपैया प्राप्त हुँदै आइरहेको छ । हाल पुस्तकालयमा २ जना कर्मचारी रहेका छन् । यिनै कर्मचारीबाट पुस्तकालयलाई नियमित रूपमा सञ्चालन गर्ने गरिएको छ ।

### बैठक

यस पुस्तकालयको कार्यसमितिको बैठक ३ महिनाको एक पटक नियमित रूपमा बस्दै आएको छ भने आवश्यकताअनुसार औपचारिक र अनौपचारिक बैठक अन्य समयमा पनि बसी बैठकले पुस्तकालय सञ्चालनका विविध विषयहरूमा छलफल तथा निर्णयहरू गर्ने गरेको छ । यस पुस्तकालयको आर्थिक गतिविधिलाई पारदर्शी रूपमा सञ्चालन गर्न नियमित रूपमा आर्थिक लेखापरीक्षण गरिएको छ।

### सदस्यता विस्तार

यस पुस्तकालयमा हालसम्म १९० जना आजीवन सदस्य र ४०२ वार्षिक सदस्य रहेका छन् ।

### सेवा सञ्चालन

पुस्तकालयमा बसी अध्ययन गर्नका लागि सदस्य नरहेका व्यक्तिले पनि सेवा लिन सक्ने, पुस्तक घरमा लगि अध्ययन गर्नका लागि सदस्यता लिएका व्यक्ति हुनुपर्ने र एक पटकमा २ पुस्तक लगी १५ दिनमा पढी फिर्ता गर्ने, पढिसकेका पुस्तकको ठाउँमा अन्य पुस्तकहरू पढ्ने यस पुस्तकालयबाट व्यवस्था मिलाइएको छ । यस पुस्तकालयलाई अझ व्यवस्थित र समृद्ध बनाउनका लागि विभिन्न निकायहरूमा अनुरोध गरिएको छ ।

ooo


## उपभोक्तावर्गमा अनुरोध

**पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।**
**अरूलाई पनि पानीको आवश्यकता पर्दछ–त्यसैले थोपा पनि खेर नफालौं ।**
**पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।**
**पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।**

**तम्घास बृहत् खानेपानी उपभोक्ता समिति**
**रेसुङ्गा नगरपालिका–१, तम्घास, गुल्मी**

# पुस्तकालयका विविध गतिविधि

- २०७८ कार्तिक २७ गते किरण पुस्ताकलयको ५३ औं वार्षिकोत्सव र महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११३ औं जन्मजयन्ती विशेष समारोहको आयोजना गरी मनाइयो । पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष शशि पन्थीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विभिन्न कविहरूले रचना पाठ गर्नुका साथै विभिन्न वक्ताद्वारा प्रवचन पनि गरिएको थियो । उक्त कार्यक्रममा अर्घाखाँची सन्धिखर्क नगरपालिका वार्ड नं.१ निवासी श्री कृष्ण आचार्यले किरण पुस्तकालयमा बालोपयोगी र समाजोपयोगी पुस्तकहरू अक्षयकोषको ब्याजबाट प्रत्येक वर्ष वृद्धि गर्दै लैजाने उद्देश्यले रू.१,०१,८११ (एक लाख एक हजार आठ सय एघार) को आराध्यारभ अक्षयकोष स्थापना गरी सो रकम सन्ध्या पन्थीद्वारा कार्यक्रमका प्रमुख अतिथि श्री नरप्रसाद श्रेष्ठलाई हस्तान्तरण गरिएको थियो ।

- २०७८ साल कार्तिक २८ गतेदेखि मंसिर ३ गतेसम्म किरण पुस्तकालयले गुल्मी जिल्लामा पहिलोपटक एक हप्ते आधारभूत पुस्तकालय व्यवस्थापन तालिम सञ्चालन गरेको थियो । उक्त तालिमको उद्‌घाटन र समापन प्रमुख अतिथि रेसुङ्गा नगरपालिकाका नगरप्रमुख श्री डिल्लीराज भुसालले गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि भुसालले पुस्तकालयको विकासका लागि नगरपालिकाले निरन्तर सहयोग गर्दै जाने नीति बनाएको र यस वर्ष रू.५००,०००/- (पाँच लाख) उपलब्ध गराउने जानकारी गराउनुभयो । साथै आफूले व्यक्तिगत रूपमा पुस्तकालयको प्रत्येक वर्षको वार्षिकोत्सवका अवसरमा पुस्तकालय सञ्चालनका लागि आफू बाचुञ्जेल प्रतिवर्ष रू. एक लाखका दरले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रमका सहभागीहरूले उहाँको यस्तो उदारतापूर्ण सहयोगका लागि धेरै बेरसम्म ताली बजाएर आभार व्यक्त गरेका थिए ।

  उक्त कार्यक्रमका विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलले 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क ९१ को विमोचन गर्नुभएको थियो । एक हप्ते आधारभूत पुस्तकालय व्यवस्थापन तालिमको सञ्चालन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव श्री यादवचन्द्र निरौला, डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयका प्रमुख श्री भोलाकुमार श्रेष्ठ र नेपाल पुस्तकालय संघका संस्थापक अध्यक्ष श्री मुरारिविनोद पोखरेलले गर्नुभएको थियो । तालिममा सार्वजनिक पुस्तकालय, क्याम्पस र माध्यमिक विद्यालय पुस्तकालयका गरी २० जना प्रशिक्षार्थीको सहभागिता रहेको थियो । सहभागीहरूको विवरण निम्नअनुसार छः-

| सि. नं. | सहभागीको नाम | संस्थाको नाम | मोबाइल.नं. |
|---|---|---|---|
| १ | दीक्षा पुन | श्री सिद्धबाबा उच्च मा. विद्यालय | ९८६६६२३२३६ |
| २ | थानबहादुर दगामी | श्री चन्द्रकोट क्याम्पस, शान्तिपुर | ९८४००६२०६८ |
| ३ | शेषनारायण मरासिनी | रुरु संस्कृत विद्यापीठ रिडी, गुल्मी | ९८५७०६८११४ |
| ४ | गोमा अर्याल मरासिनी | छत्रदेव-७, अर्घाखाँची | ९८४७१७६२८५ |
| ५ | कमला सेन ओली | रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास | ९८४७१८६३९४ |
| ६ | कमला पाण्डे बन्जाडे | रिडर्स पब्लिक हाईस्कुल | ९८४९१३६१६१ |
| ७ | नमराज मरासिनी | सिर्जनशील सामुदायिक विकास केन्द्र, तम्घास | ९८६६६२९६६२ |
| ८ | विवेकप्रकाश पन्थी | अर्जुन इ.ब्रो.हाई.स्कुल | ९८५७०६७४८३ |
| ९ | नीलकमल पन्थी | किरण पुस्ताकलय, तम्घास | ९८४३२८६४६६ |
| १० | पार्वती कुँवर | श्री राङवास मा.वि. सिमीचौर | ९८६७५५२७२९ |
| ११ | गणेश ज्ञवाली | धुर्कोट परमानन्द भण्डारी बहुमुखी क्याम्पस | ९८५७०६४५१८ |
| १२ | ज्ञानबहादुर बस्नेत | श्री महेन्द्र मा.वि. तम्घास, गुल्मी | ९८४७३५९३६३ |
| १३ | पोमलाल पाण्डे | श्री जनसहयोग मा.वि. भुवनपानी | ९८४७३११९९४ |
| १४ | सक्सेस थापा | श्री रेसुङ्गा मा.वि. तम्घास, गुल्मी | ९८४७१०६८४९ |
| १५ | झवीन्द्र पन्थी | किरण पुस्ताकलय, तम्घास, गुल्मी | ९८४१६०१६१५ |
| १६ | ज्ञानराज मरासिनी | किरण पुस्ताकलय, तम्घास, गुल्मी | ९८४७१८५१९५ |
| १७ | डिल्लीराज मरासिनी | किरण पुस्ताकलय, तम्घास, गुल्मी | ९८६७१४३९२७ |
| १८ | भगवती कँडेल खनाल | रे.न.पा-२,(व्यक्तिगत) | ९८४७१०५७५० |
| १९ | पार्वता खनाल पन्थी | रेसुङ्गा सामुदायिक सिकाइ केन्द्र | ९८६७०२७०९० |
| २० | चनकबहादुर कुँवर | रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी | ९८४७१०६६६४ |

◆ २०७८ पुस १५ गते किरण पुस्तकालयको आयोजनामा कविशिरोमणि लेखनाथ पौडेलको १३८ औं जन्मजयन्ती विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । पूर्व क्याम्पसप्रमुख सहप्राध्यापक चन्द्रकान्त पन्थीको प्रमुख आतिथ्य र पुस्तकालयका अध्यक्ष शशि पन्थीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्राध्यापक, शिक्षक, विद्यार्थी, कर्मचारी र साहित्यनुरागीहरूको उपस्थिति रहेको थियो । जन्मजयन्तीलाई रचनात्मक बनाउनका लागि करिब १० हजार मूल्यका पुस्तकहरू पुस्तकालयमा थपिएको थियो ।

***- सचिव***


ooo

# नौलो सृष्टि : सानो दृष्टि

## १. बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र

किरण पुस्तकालयको १९ औं पुष्पका रूपमा प्रा.डा. बाबुराम ज्ञवालीको बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्रको २०७७ मा प्रथम संस्करण प्रकाशित भएको छ । पूर्वीय अर्थशास्त्रमा निरन्तर अनुसन्धानरत प्रा.डा.ज्ञवालीले उक्त विषयवस्तुलाई नेपाली समाज समक्ष ल्याउन निरन्तर प्रयास गर्नुभएको छ ।

लघुकाय भैकन पनि यस शास्त्रमा पूर्वीय अर्थशास्त्रपरम्पराका साथै शुक्रनीति, महाभारत, मनुस्मृति कामन्दकीय नीतिसार पञ्चतन्त्र तथा राजनीति रत्नाकरको सहयोग लिएर विभिन्न सान्दर्भिक टिप्पणीहरू प्रस्तुत भएका छन् । यसभित्र राजार्थशास्त्रको पौरस्त्य परम्परा : संक्षिप्त परिचय, बृहस्पति अर्थ - सूत्र संक्षेपमा राजवृत्त निरूपण, राजकर्तव्य, मन्त्र देशकाल, शुभाशुभ, उपाय, नानाप्रकरणजस्ता शीर्षकहरूका साथै उपसंहार खण्डमा सारसंक्षेपमा प्रकाश पारिएको छ । पूर्वीयशास्त्र सम्बन्धमा विभिन्न पत्रपत्रिकामा झण्डै चार दर्जन लेख रचनाहरू प्रकाशित गर्नु हुने प्रा.डा. ज्ञवालीले यस ग्रन्थमा पनि मूलतः संस्कृत र अंशतः अंग्रेजी भाषाका ग्रन्थहरूको समेत सन्दर्भ कोट्याउँदै यसलाई वजनदार बनाउनुभएको छ । यो सामान्य अनुवाद नभई डा.ज्ञवालीको शोधपूर्ण अनुवाद भएकोले पूर्वीय अर्थशास्त्रलगायत विविध क्षेत्रमा जिज्ञासा राख्नेहरूका लागि अनुसन्धानमा अगाडि बढ्न निकै पथप्रदर्शक बन्ने अपेक्षा गर्न सकिन्छ ।




## २. दर्पण

प्राविधिक क्षेत्रका विशेषज्ञ भएर पनि नेपाली साहित्यका विविध विधामा कलम चलाउने महाकवि चन्द्रकान्त आचार्यको दर्पण महाकाव्य (२०७८) प्रकाशित भएको


छ । ज्वाला उपन्यास लिएर २०५८ सालमा सार्वजनिक भएका आचार्यका पाँचवटा उपन्यास, यात्रासंस्मरण, नियात्रा, संग्रहजस्ता कृतिहरू प्रकाशित छन् । आफ्नो जीवनयात्रालाई मूल विषयवस्तु बनाएर १७ सूत्रमा विरचित यस महाकाव्यमा पूर्वीय महाकाव्य सिद्धान्तका अधिकांश नियमपालन गरिएको छ । विविध शास्त्रीय छन्दको पालन गरिएको यस महाकाव्यमा हरेक सँगैको घटनावस्तु सङ्केत हुने गरी शीर्षक दिनाले महाकाव्य भित्र रहेको विषय सन्दर्भ बुझ्न सजिलो भएको छ । शास्त्रीय छन्दहरू शार्दूलविक्रीडित, स्रग्धारा, मन्दाक्रान्ता, अनुष्टुप्, शिखरिणीलगायतका विविध छन्दहरूको प्रयोग गरेर दर्पणलाई महाकाव्यकै दर्पण बनाउने प्रयास गरिएको छ । महाकविले आफ्नो जीवनका प्रारम्भदेखि वर्तमानसम्मका आरोह–अवरोह हुँदै वर्तमान बिन्दुसम्म आइपुगेको कथा महाकाव्यबाट बुझ्न सकिन्छ । काव्यनायकको सुखपूर्ण अवस्थाको चित्रण भएकोले यो महाकाव्य सुखान्त महाकाव्य बनेको छ ।




आफ्नो जीवनयात्रालाई मूल विषयवस्तु बनाएर रचना गरिएको प्रस्तुत महाकाव्यमा वंशपरम्परा, बाल्यकाल, राजनीति पर्व, वाराणसी पर्व, किशोर काल, रूस पर्व, युक्रेन पर्व, रूस पर्व–२, नेपाल पर्वलगायत काव्यनायकसँग सम्बद्ध विषय सन्दर्भका साथै समसामयिक विषयवस्तुलाई पनि स्थान दिइएको छ । शृङ्गार र करूण रसको माध्यमबाट यस महाकाव्यमा मानवीय भावनालाई जीवन्त रूपमा प्रस्तुत गरिएको छ । रूपक र उपमा अलङ्कारका माध्यमबाट कविले काव्यिक सौन्दर्य पस्केका छन् । प्रस्तुत महाकाव्य काव्यनायक (कवि स्वयं)को बाल्यकालदेखि नातिनी (लेना) जन्मदासम्मको कथावस्तुका साथै समसामयिक विषय सन्दर्भको 'दर्पण' बन्न सफल भएको छ ।

## ३. नैसर्गिक नेपाल


प्रशासनिक क्षेत्रमा उच्च तहसम्म पुगेर मातृभूमिको सेवा गर्ने राष्ट्रसेवक युवराज शर्मा गौतमले 'नैसर्गिक नेपाल' महाकाव्य (२०७७) प्रकाशित गर्नु भएको छ । आफ्ना ममतामयी माता स्वर्गीय शोभा गौतमका चरण कमलमा श्रद्धापूर्वक अर्पण गरिएको प्रस्तुत महाकाव्य १३ सर्गमा रचना गरिएको छ । प्रा.डा. वेणीमाधव ढकाल, प्रा.गोपीकृष्ण शर्मा, भुवनहरि सिग्देल तथा प्रह्लाद पोखेलको भूमिका/मन्तव्यका साथ रचना गरिएको यस महाकाव्यको आरम्भ 'हिमाली क्षेत्र' बाट शुरू गरिएको छ । नेपालका तीन भौगोलिक क्षेत्र, प्रारम्भिक शासन कालदेखि बहुदलीय व्यवस्था गणतन्त्रका साथै संघीयतासम्मका सन्दर्भहरू प्रस्तुत महाकाव्यमा उल्लेख गरिएका छन् ।




प्रस्तुत महाकाव्यमा नेपालका प्राकृतिक, सांस्कृतिक र राजनीतिक पक्षलाई मूल प्रतिपाद्य विषयवस्तु बनाएर तिनीहरूकै नाममा सर्गको नामकरण गरिएको छ । कविले नेपालको भौगोलिक परिवेश, ऐतिहासिक पृष्ठभूमि, राजनीतिक आरोह अवरोहका विविध पक्षहरूलाई अत्यन्त परिश्रमपूर्वक महाकाव्यका रूपमा तयार गरेका छन् । नेपालको प्राकृतिक परिवेश, भौगोलिक क्षेत्र, राजनीतिक काल खण्डका विभिन्न शासनव्यवस्थाको नालीबेली केलाउँदै संघीयताको वर्तमान घडीसम्मका घटना तन्तुलाई प्रस्तुत महाकाव्यमा अत्यन्त व्यवस्थित गरेर प्रस्तुत गरिएको छ ।

यो महाकाव्य एकातिर नेपालका भौगोलिक क्षेत्रको चित्रण गर्न सफल भएको छ भने अर्कोतिर इतिहास र राजनीतिको फेहरिस्त दिन सफल छ । काव्यको स्वादमा नेपालका भौगोलिक, ऐतिहासिक र राजनीतिक इतिवृत्त एकै ठाउँ प्रस्तुत गर्न महाकाव्य सफल भएको छ ।

## ४. आयामिक अनुभूति





झण्डै डेढ दर्जन नियात्रा संग्रह नियात्रोपन्यास, खण्डकाव्य, संस्मरण, कथासंग्रह, लघुकथा, खण्डकाव्य जस्ता विविध विधामा कलम चलाउन सिद्धहस्त रामप्रसाद पन्तको 'आयामिक अनुभूति' संस्मरण संग्रह २०७८ प्रकाशित भएको छ । 'ममताको विश्राम' शीर्षकबाट प्रस्तुत अनुभूतिको आरम्भ गरिएको छ । यस भित्र विभिन्न स्मृतिका १४ वटा अत्यन्त सुन्दर पुष्पको हार तयार गरिएको छ । संस्मरणकारका धेरैजसो संस्मरणहरू आफ्नो जन्मभूमि र कर्मभूमिसँग सम्बद्ध छन् । बाल्यकालदेखि झण्डै सात दशकको सेरोफेरोका मर्मस्पर्शी घटना तन्तुलाई परिश्रमपूर्वक कलात्मक ढङ्गले उनेर प्रस्तुत अनुभूतिका माला तयार भएको छ ।

संस्मरणका हरेका शीर्षक अत्यन्त मर्मस्पर्शी घटना छनौट गरेर राखिएको छ । पहिलो 'ममताले विश्राम लिएपछि' अनि क्रमशः पिताको स्मृतिमा, त्यो पाठशाला र यो रामप्रसाद, गुल्मीको माया, दायित्वको अन्तरकथा, आर्यघाटमा दश घण्टा, कान्छा बाको बटौली यात्रा, मेरो गाउँ मेरो शहर, छयसट्ठीको त्रिवेणी, मेरो जीवनका तीन आयाम, अति भएपछि, कविवरसँग एक दिन, वयोधाका ती बिरामी, त्यो सम्मिलन र केपी काव्यरञ्जनजस्ता १४ वटा शीर्षक र तिनमा प्रस्तुत गरिएको साहित्यिक कलात्मक अभिव्यक्तिले प्रस्तुत संस्मरणको स्तर निकै उचो बनाएको छ । संस्मरणकारले क्षणिक संवेदनालाई चिरनूतन बनाउँदै व्यक्तिगत अनुभूतिलाई सार्वजनिक तहमा साधारणीकरण गर्ने प्रयास गरेको पाइन्छ । स्रष्टाले व्यक्ति समाज, समय, पर्यावरणको परिवृत्तमा रहेर स्मृति तत्त्वलाई अनुभवगत व्याप्तिको सीमामा समेट्ने प्रयास गरेका छन् । प्रस्तुत कृतिले हरेक, पाठकको मन तान्छ । आफ्नै अनुभूतिको अभिव्यक्ति जस्तै हरेक पाठकले अनुभव गर्ने गरी प्रस्तुत कृतिको संरचना गरिएको पाइन्छ ।

## ५. तरङ्गका तरेलीहरू

विभिन्न क्षेत्रमा सेवा गरेर लामो अनुभव हासिल गरेका मुरारी विनोद पोखरेलले 'तरङ्गका तरेलीहरू' स्वर्ण समयको कर्मकालको संस्मरण ग्रन्थ (२०७७) प्रकाशित गर्नुभएको छ । आफ्ना कर्मकालमा विभिन्न स्थानबाट हासिल गरिएका अनुभवहरू सँगालेर 'ऊ' पात्रको माध्यमबाट प्रस्तुत तरङ्गका तरेलीहरू तयार पारिएको छ । स्रष्टाले आफ्ना जीवनलाई तीन चरणमा विभाजन गरेर पेशामा संलग्न समयलाई कर्मकाल मान्दै उक्त समयलाई स्वर्णकालको नामकरण गरेका छन् । प्रस्तुत सिर्जना सोही स्वर्ण कालको स्मृति ग्रन्थ हो ।





यस सिर्जनाभित्र स्रष्टाले कर्मकालमा विभिन्न क्षेत्रमा सँगालेका अनुभवहरूलाई समेटेर विभिन्न ९५ शीर्षकमा स्मृतिका क्षणलाई ताजा रूपमा प्रस्तुत गरेका छन् । स्रष्टा स्वयंले शुरूमा 'प्रष्टयाइँ उसैको' भूमिका मार्फत प्रस्तुत स्मरणको बारे पृष्ठभूमि बुझ्न सजिलो बनाएका छन् । पहिलो शीर्षक नोकरीको 'मातृ संस्था' बाट शुरू गरिएको स्मरणभित्र स्वदेशको कर्मस्थलका अनुभवका साथै विदेशभ्रमणका क्रममा हासिल गरिएका अनुभवहरू समेटिएका छन् । सबै अनुभवहरूको अभिव्यक्ति सरल र संक्षिप्त बनाइएको छ । स्रष्टाले आफ्नो ७ दशकभन्दा लामो वय पार गरिसक्दा कर्मकालको स्वर्ण समयमा संगालेका अनुभवहरूको यो सँगालो पठनीय कृति बनेको छ । वर्णविन्यासका कसरमसर हटाउन बाँकी छ । स्रष्टाको सिर्जनाको क्षेत्र अझ व्यापक बनोस् । शुभकामना !

**- अकिञ्चन**

ooo




# सन्दर्भ किरण पुस्तकालय : भ्रमण रेसुङ्गा भूस्वर्गको



✍ मुरारिविनोद पोखरेल
इमाडोल, ललितपुर


## प्राक्कथन

कोरोनाले गर्दा निस्फिक्री भएर घर छाड्ने दिन कहिले आउने हो थाहा छैन । घुमफिरमा रमाउने यो बबुरोले पनि यसबाट अछुत हुन पाएको हैन । यद्यपि, २०७७ पौष १८देखि २० गतेसम्म आँटै गरेर तीन परिवारका सदस्यहरू नवलपरासीको कावासोती नजिकको 'नाना जङ्गल रिसोर्ट'मा रात बसेर रमाई आएका थियौं । २०७८ असोजमा दुई आफन्त 'चन्द्रागिरि हिल्स रेसोर्ट'तर्फ हान्निएर दुई दिन प्रकृतिसँग पैंठेजोरी गर्न पुगेका थियौं । सोको लगत्तै

पारिवारिक भ्रमणमा कार्तिकमा काठमाडौं-पोखरा-जोमसोम आते जाते जहाजबाट गरेर छोटो समयमा मुक्तिनाथमा चौथो पटक माथा टेकाउन पुगेकै हुँ ।

## चिठ्ठै परचो

आफू नपुगेको ठाउँ जान प्रायः सबैलाई रुचि नै हुन्छ । गुल्मी अत्यन्त सुनेको तर धेरै पटक चाहना गर्दागर्दै जान नसकेको ठाउँ थियो । सहृदयी शशि पन्थीको आग्रह त सदा थियो । अग्रज तर अत्यन्त निकटका व्यक्तित्व भेषराज कंडेलसँग करिब १३ वर्ष कलेज अफ बायोमेडिकल इन्जिनिएरिङ एण्ड एप्लाइड साइन्सेजमा सँगसँगै रहेर काम गर्दा हजारौं पटक सुनिएको नाम थियो रेसुङ्गा र गुल्मी । चाहँदा पनि उहाँसँगै जान पाइएको थिएन । अर्को पनि विशेषता छ गुल्मीको : पूर्वमा जसरी इलाम, धनकुटा, विराटनगरको नाम प्राथमिकताको लहरमा आउँछ, त्यसैगरी पश्चिममा गोर्खा, पाल्पा, गुल्मी, बैतडीका नामहरू चलेकै हुन् । विद्वत्समूहमा गुल्मीले राम्रो हैसियत राख्दै आएको छ ।



प्रसङ्गवस दुईजना साथीले हामी आधारभूत पुस्तकालय व्यवस्थापन तालिम दिन एक साताको लागि गुल्मी जाँदैछौं भनेर सुनाउनु नै मेरो लागि चिठ्ठा परेको हो । को को के कसरी जाने भन्ने मेरो जिज्ञासाको उत्तरसँगै म पनि पर्यवेक्षकको रूपमा जानेमा जोडिन पुगें । यी दुई साथीहरू भोलाकुमार श्रेष्ठ र यादवचन्द्र निरौलालाई मेरो सलाम छ !

हामी तीन भाइ २०७८ कार्तिक २७ देखि मार्ग ४ सम्मका लागि गुल्मी जान तयार भयौं र यातायातका साधन पक्कापक्की गर्‍यौं । शनिबारको झुल्के घाम अगावै हवाइ मैदान पुगेका हामी भैरहवा ओर्लेर पूर्वतय गरिएको मोटरबाट बुटवल, पाल्पा, रानीमहल, रुरु हुँदै सो दिनको साँझ अगावै हामी गुल्मीको तम्घासमा रहेको किरण पुस्तकालयको प्राङ्गणमा पुगिसकेका थियौं । पुस्तकालय समितिका पदाधिकारीसँग चिनारी एवं तालिम तयारीका कुरा सकिएपछि पुस्तकालयद्वारा हामीलाई आतिथ्य गर्न तोकिएको नीलगिरि पार्टी प्यालेस रेष्टुरेण्ट एण्ड लजमा हामी झोला बिसाउन पुग्यौं ।

साथी भोलाले जनरल खड्ग शम्सेरलाई के कुन कुराले अभिप्रेरित गरेर कालीगण्डकीको ठिक किनारमा त्यस्तो कारिगरीयुक्त विशाल रानीमहल सन् १८९३मा बनाए होलान्, नदीको धारले महल परिसरको हाता काट्दै छ, कुनै दिन महल लडाउन सक्छ, कुन निकायले यस बारेमा ध्यान दिन्छ होला भनेर चिन्ता व्यक्त गरिरहँदा हामी भावविह्वल भएका थियौं । सडक बाटो नभएको, त्यो समयमा त्यतिको कलात्मक र भव्य महल कसले र कसरी बनाए होलान्, हामी तिलस्मित भयौं ।

## पुस्तकालय तालिम



सहभागीहरूको अनुरोधलाई मान्यता दिंदै तालिम अवधि ६ दिनमध्ये पृष्ठपोषण र समापन कार्यक्रम मात्र छैठौं दिन बिहानमा राखेर सहजकर्तालाई पाँच दिनभित्र उद्घाटन, नामदर्ता, पुस्तकालयको परिचय, इतिहास, किसिम र महत्त्व, भौतिक संरचना, पुस्तक, पत्रपत्रिका संकलन र दर्ता, पुस्तकालय व्यवस्थापन समिति र नियम, वर्गीकरण, सूचीकरण, अन्तिम प्रक्रिया, पुस्तकालय लेनदेन सेवा, पुस्तकालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, दीगो विकास, अभिलेख तथ्यांक र प्रतिवेदन, सूचना सेवा, संरक्षण र सम्वर्धन तथा बाइन्डिङजस्ता विधाहरूमा आधारभूत ज्ञान दिन सैद्धान्तिक एवं व्यावहारिक अभ्यासहरू गराइएको थियो ।

## किरण पुस्तकालय



राणाकालीन समयको अस्त र सात सालको उदयले नेपाल भर जागरूकता बढ्दै गयो । गुल्मी अर्धाखाँचीका अड्डा अदालतहरू तम्घासबाटै सञ्चालित हुन थाले । कार्यालयीय चहल पहल बढ्ने नै भयो । यद्यपि, सोह्र सालमा मात्र एउटा विद्यालय

महेन्द्र हाइ स्कूल तम्घासमा स्थापना भएछ । घरमा हजुरबुबा/बुबाको समयमा जम्मा भएका संस्कृतका किताबहरूसँग साक्षात्कार हुँदै विद्यालयमा पढ्दै गरेको एउटो केटो बनारस पुग्नु, त्यहाँ निःशुल्क निर्वाध पढ्न पाइने पुस्तकालयसँग तादात्म्य हुनु, आफूकहाँ भएका किताब के कसरी अरूले पनि पढ्न सक्लान् भन्ने जिज्ञासा लुकेको अभिप्राय बोकेर आफ्नो थलो फर्कनु नै किरण पुस्तकालयको भ्रूण बीजारोपण होरहेछ । अझै त्यसलाई मलजल भने पढे लेखेका भनिने कर्मचारीहरू फुर्सत हुनासाथ जुवातास वा भट्टी पसलमा पस्ने देखेपछि त नौ सालमा जन्मिएका ती १६ वर्षे युवालाई खपि नसक्नु नै भएछ । के कसो गरे यस्ता दुर्गुणहरूबाट स्वअध्ययनको सद्गुणतर्फ जनमानसलाई लग्न सकिएला भन्ने चिन्तन उनमा पलाएछ । तत्काल घर खोजेर, पुस्तकालय बनाएर चलाउने मानिसको जोहो गर्न सक्ने स्थिति पनि त थिएन, हातमा एउटो सुको भए दुई तीन दिन मजासँग खाजा खान पुग्ने जमाना र दूरदराजमा आधुनिक शिक्षा आर्जनको परिपाटी नबसिसकेको समयमा । तथापि, आफ्नै गोठको माथिल्लो भागमा आधामा पराल छ्याकन खाँदेर, बचेको आधीमा बाँसको चिर्कटोले बारबेर गरी घरमा भएका श्रुति, पुराणलगायतका धार्मिक र केही प्रवेशिका, आई.ए.मा पढाइने पाठ्यक्रमसमेतका ५०० जति पुस्तकलाई चिर्पटमाथि राखेर २०२५ साल कार्तिक २० गते तम्घासमा परिवारका सदस्य मात्रले किन पढ्ने ? बरू सबैले पढ्न सकून् भनेर पुस्तकालय खोल्नु के शशि पन्थीको अद्वितीय कार्य हैन र ?

पुस्तकालयले विभिन्न गतिविधि तथा वार्षिकोत्सव गर्न थालेछ । यस्ता क्रियाकलापका समाचारहरू त्यस बखत सञ्चालनमा रहेका रेडियो नेपाल तथा गोरखापत्रले सम्प्रेषण गरेछन् । तब स्वतः स्थानीय प्रशासनको चासो हुने नै भयो । यो पुस्तकालय कहाँ छ, के कस्ता गतिविधि गरिरहेको छ ? आदि सोधपुछ भई सरकारको स्वीकृतिविना यस्ता संस्था चलाउनेलाई थुनछेक हुनसक्छ भन्दै, केरकार गरेर बन्द गर्नु र चलाउने नै हो भने विधिवत् अनुमति लिनु भनिएछ । तत्पश्चात् जिल्ला



शिक्षा कार्यालय मार्फत् शिक्षा मन्त्रालयमा स्वीकृतिको लागि कागजात गएको प्रमाण थाहा लागेपछि भने स्थानीय प्रशासन मौन बसिदिंदा कार्यक्रमहरू अनवरत चलिरहेका थिए, श्री शशिको स्मरण छ । २०२७ सालमा सो पुस्तकालय सार्वजनिक जग्गामा एकतले भवनमा सरेको र शिक्षा नियमावलीको पूर्ण पालना भएको भन्दै शिक्षा विभागबाट २०२८ सालमा पुस्तकालय सञ्चालन स्वीकृति प्राप्त भएको रहेछ ।

स्थानको कमी भएकोले यता र उता भौतारिँदै रहेको सो पुस्तकालय, २०३१ मा तत्कालीन गाउँ पञ्चायतले उपलब्ध गराएको सरकारी जग्गामा दुई तले भवन निर्माण गरी सारिएको र २०३५ मा तत्कालीन शिक्षामन्त्री पशुपति शम्सेर जबराबाट उद्घाटन भएको जानकारी पढ्न पाइन्छ ।

परम्परागत रूपमा निर्माण भई मर्मत सम्भार हुँदै रहेको उक्त ढुङ्गे गारो र ढुङ्गे छानोको घरले २०७२ वैशाख १२ र सो पश्चात्का कम्पनहरूलाई नराम्ररी व्यहोरेकोले गुल्मीका अग्रज राजनैतिक व्यक्तिहरूसमेतको पहलमा संघीय सरकारको सहयोगमा पुनःनिर्माण प्राधिकरणबाट चारतले विपद् प्रतिरोधात्मक आधुनिक भवन निर्माण सम्पन्न भइसकेको छ ।



किरण पुस्तकालयमा २०७८ असोज मसान्तसम्ममा दशहजार पाँच पुस्तकहरू संकलन भएका छन् । हाल २८ शीर्षकका पत्रपत्रिकाहरू नियमित आइरहेका छन् । कोरोना कहरको कारणले घटेको नियमित पाठक संख्या अब बढ्दो क्रममा छ र दैनिक सरदर ४० पुगेको छ । सदस्यताको हकमा हाल पाठक सदस्य १८, आजीवन सदस्य ९९, विशिष्ट सदस्य १२ र संरक्षक सदस्यहरू १० जना छन् । पुस्तकालयको महत्त्वपूर्ण कार्यमध्येको २०३० सालदेखि नियमित प्रकाशित भइरहेको 'हाम्रो पुरुषार्थ' पहिले वार्षिक, अर्धवार्षिक र २०७० बाट त्रैमासिक हुन थालेको हो । हाम्रो पुरुषार्थले देशमै एक प्रकारको स्तरीयताको उचाइ चुमेको छ । देशभित्र र बाहिर गरी यसको ग्राहक संख्या करीब १२०० पुगेको छन् भने पाठक संख्या कति होलान्, त्यो त अगणनीय छ । यसको

अलावा पुस्तकालयले धर्म, संस्कृति, साहित्यलगायतमा विद्वान्हरूका १९ वटा कृतिहरू पनि प्रकाशन गरेको छ ।

सार्वजनिक पुस्तकालय जोसुकैका लागि खुला हुन्छ, अतः यस पुस्तकालयमा कुनै पनि व्यक्ति आएर निर्वाध अध्ययन गर्न सक्छन् । किताब घरमै लगेर पढ्न भने शुरूमा पचास पैसे सदस्यबाट बढ्दै हाल वार्षिक पाँचसय तिरेर पाठक सदस्य बन्नुपर्दछ । पुस्तकालयप्रेमी जो कोही दश हजार तिरेर आजीवन सदस्य बन्न सक्छन् । बीस हजार तिर्ने पुस्तकालय शुभेच्छुक विशिष्ट सदस्य बन्दछन् । पुस्तकालय संरक्षण र विकासमा ठूलो योगदान गर्ने व्यक्तिलाई संरक्षक सदस्यको उपाधि दिइन्छ । पुस्तकालयको विधानतः नौ सदस्यीय सञ्चालक समितिले पुस्तकालयको नियमित कार्यहरू सञ्चालन गराउँछ ।

किरण पुस्तकालयले राष्ट्रिय स्तरका कवि, साहित्यकारहरूको जयन्ती मनाउने; बेलाबखत साहित्यिक गतिविधिहरू सञ्चालन गर्ने; विविध विधाका स्रष्टाहरूलाई सम्मान तथा पुरस्कृत गर्ने; समसामयिक विषयवस्तुमा तालिम तथा गोष्ठीहरूको आयोजना गर्ने गरेको छ । यति हुँदाहुँदै पनि चुनैतीका पहाडहरू पनि रेसुङ्गा झैँ अग्लिएका छन् । पुस्तकालयको बारेमा जनचेतनाको अझै कमी छ ।

पुस्तकालय दैनिक सञ्चालन गर्न दक्ष जनशक्तिको अभाव छ । यस पुस्तकालय र अन्य पुस्तकालयहरू बीच सहकारिताको सहकार्य हुन सकेको छैन । दीगो व्यवस्थापनको लागि आवश्यक पर्ने आयस्रोतको उपाय भइसकेको छैन आदि आदि ।

एउटा व्यक्तिको सकारात्मक सोचले के गर्न सक्दैन ? यो जान्न खोज्ने जो कोही एक पटक तम्घास पुग्नुपर्छ । श्री शशि पन्थीको जोश, जाँगर र अठोटले



तम्घासले किरण पुस्तकालय मात्र हैन विद्यालय, महाविद्यालय खोल्न जे जस्ता अप्ठेराहरू आइपर्थे, तिनलाई फाँडेर अकिञ्चन सञ्चालन गरेको जीवन्त इतिहास बोकेको छ । यहाँसम्म कि हामी नगरपालिका प्रमुखकहाँ खाजाको लागि निम्त्याइएका थियौं । त्यहाँ 'मेयर' साबले शशि पन्थी जस्तो दृढ संकल्पित, त्यागी, जागरूक, समाजप्रेमी/सेवी व्यक्तिहरू केही संख्यामा भए देश अग्रगतिमा बढ्न सक्थ्यो भनिरहनु हुँदा हामी श्री पन्थीलाई गहिरो नजरले हेरी रहेका थियौं । रेडक्रस अभियानमा तल्लो इकाइदेखि होमिएका पन्थीले केन्द्रीय उपाध्यक्ष जस्तो उपल्लो जिम्मेवारी चार पटकसम्म गर्न पुग्नु के श्री पन्थीको एकाग्रता र लगनशीलता नै हैन र ? यीनै सबै सामाजिकताको परिणामले त होला 'मेयर' साबले उद्घाटन सत्रमा पुस्तकालय, विद्यालय/कलेज जस्ता भोलिका देशका कर्णधारहरू निर्माण गर्ने संस्थाहरूलाई वार्षिक रूपमा अनुदान दिने नीतिगत निर्णयको कुरा राख्नुभएको थियो । सोको प्रमाण केही दिनमै पुस्तकालयलाई वार्षिक पाँचलाख अनुदानको नीतिगत निर्णयको पत्र पुस्तकालयमा आइपुगेको थियो । त्यतिमात्र हैन तालीम समापनको प्रमुखआतिथ्यको आसनबाट उहाँले किरण पुस्तकालयको प्रत्येक वार्षिक समारोहमा आफ्नो तर्फबाट एकलाख रूपैयाँ जीवनपर्यन्त दिने उद्घोष पनि गर्नुभयो । राम्रो कामको लागि सचेत व्यक्तिले स्वस्फूर्तरूपमा हार्दिकतासाथ सहयोग गर्दछ भन्ने ज्वलन्त उदाहरण 'मेयर' साब बन्नुभयो । हामी तीन भाइले यो बुँदा के कसरी व्यापकतामा लैजाने, उदाहरणीय काम कुराको व्यापक चर्चा परिचर्चा हुनु राम्रो हुन्छ, अरू नगरपालिका, गाउँपालिकाहरूले यसैलाई दृष्टान्त मानेर सहयोग जुटाउन सक्छन् भनेर सो साँझ चिन्तनमननमा केही समय बिताएका थियौं ।

## रेसुङ्गा : भूस्वर्ग स्थल

सामान्यतया डाँडा उक्लेपछि सो को बाङ्गोटिङ्गो ढाड हुन्छ र त्यसपछि दाँयाबाँया भिरालो भू-भाग शुरू हुन्छ । यो सोचाइमा म रेसुङ्गा पुगें र गलत साबित भएँ । कारण तम्घासबाट हेर्दा यस्तै नै देखिन्थ्यो । माथि पुगेपछि थाहा भयो त्यहाँ त प्रशस्त फैलिएका उचो निचो फाँटिलो भू-भाग रहेछ । रेसुङ्गाको उँचो भाग २३४७ मिटरको छ । भनिएको छ र देखिन्छ – 'रेसुङ्गा क्षेत्रमा अनेकथरी बोटवृक्षहरू, वनस्पतिहरू, जङ्गली जीवजन्तुहरू र बहुमूल्य जडिबुटीहरू पाइन्छन् । रेसुङ्गा प्राकृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक विशेषताहरूले विशिष्ट छ ।' प्राचीन गन्थहरूमा त्यहाँ विभिन्न ऋषिमुनिहरूले तपस्या गरेको भनिएको छ । त्रेतायुगमा तपस्वी महर्षि ऋष्यशृङ्ग त्यहाँ आएर तपस्या गर्नु भएको र कालान्तरमा उहाँको नाम अपभ्रंश हुँदै रेसुङ्गा भनिन थालिएको हो अरे ।

विविध औषधिजन्य बोटबिरूवाहरू त्यहाँ छन् । त्यहाँ रहेका मठमन्दिर, महापोखरी, रामकुवा, यज्ञशाला, सिद्धस्थान, गोशाला, वेदशाला आदिले

पौराणिकताको अलौकिक प्रमाण दिइरहेका छन् । अग्लो स्थानबाट चारैतर्फ दृश्यावलोकन गर्न त्यहाँ एउटा 'टावर' पनि बनाइएको छ, जहाँबाट उत्तरका धवलागिरि, माछापुच्छ्रेलगायतका हिमशिखरहरू आफूभन्दा होंचा देखिन्छन् भने तम्घासलगायत पूर्व, दक्षिण र पश्चिमका अनेकन भू-भागहरू कुहिरो नलागेको बेला छर्लङ्ग देखिन्छन् ।

रेसुङ्गा राजा दशरथको पुत्रेष्टि यज्ञदेखि जोडिएको र ऋष्यशृङ्ग, स्वामी शशिधर, तपस्वी महाप्रभु लक्ष्मीनारायण, ठाकुरप्रसाद, कमलापति, यदुकानन्द जस्ता ओजस्वीहरूले तपस्या गरेको थलो मानिन्छ । २०४२ सालमा महर्षि योगी नरहरिनाथले त्यहाँ गई कोटिहोम महायज्ञ गराउनु भएपछि रेसुङ्गाको महिमामा व्यापकता थपिएको सजिलै बुझ्न सकिन्छ ।

हामी महापोखरीदेखि पूर्वतर्फ रहेको सानो रेसुङ्गातर्फ पनि पुग्यौं । जहाँ त्रेतायुगमा ऋष्यशृङ्गले तपस्या गर्नु भएको रहेछ, त्यहाँ उहाँको काल्पनिक मूर्ति स्थापित छ र हाल सो स्थानमा पकाएको नखाने फलाहारी तदर्थानन्द स्वामी योग ध्यान गरी बस्नुहुन्छ ।

हामी बिहानको केही घण्टाको समयमात्र लिएर त्यहाँ गएका थियौं । यद्यपि, हामीलाई रेसुङ्गा संरक्षण समितिका प्रमुख, शशि पन्थी र दीन पन्थीलेसँगै लिएर जानु भएकोले त्यहाँको जानकारीहरू सहजरूपमा प्राप्त भएको थियो । हामी यज्ञशालामा आफ्ना मन चढाएर रेसुङ्गा 'टावर' गयौं र त्यहाँबाट चारैदिशाको मनोरम आनन्द लुटेर पुनः यज्ञशाला फर्कंदा हाम्रो आतिथ्यमा फुल्का रोटी, जिब्रोमा राख्दा सलक्कै पग्लिने रायोको सागको तरकारी तयार थियो र हामी आल्हादित हुँदै खाजा खायौं ।

यथार्थमा रेसुङ्गा 'ऋष्यशृङ्गाश्रम' अर्थात् तपोभूमि नै रहेछ । यदि आफ्नो निर्णयले मात्र हुन्थ्यो भने, आजैबाट बाँकी जीवन त्यहीं रहेर आनन्दमा लीन हुन पाए हुन्थ्यो, मेरो मनले सो दिनभर नै कल्पिरह्यो,... । माथि चिठ्ठै पर्‍यो भनेर मैले इंकित गरेको यही रेसुङ्गा अवलोकनको कारणले नै हो ।

फर्कंदा गएकै बाटोबाट किन फर्किने भनेर जाँदा नै सार्वजनिक/सामुदायिक पुस्तकालयको सर्भेक्षण फाराम पाल्पामा धवल पुस्तकालयमा भराएर ल्याउने काम सोचिएकोमा सो दिन शनिवार परेकोले अघिल्लै दिन सम्पर्क गरी पक्का गरिएको व्यक्तिको फोन जति पटक पनि बालकले उठाउने गर्दा व्यक्ति नभेटिएर पुस्तकालय भवनलाई ढोग गरेर फर्कनु परेको थियो । बाटोमा पर्ने अन्य पुस्तकालयहरूको फाराम भरिसक्य भराएर ल्याउने योजनामुताविक तम्घासमा दुई पुस्तकालयको, पुस्तकालय आवाजका प्रकाशक/सम्पादक अर्घाखाँचीका रमेशकुमार भुसालको मावली गाउँ वाङ्लामा रहेको मोती सामुदायिक पुस्तकालय तथा

बुटवलको नवजागृति पुस्तकालयका फारामहरू भने भराइयो । बुटवलकै महावीर पुस्तकालय र भैरहवाका पुस्तकालयहरूको भने शनिबारकै कारणले सम्बन्धित व्यक्तिहरू भेट्न नसक्दा सो काम सम्पन्न हुन सकेन ।

फर्कने क्रममा अर्घाखाँचीलाई राम्ररी नियाल्न मौका दिने सोंचले हामीलाई साथै लिएर आउनुभएका श्री शशि पन्थीबाट नेटा, बाइगाउँ, अर्घातोस, बलकोटको ऐतिहासिक पौवा, मथुराबेसी, नाङ्गेठाँटी, वाङ्ला, सन्धिखर्क, फुद्‌वाङ, नरपानी, सुपादेउराली, ठाडादह, पत्थरकोट आइपुग्दा सो जिल्लालाई उत्तरबाट पूर्वी भेग हुंदै दक्षिणतर्फ चिरफार गराइएको थियो । सन्धिखर्कमा श्री पन्थीका सम्धीको घरमा जलपानको लागि केही समय विश्राममा रहँदा र सँगै रहेको 'ड्रागन फ्रुट'को खेती बारेमा छलफल चलिरहँदा हामीमध्येका रसिक साथी भोला श्रेष्ठले यो सदरमुकामको नाम गल्ती भो सच्याएर सम्धीखर्क राखौं भन्दा त्यहाँ हाँसोको फोब्बारा छुटेको थियो । यसको साथै श्री श्रेष्ठले श्री पन्थीलाई आफ्नो बिरादरी यही स्तरमा सम्हाल्न दोस्रो व्यक्ति तयार गर्न पनि सुझाएका थिए । यसरी रमाउँदै रात्रिवासको लागि हामी बुटबल आइपुगेका थियौं ।

नवजागृति पुस्तकालयका संरक्षक श्री महेश्वरप्रसाद श्रेष्ठ, श्री हिरण्यलाल ज्ञवालीलगायतसँग २०७८ मार्ग ३ र ४ गतेका दिन भएको भेटघाट छलफल अविस्मरणीय रहेको छ । नजजागृति शहरको केन्द्रमा रहेको सम्पन्न पुस्तकालयहरूमध्येमा पर्ने रहेछ । सटरहरू भाडामा लगाएर राम्रै अर्थोपार्जन हुने गरेको, सामाजिक भवन सञ्चालन गरिरहेको, वृद्धाश्रमको सेवा दिइरहेकोसमेत् कारणहरूले यस पुस्तकालयको सेवा अतुलनीय पाइयो । यद्यपि, विज्ञ पुस्तकालयाध्यक्षको अभाव भने खट्कियो । निकट भविष्यमै यस पुस्तकालयले सके राष्ट्रिय, सो नभए प्रदेश स्तरीय नगर प्रमुख, पुस्तकालय प्रमुखहरूको सम्मेलन गर्ने उहाँहरूको सोच सांच्चिकै प्रशंसनीय छ । सम्मेलन सम्बन्धमा उहाँहरूको आँटमा केन्द्रबाट सो सम्मेलन के कसरी गर्न सकिन्छ ? सोको प्रारूप र के कसो गर्दा प्रभावकारी हुन्छ जस्ता कुराहरूको खाका पठाउने र हातेमालो गर्ने प्रतिबद्धता प्रकट गर्दै उहाँहरूको आतिथ्यमै रात र बिहान सँगै रहेर हामी काठमाडौंतर्फ लागेका थियौं ।

## सन्दर्भ-सूची


१. ऋष्यशृङ्गाश्रम (चिनारी पर्चा) गुल्मी, रेसुङ्गा संरक्षण समिति

२. हाम्रो पुरुषार्थ, गुल्मी, किरण पुस्तकालय, सम्पूर्णाङ्क ९१ साउन-असोज, २०७८ ॥


***साभार : पुस्तकालय आवाज (वर्ष : १४, अङ्क : ६, पुस २०७८) बाट***

ooo

पाठक-प्रतिक्रिया

# मेरो दृष्टिमा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क–९१

म नेपालबाहिर बस्ने हुनाले तीन चार वर्षको अन्तरालमा मात्र नेपाल आउने अवसर मिल्छ । प्रत्येक पटक नेपाल आउँदा गुल्मीको सदरमुकाम तम्घासमा आमासँग बस्न आउँछु । तम्घास बस्दा सधै झैं यस पटक पनि आदरणीय श्री शशि पन्थी र दीन पन्थी सरहरूको घरमा मेरा दाजुहरूको साथमा गएर भेट्ने अवसर प्राप्त भयो । भोलिपल्ट शशि सरसँग किरण पुस्तकालयको अवलोकन गर्ने मौका मिल्यो । नवनिर्मित भवन निकै भव्य रहेछ । भवनमा रहेको पुस्ताकालयमा धेरै पुस्तकहरू सङ्ग्रहीत रहेछन् । केही समय हामी पुस्तकालयमा कुराकानी गरेर बस्यौं । यसै प्रसङ्गमा पुस्तकालयबाट त्रैमासिक रूपमा प्रकाशन भएको "हाम्रो पुरुषार्थ" पत्रिकाका पछिल्ला दुई अंकहरू -वैशाख-असार र श्रावण-असोज २०७८) आदरणीय शशि पन्थी सरले प्रेमपूर्वक दिनुभयो । म पनि " हाम्रो पुरुषार्थ" को आजीवन सदस्य बन्ने अवसर मिल्यो ।

२०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले २०३० सालदेखि हाम्रो पुरुषार्थको प्रकाशन शुरू गरेको हो । हाम्रो पुरुषार्थ वार्षिक, अर्धवार्षिक हुँदै केही वर्षयता त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ । पटक पटक विविध विशेषाङ्कहरू पनि प्रकाशित हुँदै आएका छन् । अहिलेको यो अन्तिम त्रैमासिक सम्पूर्णाङ्क ९१ हो । यस अंकमा आवरण पृष्ठबाहेक जम्मा १२८ पृष्ठ छन् । यस अंकको विषय-सूची हेर्दा कविता, कथा, लेख आदि विधा गरेर एकतीसवटा देखिन्छन् । यस अंकमा छापिएका शीर्षकहरू केलाउँदा दुईवटा अन्तरवार्ता, आठवटा लेख, र सातवटा कविताहरू समेटिएका छन् । त्यस्तै एउटा कथा र साथसाथै पुस्तकालयको गतिविधि र पूर्व प्रकाशित पुस्तकको समीक्षा पनि समावेश गरिएको छ ।

विशिष्ट व्यक्तित्व भरत जंगमज्यू र तम्घास निवासी मथुराप्रसाद श्रेष्ठज्यूका अन्तरवार्ताहरू ज्ञानवर्द्धक र प्रेरणादायी छन् । संघर्ष नै सफलताको कडी हो भन्ने सिक्न र मनन गर्न प्रेरित गर्दछन् । प्रकाशित कविताहरू सबै राम्रा छन् तथापि मेरो ध्यान भवानी न्यौपानेको 'इच्छा' कवितामा केन्द्रित भयो । सायद बालकृष्ण समको 'इच्छा' कविताको भावसँग दुरूस्त मेल खाने यो भवानीको 'इच्छा' कवितामा दोस्रो श्लोकको दोस्रो पाउमा छन्दभङ्ग भए पनि लेखकको देशप्रेम राम्रोसित छचल्किन्छ । मजस्ता विदेश पलायन हुँदै गरेका गैर आवासीय

नेपालीको मन पनि सोचमग्न गराउँछ तर विडम्बना देश हाँक्ने नेताहरूको देशप्रेम कविको जस्तो भैदिएको भए यस्ता कविताहरू लेखिराख्नु पर्ने थिएन होला ।

यसैगरी डा. शंकरप्रसाद गैरेको "समयको अभिव्यञ्ज" शीर्षकमा साहित्यकार टंक प्रसाद पन्थबारे लेखिएको लेखमा दुई शब्द टिप्पणी नगरी मेरो मनले मानेन । साहित्यकार टंकप्रसाद पन्थका आधा दर्जन कृतिहरू भए पनि एउटा कविता संग्रहको विवेचना यस लेखमा छ । उनको कविता-संग्रहमा राष्ट्रियता झल्कन्छ । अहिलेको राजनीतिप्रति तिखो प्रहार पनि गरिएको पाइन्छ । राष्ट्रियता हराउँदै गएका युवालाई सचेत गराउँदै शून्य हुँदै गएको गाउँबस्तीप्रति नेताहरूलाई सजग गराइएको छ । यस पुस्तकमा उत्तरकुमार पराजुलीद्वारा लिखित " शिक्षण सिकाइमा गीताको सन्देश" नामको लेख ४२ पृष्ठको छ । लेख निकै राम्रो छ र गीताको सन्देश पाठकमा राम्रोसँग पस्किएको छ । आधुनिकीकरणका नाममा समाज विकृत हुँदै गएको छ। आधुनिक शिक्षानीति पनि विद्यार्थीलाई नैतिक र चरित्रवान् बनाउने भन्दा पनि विदेशीको योजनामा पाठ्यक्रम बनाउने र सोही अनुरूप विदेशी संस्कार उन्मुख शिक्षाको प्रचलन बढ्दो छ । यस परिस्थितिमा यो लेखको आशय गीताको सार विद्यार्थीलाई पढाउने र व्यवहारमा उतार्न अभिप्रेरित गर्नसके हाम्रो हिन्दूसंस्कार, सभ्यता र संस्कृति जोगाउन सहयोग पुग्छ भन्ने आशयको देखिन्छ । यो यथार्थ हो । आजको हाम्रो देशका युवायुवतीको लागि आवश्यक देखिन्छ र नीति निर्माताले यो कुरा बुझेर तत्काल सही दिशामा कदम चाल्नु पर्ने देखिन्छ ।

समग्रमा यो अंकका सबै विधाका लेख, रचना पठनीय छन् । यसरी पाठकमाझ विगत ४९ वर्षदेखि हाम्रो पुरुषार्थले पाठकहरूलाई लगाएको गुनप्रति सम्पूर्ण लेखक, कथाकार, साहित्यकार र कविहरू धन्यवादका पात्र हुनुहुन्छ । लामो समयदेखि यस पुस्तकालय एवं हाम्रो पुरुषार्थ प्रकाशनका लागि अहोरात्र खटिरहने आदरणीय श्री शशि पन्थीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।


**- कृष्णकान्त पन्थी पी.एच.डी.**
प्रोफेसर : सेन्ट एड्वार्डस् युनिभर्सिटी, अस्टिन टेक्सास, अमेरिका
वैज्ञानिकः युनिभर्सिटी अफ् टेक्सास, अस्टिन, टेक्सास, अमेरिका

ooo

**सबै जना पुस्तकालयमा जाने र पढ्ने बानी बसालौं; पठन-संस्कृतिको विकास गरौं ।**

# किरण पुस्तकालयका विशिष्ट/आजीवन सदस्यको परिचय

**विशिष्ट सदस्य**



नाम : कृष्णबहादुर कुँवर
पिता/माता : स्व.टेकबहादुर कुँवर/स्व.सरस्वती कुँवर
जन्ममिति : २००९ फागुन १२ गते
ठेगाना : रेसुङ्गा नगरपालिका-३, गुल्मी
सम्पर्क नम्बर : ९८५१०४१४६७
इ-मेल : kunwarkb3&f@gmail.com
शिक्षा : एम.ए.बी.एल.
संलग्नता : भिजिटिङ्ग फ्याकल्टी मेम्बर, केन्द्रीय ग्रामीण विकास विभाग, त्रिभुवन विश्वविद्यालय (२०५७-२०७१) पूर्व उपमहाप्रबन्धक (विशिष्ट श्रेणी), कृषि विकास बैङ्क लि. तथा विभिन्न संस्थाहरू । अध्यक्ष-मानव कल्याण वृद्धाश्रम सेवा समिति ।
कृति : गरिबी निवारण, आर्थिक विमर्श, शिष्टाचार, ग्रामीण र सामुदायिक विकाससम्बन्धी नेपाली भाषामा ८ र अंग्रेजी भाषामा दुई कृतिहरूसहित विभिन्न पत्रपत्रिकामा विविध विषयका लेख-रचनाहरू प्रकाशित ।
पुरस्कार : अर्जुन स्वर्ण पदक(बी.ए.मा), गोरखा दक्षिण बाहु, चौथो २०४४, म्यानेजर अफ दी इयर २०१७, लण्डन ।
भ्रमण : भारत, थाइल्याण्ड, सिङ्गापुर, हङ्कङ, इण्डोनेशिया, फिलिपिन्स, इजरायल, जर्मनी, बेलायत, अमेरिका ।

---



नाम : हिमकला राना
पिता/माता : यमबहादुर/मीना राना
पति : ओम जि.सी.
जन्ममिति : २०४०/०९/०७
ठेगाना : रेसुङ्गा नगरपालिका-२, तम्घास, गुल्मी
सम्पर्क नम्बर : ९८४७१०४९३९
शिक्षा : एम्.ए., बी.एड्.
पेशा : शिक्षण
कार्यरत : सहायक प्रधानाध्यापक ईश्वरी माध्यमिक विद्यालय, गुल्मीदरबार, चारपाला, गुल्मी ।
पूर्व शिक्षक : सिद्धबाबा माध्यमिक विद्यालय, तम्घास, धर्मपुर माध्यमिक विद्यालय ठूलोलुम्पेक, गुल्मी ।

## आजीवन सदस्य



नाम : मुरारिविनोद पोखरेल
पिता/माता : मदन विनोद/बालकुमारी
धर्मपत्नी : उमा तिमिल्सिना पोखरेल
जन्ममिति : ८ नोभेम्बर १९५१ ई.
नागरिकता नं. : १०९३/०२२
ठेगाना : १०७'ग' हात्ती गैंडा मार्ग, पुरानो बानेश्वर, काठमाडौं ।
हाल-महालक्ष्मी नगरपालिका-४, इमाडोल, ललितपुर ।
सम्पर्क नम्बर : ९८४१२०१०७२
शिक्षा : बी.लिब.साइन्स, मैयूर
इमेल : muraripokharelegmail.com
अभिरुचि : भ्रमण
संलग्नता : नेपाल पुस्तकालय संघ, नेपाल प्रकोप पूर्वतयारी सञ्जाल (DPNet) नेपाल, नेपाल पूजा प्रतिष्ठान, बानेश्वर, काठमाडौं, उपत्यका सार्वजनिक पुस्तकालय समाज, रिड नेपालका साथै विभिन्न सरकारी र गैरसरकारी संस्थामा लामो समयदेखि संलग्न ।
कृति : पुस्तकालय र नेपाल (२०४०), तरङ्गका तरेलीहरू(२०७७) पुस्तकालय एवं सूचना विज्ञान, विपद् पूर्वतयारी एवं व्यवस्थापनसम्बन्धी लेखहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित ।

---



नाम : कृष्ण आचार्य
जन्ममिति : २०३४/१२/१०
ठेगाना : नुवाकोट, अर्घाखाँची, हाल-सन्धिखर्क
पिता/माता : मित्रलाल आचार्य/सरस्वती आचार्य
धर्मपत्नी : विद्या पन्थी आचार्य
शिक्षा : एम.बी.ए.(भारत), ए.सी.एम्.ए, सी.जी. एम्.ए(सी.आइ.एम्.ए.यू.के.)
कार्यरत : जी.एम्. - फाइनान्स निसान मोटर कर्पोरेशन, यू.ए.इ.
कार्यानुभव : (माघ२०७६-असोज २०७८)-ए.जी.एम्. फाइनान्स, निसान मोटर कर्पोरेशन, यू.ए.इ. ।

(चैत्र २०७१-पौष २०७६)- म्यानेजर फाइनान्स, निसान मोटर कर्पोरेशन,भारत

(साउन २०६५-फागुन २०७१)-ए. म्यानेजर निसान मोटर कर्पोरेशन, भारत

(जेठ २०६४-वैशाख २०६५) - एक्जिक्यूटिभ एकाउन्ट्स अर्चिड क्यामिकल्स्, भारत

(वैशाख २०६२-जेठ २०६४)- अफिसर एकाउन्ट्स, अडियो इन्डिया लिमिटेड, भारत

मोबाइल नं. : ००९७१-५२१०४७१३१

इमेल : krishnaacharya.77@gmail.com

संस्थापक : आराध्यारभ पुस्तक वृद्धि कोष, किरण पुस्तकालय, गुल्मी

---

## हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ९३७. | श्री विद्या पन्थी आचार्य | सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची । ९८४०२९२५५१/००९७१५६५५२११८० |
| ९३८. | श्री कृष्ण आचार्य | सन्धिखर्क नगरपालिका-१, अर्घाखाँची । ९८६३१९२२५०/००९७१५२१०४७१३१ |
| ९३९. | श्री कृष्णकान्त पन्थी | अस्टिज, टेक्सास, अमेरिका । ४१९३७७२६६१ |
| ९४०. | श्री गिरिप्रसाद अर्याल | रेसुङ्गा नगरपालिका-१०, तङ्नाम, सिमीचौर, गुल्मी । ९८४७१७९७३६ |
| ९४१. | श्री मोहन ज्ञवाली | बाणगङ्गा नगरपालिका-५, भ्रुण्डा, कपिलवस्तु। ९८४७१५८७५७ |

## स्थायी ग्राहक

| क्र.सं. | ग्राहकको नाम | ठेगाना |
|---|---|---|
| ६१. | राङवास माध्यमिक विद्यालय | रेसुङ्गा नगरपालिका-११, राङवास, गुल्मी । |

ooo

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |



१३८ औं लेखनाथ जयन्तीका सहभागीहरू



आधारभूत पुस्तकालय व्यवस्थापन तालिममा प्रमुख अतिथिको आसनबाट मन्तव्य व्यक्त गर्दै नगरप्रमुख डिल्लीराज भुसाल



प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेलबाट 'हाम्रो पुरुषार्थ'को सम्पूर्णाङ्क-९१ को विमोचन



श्री कृष्ण आचार्यद्वारा स्थापित आराध्यारभ पुस्तक वृद्धि कोषका लागि सन्ध्या पन्थीद्वारा रू.१,०१,८११/- रकम हस्तान्तरण



आधारभूत पुस्तकालय व्यवस्थापन तालिमको एक दृश्य



११३ औं देवकोटा जयन्ती तथा किरण पुस्तकालयको ५३ औं वार्षिकोत्सव समारोह



आधारभूत पुस्तकालय व्यवस्थापन तालिमका प्रशिक्षकहरूसँग पुस्तकालयका पदाधिकारीहरू

जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- इ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं ।
- सुत्नेबेला बालेको आगो वा हिटर निभाऔं ।
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं ।
- हवाको उचित ओहोरदोहोर हुने गरी मात्र आगो वा हिटर बालौं ।
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

## झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्छ ।

**नेपाल सरकार**

# विज्ञापन बोर्ड

सुशिला प्रिन्टर्स, गुल्मी (५२०४५०)